# नियाम-दीपनी

मूल लेखकः
अग्गमहापण्डित लेदी सयादो ड़ी. लिट्

अनुवादिकाः
नानीमैयाँ मानन्धर

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

## प्रकाशक समूह :

१) भिक्षु अनिरुद्ध महास्थविर (राजकीय बुद्ध-मन्दिर लुम्बिनी) रू. १५००।–

२) श्री पञ्चनारायण मानन्धर (क्षेत्रपाटी) रू. ४१०।–

३) श्री नन्दसिद्धि बज्राचार्य (मखन) रू. ५००।–

४) अनागारिका विरती (उपासिकाराम, किण्डोल विहार) रू. ५००।–

५) श्रीमती तुल्सीमाया (रानीपौवा) रू. ५००।–

६) श्रीमती लक्ष्मीप्रभा तुलाधर (असन) रू. ५००।–

७) श्रीमती ज्ञानशोभा तुलाधर (असन, किसि ढोका) रू. ५००।–

८) श्रीमती रत्नमाया शाक्य (लगन) रू. २००।–

९) श्रीमती तुल्सीमाया रंजितकार (लगन) रू. २००।–

बुद्ध सम्बत् : २५२७
विक्रम सम्बत् : २०४०

प्रथम संस्करण : १०००
मूल्यः ५०

थाक् :
रोजन प्रिन्टस
थँहिति, येँ
फोन : ११९५३

Downloaded from http://www.dhamma.digital

# समर्पण

## मेरी 'मां' !

-धर्म-अनुरागी, दृढ-संकल्पी, सक्षमी, त्यागी, ज्ञान-पिपासु,
ध्यान-कार्यमा उद्योगी
जुन कुनै समयमा पनि "अनिच्च" स्मरण गर्ने आदतले जीवनको
अन्तिम घडीसम्म पनि

"अनिच्च संञ्ञा", "सब्बे सङ्खारा अनिच्चा...... ।"

मेरी 'मां' को

कर्णमा धन्किदै रह्यो ।

ममतामयी, मुदितामयी, संयमी, करूणाकी प्रतिमूर्ति

मेरी 'मां' ले

२०३९, आषाढ १८ गते शुक्रवार, शुक्लपक्ष द्वादसीको दिन दिनको
१.१५ बजे नियाम-धर्म अनुरूप नश्वर देहलाई त्याग्नु भयो ।
सदाका लागि हामी सबैलाई छोडेर जानु भयो !
यस्तो आदर्शमयी हाम्रा पूज्यवर दीपंगत 'मां'

**"कृष्णमाया मानन्धर"**

को

## निर्वाण–कामना हेतु

**हामी सपरिवार यस "नियाम–दीपनी"**

**उहाँलाई सादर समर्पण**

**गर्दछौं !**

Downloaded from http://www.dhamma.digital

# विषय-सूचि


| विषय | | पृष्ठ |
|---|---|---|
| | भूमिका | क-ढ |
| | दुइ-शब्द | I-IV |
| | पञ्च-नियाम | १-२० |
| | I | |
| १) | उतु-नियाम | ३ |
| २) | बीज-नियाम | ७ |
| ३) | कम्म-नियाम | ८ |
| ४) | चित्त-नियाम | १३ |
| | II | |
| | दुइ-सत्य | २१-२७ |
| १) | सम्मुति-सच्च | २१ |
| २) | परमत्थ-सच्च | २२ |
| | III | |
| | महाकल्प | २८-३९ |
| १) | महाकल्प | २८ |
| २) | असंख्य-कल्प | ३१ |
| ३) | अन्तर-कल्प | ३४ |
| ४) | आयु-कल्प | ३५ |
| ५) | अन्तराय-कल्प | ३५ |
| | IV | |
| | चिन्तना गर्न नसकिने कुरा | ४०-५९ |


Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

१) बुद्ध-क्षेत्र ४१
२) ऋद्धिको क्षेत्र ४४
३) कर्म-फलको स्वभाव ४७

V

तीन लोक ६०–८४
१) ओकोस–लोक ६०
२) सङ्खार-लोक ६२
३) सत्त–लोक ६३
४) सङ्खार–लोकका सत्व ७४
५) सत्व–लोकका जीवन–प्रकृति ७७

VI

हेतु-प्रत्यय ८५–१०६
१) अबिद्या ८६
२) संस्कार ९०
३) विज्ञान ९१
४) नाम र रूप ९३
५) ६ आयतन ९४
६) स्पर्श ९६
७) वेदना ९७
८) तृष्णा ९८
९) उपादान ९९
१०) भव १०१
११) जन्म १०५
१२) बृद्धत्व र मृत्यु १०६

धम्म नियामको टिका ११०–१२५

Downloaded from http://www.dhamma.digital

# भूमिका

मग्गङ्ग-दीपनी, बोधिपक्खिय-दीपनी, विपस्सना-दीपनी ॐ नियाम-दीपनी पनि एक अमूल्य ग्रन्थको रूपमा हाम्रो सामु प्रस्तुत छ । यस "नियाम-दीपनी" मा बर्माका अग्गमहापण्डित लेदी सयादो डी. लिट्ले 'तथागतहरूद्वारा प्रतिपादित पाँच-नियाम धर्मलाई संग्रहित गर्नु भई चक्रवाल (ब्रह्माण्ड) र यसमा रहेका सम्पूर्ण जीवित-अजीवित चीज-वस्तुको उत्पत्ति, विकाश, स्थिरता र विनाशको क्रम के कति कारणले हुने गर्दछ' भन्ने कुरा अनेक प्रमाण दिनु भई सिद्ध गर्नु भएको छ । 'कुनै पनि सत्व, पुद्गल, स्थूल वा सूक्ष्म वस्तु कोही ईश्वर भनिएका वा ब्रह्मा भनिएकाहरूले सृष्टि गरिने होइन । अपितु ऋतु-नियाम, बीज-नियाम, कर्म-नियाम, चित्त-नियाम र धर्म-नियामको आधारमा चल्ने कुरा हुन् । यसलाई अन्यथा गर्ने शक्ति वा ऋद्धि पनि कुनै ईश्वर वा परमेश्वरमा हुने होइन' भनी स्पष्ट -संग दर्शाउनु भएको छ ।

दुइ सत्य मध्ये सम्मुति-सत्य लोक व्यवहारको लागि प्रयोग गरिन्छ भने परमार्थ-सत्य सञ्ञा-विपल्लास, चित्त-विपल्लास र दिट्ठि-विपल्लासबाट अलग गराउन र यी तिनै विपल्लासका मूल कारण अविज्जा (अविद्या) लाई निर्मूल गराउन सहायता गर्दछ ।

Downloaded from http://www.dhamma.digital

पाँच प्रकारका कल्प मध्ये असंख्य-कल्पमा संवट्ट, संवट्ट-ठायि, विवट्ट, विवट्टठायि नामक कल्पमा चक्रवाल (ब्रह्माण्ड)को उत्पत्ति, विकसित र स्थिरतामा रही अन्तमा अग्नि, जल र वायुको कारणबाट यी विश्व-ब्रह्माण्ड, चक्रवाललाई बदल्ने र बिगार्ने गर्दछ ।

जब जब मानिसमा अनैतिकताको वृद्धि हुँदै जान्छ अनि बिस्तारै असंख्य आयु भएको मानिसको आयु घट्दै गई अन्तमा दश वर्ष मात्र आयु भएको हुन्छ । फेरि नैतिकताको वृद्धि हुँदै गएमा मानिसको आयु दश वर्षदेखि वृद्धि हुँदै साह्रै लामो आयु भएका हुन्छन् ।

शस्त्रन्तर, दुर्भिक्षन्तर र रोगन्तरका कारणले अन्तराय-कल्पको आरम्भ हुन्छ । यस विषयमा एक ब्राह्मणको प्रश्नोत्तरमा भगवान बुद्ध भन्नुहुन्छ– "ब्राह्मण, किनभने मानिसहरू अनैतिक आचरणमा लागेका छन्, लोभले दग्ध भई 'मिथ्या-आदर्शका शिकार' छन्; तिनीहरू तीक्ष्ण भालाले एक अर्कालाई मार्दछन् । यही मुख्य कारण हो, यही हेतु हो कि मानिसहरू घट्दै जान्छन्.....। ब्राह्मण, अर्को पनि कारण छ, जसले नैतिकतालाई भ्रष्ट गर्दछन्, तिनीहरूको निमित्त चाहिने मात्रामा पानी पर्दैन र अनिकाल पर्दछ; जसको परिणाम स्वरूप धेरै मानिस मर्दछन् ।"

–(पृष्ठ ३५, ३६)

Downloaded from http://www.dhamma.digital

बुद्ध-विषय, ध्यान-विषय, कर्म-विपाक र लोक-चिन्ता —यी चार चिन्तना गर्न नसकिने कुरा हुन्। बुद्ध-विषय अचिन्तेनीय भए झैं ध्यान-विषय पनि चिन्तनाको परिधिबाट बाहिर पर्दछ। कारण ध्यानी पुद्गलले आफ्नो दिव्य-शक्ति-द्वारा देव-लोक, ब्रह्म-लोक, अपाय-लोक अरु चक्रवालको सीमान्तलाई पनि पार गर्दछ र दिव्य-चक्षु, दिव्य-श्रोत्रको बल-द्वारा टाढा टाढाका चीज-वस्तु देख्न र शब्द सुन्न सक्दछ। पर-चित्त ज्ञानबाट अर्काको मनको कुरा जान्दछ र पूर्वेनिवासानु-स्मृतिद्वारा सयौं, हजारौं, लाखौं जन्म पहिलेका कुरा त के अनेक संवट्ट र विवट्ट कल्पका ज्ञान समेत स्मरण गर्दछ। आश्र-वक्षय-अभिज्ञा प्राप्त भएपछि मैत्री, करूणा, मुदिता, उपेक्षा नामक ब्रह्म-विहारमा रही प्राणीको हित-सुखको निमित्त मात्र उसले आफ्नो जींवन व्यतीत गर्दछ।

कर्म-विपाकको क्रममा: वर्तमान जीवनकालमा भोग्ने फल र मृत्यु पश्चात् भोग्ने फलको अतिरिक्त पुद्गलले आफू-लाई असर पार्ने र अरूहरूलाई असर पार्ने कुराको सन्दर्भमा: अकुशल पक्षमा– "नालिकेर राजाले पाँच सय तपस्वीहरूलाई कष्ट दिएकोले उसको कर्म-बिपाक परिपक्व हुने बेलामा सम्पूर्ण राज्य नष्ट भएको कथा र अरू यस्तै सम्बन्धित कथा-

Downloaded from http://www.dhamma.digital

हरू लिन सकिन्छ" —(पृष्ठ—४९)। कुशल पक्षमा— "भिक्षुहरू, यो नियम हो कि बोधिसत्व तुषित-भूवनबाट पतन भई आमाको गर्भमा प्रवेश गर्दा स्वर्ग-लोक सहित यस संसारमा अनन्त उज्वल ज्योति पुञ्ज व्याप्त हुन्छ र त्यसपछि दश हजार लोक-धातु कम्पित, प्रकम्पित र दोलायमान हुन्छन्।"

—(पृष्ठ-५०)

"भिक्षुहरू, बहुजन हितको लागि, बहुजन सुखको लागि, लोकलाई अनुकम्पा गर्नको लागि आफ्नो र देव-मनुष्यको हितको लागि कुनै पुद्गलको जन्म हुन्छ। भिक्षुहरू, बहुजन अहितको लागि, बहुजन असुखको लागि, बहुजनलाई कष्ट दिनको लागि, देव र मनुष्यको अहितको लागि कुनै पुद्गलको जन्म हुन्छ।"

—(पृष्ठ-४९)

काय, वाक, चित्तद्वारा पुद्गल सीमान्त सम्म पापी भयो भने उसको कर्म-विपाकको कारणबाट यस महापृथ्वीलाई पनि अतिक्रमण गरी चन्द्र, सूर्य र ताराको ग्रह-कक्ष सम्म पनि ध्वष्ट पारी सम्पूर्ण शून्य आकाश र जीव-जगतका वृक्ष, आदिलाई विनष्ट गर्दछ। भनिएको छ— "भिक्षुहरू, राजा र राजकुमारहरू अन्यायी भयो भने, त्यस्तै ब्राह्मण र गृहस्थहरू

Downloaded from http://www.dhamma.digital

अन्यायी भयो भने र त्यसरी नै गाउँ र शहरहरूका मानिसहरू अन्यायी भयो भने चन्द्र, सूर्य, तारा र ग्रहहरू अनियमित रूपले घुम्दछ। त्यस्तै राजा र राजकुमारहरू न्यायी भयो भने, त्यस्तै ब्राह्मण, गृहस्थ, आदि पनि न्यायी भयो भने चन्द्र, सूर्य, तारा र ग्रहहरू नियमित रूपले घुम्दछ।"

–(पृष्ठ-५१)

यी मानिसको सामूहिक कर्म-फलको प्रभाव हुन्। यस प्रकारका कर्म-फलले सम्पूर्ण चक्रवाल (ब्रह्माण्ड) र जीव-जगतमा समेत असर पार्दछ।

"तीन लोक– ओकास-लोक, संस्कार-लोक र सत्व-लोक मध्ये सत्व, प्राणी र वस्तुको अस्तित्व रहने ठाउँलाई ओकास-लोक भनिन्छ। मनुष्य र अन्य प्राणी र वस्तुको सम्बन्धमा महापृथ्वी, ओकास-लोक हो। यसमा महासागरहरू छन् र चारै तिरबाट यस महापृथ्वीलाई चक्रवाल- पर्वतले घेरिएको छ। यस महापृथ्वीको मध्य भागमा सुमेरु-पर्वत पर्दछ। यसलाई सप्त-पर्वत मालाले घेरिएका छन् र प्रत्येक पर्वतको बीचमा "सीता" नामक समुद्र बहेको छ। साथै यसमा चार महाद्वीपहरू र अरू अनेक सान-साना द्वीपहरू छन्। छ देवलोक र बीस ब्रह्म-लोक ठाडो भई स्थित छन्। यस प्रकारको लोकलाई ओकास-लोक अर्थात् चक्रवाल भनिन्छ। यस्तै प्रकारका अरू सान-साना

Downloaded from http://www.dhamma.digital

चक्रवालहरू यस चक्रवालको आठै दिशामा अनगिन्ति छन्....। नारकीय सत्वको सम्बन्धमा नरक ओकास-लोक हो।"

—(पृष्ठ-६१)

संस्कार शब्दमा वनस्पतिमा: रूख, लहरा, झाङ्ग, झार-पात आदि; धातुहरूमा: सुन, चाँदी, आदि; प्रकृतिमा रहेका सबै उपभोग्य वस्तु: घर, रथ, बग्गि आदि र अन्तमा स्कन्ध, आयतन, धातु, आदि समावेश छन्।

सत्व-लोकमा नारकीय-सत्वदेखि लिएर जनावर, भूत, राक्षस, मनुष्य, देव, ब्रह्मा, जल-चर, थल-चर, गगन-चर, अण्डज, जलाबुज, संसेदज, विनिपातिक,ओपपातिक, आदि सम्पूर्ण प्राणी समावेश हुन्छ।

यी सबै लोकहरू कार्य-कारणको नियममा आधारित भई नियाम अनुसार चल्दछ। त्यसैलाई संसार भनिन्छ। यो महापृथ्वी, पर्वतराज सुमेरु, सप्त-पर्वत, चक्रवाल पर्वत, आदि सबै सीत-तेजो र उण्ह-तेजोको संयोगबाट परिपक्व भई उत्पत्ति, वृद्धि, विकसित, स्थायी, जडत्व र विनाश हुने स्वभावको हुन्छ; जसमा अरू भन्दा तेजो-धातुको प्रभाव शक्ति बढी हुन्छ।

वास्तवमा, संसारमा देखिएका अनन्त प्रकारका आ-

Downloaded from http://www.dhamma.digital

कार, आदिमा विविध प्रकारका धातु भिन्न-भिन्नै हेतु-बद्ध भएका हुन्छन् । यस प्रकारका नियम-बद्धता र अन्य धातुका ज्ञान-क्षेत्र पूर्ण रूपमा थाहा पाउँने समर्थ केवल सर्वज्ञ बुद्धमा मात्र हुन्छ । यी विविध प्रकारका धातुका नियम थाहा नभए-काहरूले ईश्वरको मुख ताक्दछ । साँचै भन्ने हो भने "ईश्वर" नामक कोही व्यक्ति विशेष छैनन् । केवल धातु मात्र हुन् । "ईश्वर" केवल काल्पनिक शब्द मात्र हो ।"

-(पृष्ठ-७०)

यस ग्रन्थमा प्रतीत्य-समुत्पादलाई धर्म-नियाममा लिङ्-एको छ र भनिएको छ- "चार आर्य-सत्यको अवबोधतालाई ज्ञानको अवबोधता भनिन्छ । अर्थात् 'अविद्या साँचै कै विद्याको उल्टो हो' भनो ज्ञात भएमा जान्न योग्य अपरिवर्तन चार आर्य-सत्यलाई नजान्नु अविद्या हो ।"

-(पृष्ठ-८९)

अविद्याको प्रत्ययले संस्कार बन्न जाने मूल कारण चार आर्य-सत्यलाई नबुझ्नु; जसबाट तीन प्रकारका विपल्लास वृद्धि हुने बेलामा काम-तृष्णा नामक क्लेश पनि वृद्धि हुन गई वर्तमान अथवा भावी जीवन गति बन्दछ । यसरी अविद्याको प्रत्ययले संस्कार बन्दछ ।"

-(पृष्ठ-९१)

Downloaded from http://www.dhamma.digital

तृष्णा लोलुपता अर्थात् हैरानी र वस्तु प्राप्तार्थ चिन्ताग्रष्ट अवस्थालाई लिइन्छ । यसरी रूप, शब्द, गन्ध, रस, स्पर्श र मनको वस्तु (धर्म) को निमित्त तृष्णा उत्पन्न हुने गर्दछ । र यसबाट ठूलो दुःख, हैरानी भोग्नु परे पनि र अनेक अकुशल विपाकको सामना गर्नु पर्ने भएता पनि उपादान अर्थात् ग्रहण गर्ने स्वभावको हुन्छ; जसबाट भवको प्रादुर्भाव हुन्छ । भव हुनाले जाति, जरा, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य, उपायास उत्पन्न हुन्छ । यसरी दुःख-स्कन्धको क्रम-बद्धता चलिरहने हुन्छ ।

प्रस्तुत पुस्तक "नियाम-दीपनी" आकारमा सानो भएता पनि यसमा वर्णन गरिएका कुरा बुझ्न सजिलो होला जस्तो लाग्दैन । यसमा रहेका नियाम-धर्मका कुरा विशेषगरी धर्मनियामका कुरालाई बुझ्न सहायक होला कि भन्ने लक्ष्य लिई श्रीमती रिस् डैविड्स् (MRS. RHYS DAVIDS) को प्रश्नको उत्तरको सिल् सिलामा लेदी सयादोले व्याख्या गर्नु भएको "धम्म-नियामको टिका" (NOTE ON DHAMMA-NIYAM) लाई पनि अनुदित गरी दिएको छु ।

यसमा मनुष्य-लोक र देव-लोकमा यस लोक, चक्रवाल वा ब्रह्माण्ड ईश्वर-निर्मित् (इस्सर-कुत्त), ब्रह्म-निर्मित् (ब्रह्म-कुत्त) भन्ने मिथ्या धारणालाई हटाउन तथागतहरू द्वारा

Downloaded from http://www.dhamma.digital

प्रतिपादित पाँच नियामका कुरा उल्लेख गर्नु हुँदैः कार्य-कारण (प्रतीत्य-समुत्पाद) मा आधारित धर्म-नियामका कुरा निदान वर्ग-संयुक्त, आहार-वर्ग, दश-सूत्र अनुसार– "जातिपच्चया, भिक्खवे ! जरामरणं उप्पाद वा तथागतं अनुप्पाद वा तथागतं, थिता 'वा सा धातु, धम्मत्थितता, धम्म-नियामता, इद पच्चयता...... ।" अर्थात् भिक्षुहरू, तथागत उत्पन्न भए पनि उत्पन्न नभए पनि यस धम्म-नियामता रहन्छ; यस कार्य-कारणको आपसी सम्बन्ध-को स्थिरता रहन्छ.....।" भनी उहाँले प्रमाण सहित व्याख्या गर्नु भएको छ ।

–(पृष्ठ-१११)

ईश्वर को हुन् ? ब्रह्मा कस्ता हुन्छन् ? यी ईश्वर-वाद र ब्रह्म-वाद कसरी बशंजः मानव-मस्तिकमा कुँदिएका हुन् ? यो हामीले यथार्थतः सोच्ने बेला आएको छ ।

"......महाब्रह्मा (ईश्वर) ले हजारौं लोक-चक्रमा आफ्नो प्रभापूर्ण तेजले व्याप्त पार्न सक्तछ । उक्त लोकहरूमा देख्न, सुन्न, जान-आउन सक्तछ । अलौकिक ऋद्धि चमत्कारबाट आफ्नो वा वाह्य बस्तु एकबाट अनेक रूपाकारमा ढाल्न सक्तछ । तर ती सबै दृश्य छाँया स्वरूप मात्र हुन् । उनले ऋद्धि-शक्ति खिचेर लिने बित्तिकै ती सबै अल्पिन्छन् र गायब हुन्छन् । ऋद्धि-शक्ति खिचेर लिए पनि नअल्पिने एक प्राणी

Downloaded from http://www.dhamma.digital

वा वस्तुको त के कुरा एउटा घाँसको पात सम्म पनि सृष्टि गर्न सक्दैन । अतः उनको प्रदर्शन अस्थायी, असार, असत्य, झुठ, कृत्रिम र काल्पनिक मात्र हुन् । किनभने धम्म (स्वभाव) को उत्पत्ति प्राणधारी प्राणीको अस्तित्व वृक्ष-बिरुवाको वृद्धि अलौकिक सृष्टि वा शक्तिको क्षेत्र भित्र रहने होइन बल्कि धम्म-नियाम, कम्म-नियाम, बीज-नियाम, आदि नियाम-धर्ममा आधारित रहन्छन् ।.....गर्मी, वर्षाद् र ठण्डी ऋतुको परिवर्तन उतु-नियामको प्राकृतिक नियमबाट हुन्छ, ऋद्धिबाट हुने होइन । धम्म-नियामको कुरा लिइएमा: महाब्रह्माले चाहेको खण्डमा हजारौं मानिसको वर्तमान जीवनलाई स्वर्गमा पुऱ्याइदिन सक्छ । तर उनले तिनीहरूलाई त्यहाँ वृद्धत्व र मृत्युमा पुऱ्याउन सक्दैन; न तिनीहरू मृत्यु हुन लाग्दा त्यसबाट बचाउन नै सक्छ; न खस्न लागेको वा दुर्गतिमा पतन हुन लागेकोलाई रोक्न नै सक्छ । किनभने पुद्गलको सम्बन्धमा नाम-रूप स्कन्ध जाति, जरा, मरण नामक धम्म-नियाममा आधारित रहन्छ । मानिस वा अरू कुनै प्राणीको मृत्यु पश्चात् उनले (ब्रह्माले) तिनीहरूलाई स्वर्गमा जन्म लिन लगाउन सक्दैन । किनभने मृत्यु पश्चात् नयाँ भूमिमा नयाँ जन्म लिने कार्य ऋद्धिको क्षेत्र भित्र पर्दैन । बरु यो कम्म-नियामको क्षेत्र भित्र पर्दछ ।"

—(पृष्ठ-११८,११९)

Downloaded from http://www.dhamma.digital

अग्गमहापण्डित लेदी सयादोका सयौं 'दीपनीहरू' मध्ये प्रस्तुत "नियाम-दीपनी" "मग्गङ्ग-दीपनी" र 'बोधिपक्खिय-दीपनी" पछिको मेरो तेस्रो अनुदित 'दीपनी' हो। यस पुस्तकमा प्रयोग गरिएका कुनै कुनै क्लिष्ट अंग्रेजी शब्दका अर्थ ठीकसंग व्यक्त गर्न नसकिने अनुभव गरी नेपालमा बौद्ध विद्वान कहलिएका श्री अयोध्या प्रसाद प्रधानजीलाई विनम्र अनुरोध गर्दा उहाँले आफ्नो अमूल्य समय दिनु भई संशोधन जस्तो कठिन कार्यमा मैत्रिपूर्ण सहयोग गर्नु भयो। त्यतिमात्र होइन; उहाँले 'पालि वाङमयमा अभिधर्मको कहिले कहाँदेखि शुभारम्भ भयो' भन्ने कुरा छर्लङ्ग्याउनु हुँदै यसको महत्ता र विशुद्धतामा ऐतिहासिक प्रमाण सहितका विद्वतापूर्ण "दुइ शब्द" लेखी दिनु भई यस पुस्तकको महत्व बढाई दिनुभई ठूलो सहयोग गर्नु भयो। अत: उहाँको पवित्र सहयोग र सहानुभूति प्रति म श्री प्रधानजीलाई हृदयदेखि कृतज्ञता ज्ञापन गर्दछु।

यस पुस्तकका मूल लेखक अग्गमहापण्डित (भद्दन्त ञाण महास्थविर) लेदी सयादोको ऋणी त म छँदै छु। साथै "नियाम-दीपनी" पालिका अनुवादक बेनी एम. बरुवा, डी. लिट्., एम. ए. (BENI M. BARUA. D. LITT., M. A) तथा भद्दन्त ऊ ञाण पथमज्य (VEN. U NYANA. PATAMAGYAW) का अंग्रेजी अनुवादबाट प्रस्तुत

Downloaded from http://www.dhamma.digital

पुस्तक राष्ट्रिय भाषा नेपालीमा अनुदित गर्ने मौका पाएँ । अतः उहाँहरूलाई हार्दिक आभार व्यक्त गर्दछु ।

धेरै समयसम्म "THF MANUALS OF BUDDHISM" पुस्तक हेर्न दिई राख्नु भएकोमा श्रद्धेय भिक्षु सुमङ्गल पनि धन्यवादका पात्र हुनुहुन्छ ।

यस पुस्तक अनुवाद गर्नमा समयको स्वतन्त्रता दिने पूज्यवर पिताजी श्री पञ्चनारायण मानन्धरलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै भाइहरू र परिवारका अन्य सदस्यहरूलाई 'साधुवाद' छ ।

समयमा नै छपाई कार्य टुङ्गयाई दिएकोमा 'रोजन प्रिन्टर्स' लाई धन्यवाद ।

यस पुस्तक प्रकाशनार्थ पहिले नै श्रद्धापूर्वक अर्थ सहयोग गर्नेहरूमा: श्रद्धेय भिक्षु अनिरूद्ध महास्थविर, पूज्यवर पिताजी श्री पञ्चनारायण मानन्धर, श्री नन्दसिद्धि बज्राचार्य अनागारिका विरती, श्रीमती तुलसीमाया (रानीपौवा), श्रीमती लक्ष्मीप्रभा तुलाधर, श्रीमती ज्ञानशोभा तुलाधर, श्रीमती तुल्सी माया रंञ्जितकार, श्रीमती रत्नमाया शाक्य सबै चन्दा दाताहरूलाई मेरो हृदयदेखि 'साधुवाद' छ । 'फेरि फेरि पनि यस्तो धर्मदान कार्यमा अघि बढ्न सकोस्' भनी "मङ्गलमय कामना" गर्दछु ।

Downloaded from http://www.dhamma.digital

प्रस्तुत पुस्तक "नियाम-दीपनी" "अंग्रेजी इडिटोरियल बोर्ड, युनियन बुद्ध-सासन काउँसिल, गवाई, रंगुन, बर्मा–१९६५ (EDITED BY THE ENGLISH EDITORIAL BOARD UNION BUDDHA SASAN COUNCIL, KABA-AYE, RANGOON, BURMA-1965) बाट अनुदित गरेको छु ।

यसमा भएका कुनै कुनै पालि शब्दहरू संस्कृतमा उतार्दा अलि अमिल्दो र अप्ठेरो जस्तो देखिएको र विशेषगरी 'बुद्ध कालीन जन-भाषा (मागधी) पालिका मूल शब्द अविच्छिन्न रूपमा यथावत् नै कायम रही रहोस्' भन्ने उद्देश्य लिई ती मूल शब्दहरू पालिमा नै उद्धृत् गरेको छु ।

तर पनि भाषाको अल्पज्ञता र बुद्ध-धर्म सम्वन्धी गम्भीर ज्ञानको अनभिज्ञताको कारणले यसमा अनेकन कमजोरीहरू र 'जति परिश्रम गरी प्रुफ हेरें' भने पनि छपाई सम्बन्धी टुट्-फुट्का त्रुटिहरू नहोला भन्न सकिन्न । पाठक-वर्गले यस पुस्तकमा हुन गएका सबै त्रुटी र कमजोरीहरू मलाई नै पन्छाउनु भई "ईश्वर-निर्मित", "ब्रह्म-निर्मित्" जस्ता परम्परागत मिथ्या धारणालाई तिलाञ्जली दिई "अत्ताहि अत्तनो नाथो–अत्ताहि अत्तनो गति" भन्ने उक्तिलाई हृदयङ्गम गरी 'नियाम-

Downloaded from http://www.dhamma.digital

धर्ममा आधारित सत्य, तथ्य, यथार्थ आर्य-धर्ममा सही रूपले अघि बढ्न सकुन् !' समस्त पाठक वर्गमा-यही मेरो मङ्गल कामना छ !' अस्तु

"निब्बानस्स पच्चयो होतु !"

१२/५५६, क्षेत्रपाटी,
काठमाडौं, नेपाल।
आषाढ ८, २०४० —नानीमैयाँ मानन्धर
(द्वादसी)

Downloaded from http://www.dhamma.digital

# दुइ शब्द

पालि वाङमय त्रिपिटकमा अभिधर्मको सर्वोपरि स्थान छ। भनिन्छ कि अभिधम्मको प्रवचन भगवान् बुद्धले सर्वप्रथम देवलोकमा गर्नु भयो। उहाँका अग्रगण्य शिष्य सारिपुत्त (शारिपुत्र)ले यस प्रवचनलाई श्रोतबाट प्राप्त गर्नु भयो। शिष्य परम्पराबाट यस ज्ञानको अध्ययन-अध्यापन काम चल्दै बर्मा (ब्रह्मा)मा अझै पनि यो क्रमको बलियो थलो हुन आएको छ। मूल वा मुख्य आधार पालि बाङमय नै हो; त्यसलाई राम्ररी हृदयङ्गम गर्ने उपाय, बुद्धघोष आचार्यद्वारा अनुवादित अट्ठकथा (अर्थकथा, भाष्य) संकलित वा सृजित रचित विसुद्धि मग्गो, (विशुद्धिमार्ग) को अध्ययन हो। तैपनि स्थान स्थानमा अझ सरल अर्थको आवश्यकता पाठकलाई महसूस नै हुन्छ।

बर्माका अग्ग (अग्र) महापण्डित भद्न्त (१८४६–१९२३ ईस्वी सन्) महास्थविरद्वारा विरचित कतिपय टीका र दीपनी सुप्रसिद्ध छन्। तीनमध्ये दि म्यानुयल्स अफ् बुद्धिज्म, (बौद्ध धर्मका पुस्तिका, १९६५ ई. रंगून, बर्मा)मा सातबाट दीपनीका अंग्रेजी-अनुवाद समाविष्ट छन्। यिनैको नेपालीकरण गर्ने प्रयास अनुबादिकाले यस प्रस्तुत ग्रन्थमा गर्नु भएको छ। अवश्य नै यस्तो प्रयास प्रशंसनीय छ। मूल दीपनीकारको

Downloaded from http://www.dhamma.digital

बर्मी अथवा पालि ग्रन्थ उपलब्ध छैन, हाम्रा सामु केवल अंग्रेजी अनुवाद छ। यसबाट पालिसंग मिल्दा जुल्दा नेपाली अनुवाद पाठक-समक्ष ल्याउने कार्य कठिन मात्र कहै लाग्दछ।

'सर्व दर्शन संग्रह' (माधवाचार्यकृत) को बौद्ध दर्शन सम्बन्धी सार-कथन कति अपर्याप्त छ, त्यो तथ्य यसमा लिखित 'प्रतीत्य–समुत्पाद' (पालि पटिच्च-सम्मुप्पाद) को अध्ययनबाट पनि स्पष्ट हुन सक्तछ। प्राच्य दर्शन कठिन छ र त्यसलाई छोटकरीमा बताउन सकिदैन पनि। त्यस भन्दा कठिनतर छ, बौद्ध थेरवादी धर्मलाई दर्शनको सार-कथन रूपमा प्रस्तुत गर्नु। 'अधिधम्म' (अभिधर्म) धर्मस्कन्धका तत्त्वहरूको विश्लेषण र वर्गीकरण द्वारा व्यक्त गरिएको छ। यस क्रमको अनुशीलन-बाट उच्छेदवाद' र 'शाश्वतवाद' दुबै वाद 'अभिधम्म' लाई मान्य छैन भन्ने तथ्य कारण सहित स्पष्टिन्छ।

'धम्मनियाम' (मूल तात्त्विक नियम) को सन्दर्भमा अनुवादिकाले बौद्ध धर्मको दार्शनिक तत्त्वलाई नेपालीकरण गरी सम्झाउने प्रयत्न गर्नु भएको छ। मूल दीपनीकारले सुत्तहरूको आधारमा यस 'नियाम' लाई 'प्रतीत्य समुत्पाद' मा लागू गराउनु भएको छ, जो कुरा अट्ठकथामा अथवा 'विसुद्धिमग्गो' मा सोझै भनिएको छैन। 'अट्ठसालिनी' (धम्म संगणि-अट्ठकथा) मा

Downloaded from http://www.dhamma.digital

'धम्म-नियाम' लाई बोधिसत्त्व र बुद्धको अलौकिक चमत्कारिक धर्ममा लिइएको छ। यसै कारणलाई दर्शाई, विदुषी श्रीमती सी. ए०एफ्० रिस् डेविड्स्ले (उक्त म्यानुयल्सको पाना १३४-१३५मा) त्यस कुराभा विरोधात्मक पत्र पनि लेखेकी थिइन्।

उक्त अंग्रेजी विरोध-पत्रको बर्मी अनुवाद पाउनु भए पछि महास्थविरले सविस्तर खुलासा लेख्नु भएको उत्तरको अंग्रेजी अनुवाद (उक्त म्यानुयल्सका पाना १३६-१४०मा) पढ्नाले महास्थविरको गहिरो विचार र चिन्तन स्पष्टिन्छ, जो श्रीमती रिस् डेविड्स्ले सधन्यवाद स्वीकृत गरेकी छिन् (प्रत्युत्तर पाना १४० को अन्त्यमा)।

यस लेखापढीबाट पनि प्रकट हुन्छ कि बौद्धदर्शनको राम्रो अध्ययन गर्न चाहने पाठक बर्गले 'अभिधम्म' को ज्ञान हासिल गर्नु पर्दछ। केवल सार-वचन खोजेर काम चल्दैन। यस कारण पनि प्रस्तुत ग्रन्थ उपादेय छ र यसका लागि अनुवादिका प्रशंसाकी पात्री छिन्। विषय दार्शनिक हुनाले, अंग्रेजी लेख पनि त्यति सरल र सुबोध प्रतीत हुँदैन; झन् त्यसै लेख-को नेपाली भाषान्तर हुँदा, त्यस भन्दा राम्रो गर्नु त सकिँदैन: तैपनि अनुवादिकाले 'बुझिन कठिन नहोस्' भनी सक्दो परिश्रम गर्नु भएको छ।

Downloaded from http://www.dhamma.digital

यस दीपनी-संग्रहको एउटा विशेषता छ उदाहरण। यसमा आएका कतिपय उदाहरण नवीन खालका छन्, जो पालि ग्रन्थमा दिइएका छैनन्। नयाँ उदाहरणको क्षेपणले ग्रन्थको प्रामाणिकता माथि कुनै प्रभाव परेको छैन। माथि उल्लेख गरिएको पत्रोत्तरबाट यति कुरा त सजिलै विदित होला कि यस संग्रह माथि श्रीमती रिस् डेविड्स् समान बिख्यात बिदुषीको पनि सहमति छ र 'नियाम--दीपनी' को अंग्रेजी अनुवादको सम्पादन उहाँले गर्नु भएको थियो।

अन्त्यमा प्रस्तुत ग्रन्थलाई यसरी लगनशीलता साथ सम्पन्न गर्नु भएकोमा अनुवादिका महोदया समक्ष आफ्नो सौहार्दपूर्ण बधाई ज्ञापन गर्दछु। साथै, पाठक वर्ग समक्ष पनि निवेदन गर्दछु, कि पालि संस्कृत अंग्रेजी आदिको, नेपालीकरण हुँदै पनि धर्मको अध्ययनमा कुनै फरक पर्दैन। वस्तुतः पालि वाङमयलाई पनि बुझेर पढ्दा, हामी आफ्नै भाषामा बुझने गर्दछौं, अरू कुनै देव-दानवको भाषामा होइन। भाषा एउटा माध्यम हो; भगवान्को प्रवचनलाई कुनै माध्यमले हाम्रो सामु प्रस्तुत गर्दछ भने हामीले श्रद्धा र भक्ति पूर्वक त्यस प्रवचनको स्वागत गर्नु पर्दछ।

अस्तु।

काठमाडौं —अयोध्या प्रसाद प्रधान

चैत्र ५, २०३९

Downloaded from http://www.dhamma.digital

# नियाम-दीपनी

## प्रथम परिच्छेद

## पञ्च-नियाम

उनी भगवान अर्हत् सम्यक् सम्बुद्धलाई नमस्कार !
धर्मलाई नमस्कार, संघलाई नमस्कार !!
गुरुहरूलाई नमस्कार !!!
उहाँहरू सदा मेरो अगाडि होउन् र मलाई सहयोग गरुन्।

"नियाम धम्म संसिद्धं,
नियाम धम्म देसकं,
नत्वा नाथं करिस्सामि,
सुभं नियाम दीपनी।"

अर्थ– अनेक असंख्य[1] कल्पसम्म दश पारमी दश उप-पारमी, दश परमत्थ-पारमी– यी तीस पारमी पुऱ्याउने धर्म-नियामलाई परिपूर्ण गर्नु भएका, बुद्ध-भाव कृत्यलाई पूर्ण गर्नु भएका, प्रतीत्यसमुत्पाद, आदि नियाम-धर्मलाई देशना गर्नु भएका भगवान बुद्धलाई नमस्कार गरी स्वभाव युक्तिले पूर्ण भएको प्रकाश फैं प्रज्वलित यस "नियाम-दीपनी" लाई लेख्दछु।❀

---

[1] पालि: असंख्यय्य।

❀ बर्मिज "नियाम-दीपनी" बाट उध्दृत्।

Downloaded from http://www.dhamma.digital

'लोक-नियाममापूर्ण भएको' भन्नुको अर्थ हो, बुद्धभाव कृत्यलाई पूर्ण गर्नु भएका बुद्धहरूले बुद्धत्व प्राप्त गर्ने अवस्थामा यी लोक-नियाम धर्महरू समावेश हुन्छन्। यी नियमहरूले बोधिसत्वहरूलाई दश पारमिताका तीन अङ्ग पञ्च महापरित्याग, तीन चर्य्या र आखिरी दिनमा बोधि-मण्डपको दृढ आसनमा आनापानको समाधि-ध्यानद्वारा हेतु प्रत्ययको नियम, पुद्गलको पञ्च-स्कन्धको उत्पत्ति-विनाशको ज्ञानले बुद्धत्व प्राप्त गराउँछ। यी कारणहरूद्वारा बुद्धहरूले बुद्धत्व प्राप्त गर्ने हुनाले बुद्धहरूका निमित्त यी कुराहरूलाई लोक-नियाम भनिन्छ। 'बुद्धहरूले बुद्धत्व प्राप्त गर्ने कुनै अवसर अथवा आकस्मिक घटना होइन' भन्ने सङ्केत यसबाट हामी पाउँदछौं।

'नियम (धर्म) कसले सिकाएको'- भगवान बुद्धले सिकाउनु भएको हो र यस लोक-नियाम धर्मलाई प्रकाश पार्नु हुँदै यसलाई पाँच प्रकारले दर्शाउनु भएको छ।

पाँच नियाम निम्नानुसार हुन्-

(१) उतु-नियाम　　(ऋतु-नियाम),
(२) बीज-नियाम　　(बीज-नियाम),
(३) कम्म-नियाम　　(कर्म-नियाम),
(४) चित्त-नियाम　　(चित्त-नियाम) र
(५) धम्म-नियाम　　(धर्म-नियाम)।

Downloaded from http://www.dhamma.digital

(१) **उतु-नियाम***— उत्पन्न नभएकोलाई उत्पन्न हुने स्थितिमा पुऱ्याउने, अङ्कुरित नभएकोलाई अङ्कुरित गराउने, अङ्कुरित भएकोलाई प्रगति पथमा लैजानेलाई 'उतु' भनिन्छ।

यो के हो ? यो 'तेजो' नामक अग्नि-धातु हो। केवल यो तेजो-धातुको प्रारम्भिक अवस्था हो। यस सम्बन्धमा रूपका चार 'महाभूत' (महा-धातु) लाई लिउँ।

यी प्रत्येक धातुका तीन अवस्था छन्। पहिलो सार धातु "पथवी" भन्नाले यात (i) त्यो निरन्तर रूपले 'बढने धातु' परिवर्तन योग्य र लच्कने भनी हामी थाहा पाउँदछौं। यसले अरू तीन अवस्था— आपो, तेजो, वायुको आधार लिई अथवा (ii) नरमपन (soil) अथवा (iii) कडापन (Rock) मा रही कार्य सम्पादन गर्दछ। दोस्रो सार धातुको स्वभाव-धर्म जोड्नु हो, तर जोड्ने वस्तुको अभावमा कसरी जोड्ने न तेस्रो सार धातुमा खाद्य र बल्ने वस्तु विना तेजो-धातु हुन सक्तछ। न चौथो सार (धातु) वहने ठाउँको अभावमा वहन सक्तछ। यसकारण जुनसुकै रूप-धातु लिइएमा— आपो, तेजो वा वायुको अणु मात्र प्रमाणमा पनि— पथवी नामक धातुले ती सबैको 'आधार' स्वरूप कार्य सम्पादन गरी ती सबै धातु-

---

* अभिधम्मत्थसङ्गह (cf. Compendium of philosophy 161 n[4])

Downloaded from http://www.dhamma.digital

लाई थामि राख्दछ ।

दोस्रो सार धातु 'आपो' भन्नाले यात (i) त्यो निरन्तर रूपले 'जोड्ने धातु', परिवर्तन योग्य र लच्कने भनी थाहा पाउँदछौं । यसले अरू तीन अवस्था– पथवी, तेजो र वायुको आधार लिई जोड्ने गर्दछ; अथवा (ii) 'रसालु', शरीर, वृक्ष, आदिको चिसोपन उदाहरण स्वरूप लिन सकिन्छ; अथवा (ii) तरलको प्रष्ट रूप 'आपो' यस कोल वा त्यस कोलमा स्पष्ट देखिन्छ ।

(ii) 'आपो' को रसालु रूप गिलो जीवित रूपमा, जस्तै–काँचो रूख अथवा नसुकेको शरीरमा हुन्छ भन्न सकिन्छ । (iii) पानी र रसहरू 'तरल'को स्पष्ट रूप हो । जोड्ने क्रिया बिना जतिसुकै सानो अणु पनि अस्तित्वमा रहन सक्तैन । त्यसकारण पथवी, तेजो र वायुमा आपो प्राथमिक रूपमा निहित भएर रहेको हुन्छ, भन्न सकिन्छ ।

तेस्रो सार धातु 'तेजो' भन्नाले यात (i) त्यो निरन्तर रूपले ताप भएको, परिवर्तन योग्य र लच्कने धातु भनी हामी थाहा पाउँदछौं । 'तातो' र 'चिसो' यसले पथवी, आदिमा कार्य गर्दछ, यसले उत्पन्न गर्ने गर्दछ र परिपक्वावस्थामा ल्याउने गर्दछ, अथवा (ii) आगोको ताप मात्र निस्केको, अथवा (iii) ज्वाला निस्केको अग्नि । यस धातुको क्रियाकलापले

Downloaded from http://www.dhamma.digital

गर्दा सबै जड वस्तु परिपक्वावस्थामा पुग्दा उत्पादन गर्ने, बृद्धि गर्ने अथवा सञ्चित गर्ने गर्दछ।

चौथो सार धातु 'वायो' भन्नाले यात (i) त्यो निरन्तर रूपले बहने, परिवर्तन योग्य र लच्कने धातु भनी हामी थाहा पाउँदछौं। यसले पथवी, आदिमा कम्पन गर्ने कार्य गर्दछ, अथवा (ii) कोच्ने वायु अथवा वायुको भयावह अवस्था, अथवा (iii) वायुमण्डलको चालमा– एक जोर फोक्सोमा वायु र श्वास–प्रश्वासको वायु उदाहरण स्वरूप लिन सकिन्छ। बहने धातुमा (i) शक्तिको धातु, प्रतिरोध गर्ने धातु मूल रूपमा साथमा रहन्छ। यसकारण सबै जड वस्तुले यस शक्ति र प्रतिरोध गर्ने शक्तिद्वारा आफ्ना कार्य सम्पादन गर्दछन्।

विशेषत: यी सबै धातुहरू आ–आफ्नो अवस्थामा अडिग भइरहँदा बढ्ने कारण भएसम्म ठूलो परिमाणमा बढ्दछ र घट्ने कारण भएसम्म ठूलो परिमाणमा घट्छ। यस्तो कारण कसरी उत्पन्न भएको ? पथवी–धातुको सम्बन्धमा जोड्ने आपो-धातु ले तरल रूप लिंदा पथवी-धातु पग्लन सक्तछ। आपो-धातु को सम्बन्धमा, तेजो–धातु अग्नि ज्वालामा परिणत हुन सक्तछ तर आपो-धातुले केवल आपो-धातुको कार्य मात्र गर्दछ। धातुहरूका तीव्रता र महानताका कारणले गर्दा यी धातुहरूलाई 'महाधातु' (महाभूतानि) भनिन्छन्। यी धातुहरूका

Downloaded from http://www.dhamma.digital

उग्रता र विशालता चक्रवालहरूको नाश र विनाश हुने बखतमा अतिमा पुग्दछ ।

तेजोको प्रारम्भिक अवस्थाले सबै भौतिक रूपलाई उत्पादन गर्दछ । यही धातु अथवा तेजो-धातुको प्रारम्भिक रूप नै 'उतु' हो । अर्को शब्दमा: माथि उल्लेख भए झैं 'उतु' तेजो-धातुको प्रारम्भिक रूप हो । अब 'उतु-नियाम' तिर जाउँ ।

उतु-नियामले चार प्रकारका संवट्ट, संवट्टठायी, विवट्ट, विवट्टठायी कल्पका गति क्रमलाई निर्धारित गर्दछ । यसले नियामको क्रम अनुसार हेमन्त, ग्रीष्म र वर्षा– तीन ऋतुका क्रमलाई निर्धारण गर्दछ ....। यसले फेरि त्यही क्रम अनुसार रूख, लता (लहरा), झाङ्ग र घाँसहरूले फुल फुलाउने र फल फलाउने विशेष ऋतुको निर्धारण गर्दछ । र यी सबै नियाम-धर्म कुनै 'ईश्वर' वा 'कर्ता'ले सृष्टि गरेका होइनन्, न कुनै मनुष्य, देव वा ब्रम्हाले नै सृष्टि गरेका हुन् । यसरी स्वभाव-धर्ममा अविपरित रूपमा आधारित भएको हुनाले 'उतु' भनिन्छ । यसैलाई 'उतु-नियाम' वा 'ऋतु-नियाम'* भनिन्छ । पालि-पिटक-

---

* यो परिवर्तन हुँदैन, परिवर्तन हुने तेजो वा ताप हुन्;......... सबैमा लागू हुने यो नियाम-धर्म कोही मनुष्य वा ईश्वरले बनाएको होइन । यो पहिले पनि थियो, अहिले पनि छ, पछि पनि रहने छ । सदा झैं रहने तेजो-धातु समयानुसार नष्ट पनि हुन्छ– Heraclitus

Downloaded from http://www.dhamma.digital

मा यसरी उल्लेख गरिएको छ–"वासेट्ठ, चाँडो वा ढिलो यस्तो समय आउँछ, धेरै समय बितेपछि लोक-चक्रको अन्त हुन्छ......। वासेट्ठ, समय भएपछि देवताहरूको ज्योति लुप्त हुन्छ। तिनीहरूका आफ्ना प्रकाश लुप्त हुँदा चन्द्र, सूर्य, ग्रह र ताराहरू उत्पन्न हुन्छन् । ऋतुहरूका साथै रात, दिन, महिना, पक्ष र बर्ष, आदि देखा पर्दछन् ।"*

(२) **बीज-नियाम**—बीउ वा बीज त्यो हो, जसबाट बृक्ष, आदि विविध रूपाकारमा उम्रन्छन् र बढ्छन् । यो के हो ? साधारणतया 'बीज' भन्नाले 'मूल', आदि पाँच प्रकारका बीजलाई लिइन्छ । धम्मता को स्वभावले हेर्दा बीज केवल 'उतु-धातु'को रूप मात्र हो । यसरी पल्हाउने र उम्रने स्वभावका बृक्ष, आदि वनस्पति जगतका 'बीज-विरूवाहरू' 'उतु-धातु'को रूप मात्र हो, जसले वनस्पति जीवन प्रदान गर्दछ– यसैलाई बीज वा बीउ भनिन्छ ।

टुसा, अंकुर, फेद, हाँगा-विङ्गा, पात, फूल र फलहरू फुलाउने, फलाउने बीज-नियामको कारणले हो । उदाहरण लिइएमा: जम्बु-बीज जातिको बीजले आफ्नो जातिलाई नमासिने गरी सुरक्षित राख्दछ । यही नियम सबै बृक्ष, लहरा, झाङ्ग र घाँसहरूमा लागू हुन्छ । यो नियम न कसैले बनाएको हो, न

* दीघ-निकाय (iii), 84. 86.

Downloaded from http://www.dhamma.digital

कुनै सृष्टि-कर्ताले नै सृष्टि गरेका हुन्। बीजको कारणले विपरित नहुने स्वभाव नियमद्वारा जे जति बनिएको हुन्छ, त्यसैलाई बीज-नियाम भनिन्छ। पालि ग्रन्थमा यसरी उल्लेख गरिएको छ– "भिक्षुहरू, पाँच प्रकारका बीज छन्, जसबाट पल्हाउने क्रिया हुन्छ। ती हुन्– मूल-बीज, कण्ड-बीज, फलु-बीज, अग्ग-बीज*, बीज-बीज** ।

विनय-पिटकको अट्ठकथा, बनस्पति विभागमा यस विषयमा विस्तृत बर्णन गरिएको छ।

(३) **कम्म-नियाम**– मानिसले गर्ने असल वा खराव, कुशल वा अकुशल कार्यलाई कर्म भनिन्छ। यो के हो? कुशल वा अकुशल 'चेतना' नै कर्म हो। पालि पिटकमा भनिएको छ –"भिक्षुहरू, चेतना नै कर्म हो ("चेतनाहं भिक्खवे, कम्मं वदामि।") यही चेतनाको कार्यले गर्दा मानिसले कायिक, वाचिक, मानसिक कर्म गर्दछ।"❀

यहाँ चेतना भन्नु नै मनोकर्म हो। असल-खराव, कुशल-अकुशल कार्य गर्न लाग्दा यी कार्य गर्ने नगर्ने निश्चय

* टुप्पाबाट पल्हाउने (अग्ग)।

** संयुत्त-निकाय, iii, p. 54.

❀ अंगुत्तर-निकाय, iii, 415 (vi. 6. 'महावग्ग निब्बेधिक')

Downloaded from http://www.dhamma.digital

मनोकर्मका 'नायक' चेतनाले छुट्याउँदछ। इच्छित कार्य गर्न चेतनाले बल प्रदान गर्दछ।

यहाँ 'नायक झैं भई' भन्नुको अर्थ हो, यसमा आफ्नो कार्यको साथै अरू मनोकर्म पनि समावेश गरी ती सबै मध्ये चेतना नै मुख्य अगुवा हुनु। चेतनाले अरू सबै मनोकर्मलाई एउटै दिशामा लैजान प्रेरणा दिन्छ। 'कर्म त्यो हो, जसमा मानिसले कार्य सम्पादन गर्दछ'– यही हाम्रो विषयको व्याख्या हो।

चेतसिक क्रम अरूहरूको कर्मको सम्बन्धमा होइन कि केवल आफ्नै कर्मको सम्बन्धमा मात्र अर्को मानसिक क्रमलाई सूचित गर्दछ भन्ने कुरा बुझ्नु पर्दछ। यस अनुसार मानसिक क्रम 'चेतना नै मनो-कर्म हो' भन्ने परिभाषा भित्र ल्याउन सकिन्दैन। यसकारण एकको कर्म अर्कोको कर्म भन्न सकिन्न, कारण इच्छित र अनिच्छित कार्यको बीचमा धेरै भिन्नता हुन्छ; जस्तै बोका र भेडाको बीचमा भिन्नता हुन्छ। चेतना सहित गरिएको कार्यलाई मात्र कर्ममा लिइन्छ। यसैले भनिएको छ– "भिक्षुहरू, कर्म भन्नु नै चेतना हो।"

सबै कार्यमा 'कर्म' शब्दले (१) सामान्य रूपमा हुने कर्म र (२) चेष्टा गर्ने प्रवृति भन्ने सङ्केत दिदछ। कुशल कर्म वा अकुशल कर्मको कारणले वर्तमान बनिसकेपछि कर्म फेरि

Downloaded from http://www.dhamma.digital

दोहरिंदा यस्तो स्थितिले पछिको नाम-रूप धाराको निर्माण गर्दछ। ती स्कन्धको पुनर्जागरणको कारणले गर्दा त्यस मानिसलाई उदार वा चण्ड प्रवृतिको भन्न सकिन्छ। यस्तो दृढतामा यस स्थितिले भावि भव गतिको जीवन श्रृङ्खला निर्माण गर्दछ। यस्तो कर्म उत्पत्तिको कारणले मानिसले दान गरी अथवा प्राणी घात गरी भावी जन्ममा ऊ सुखद् वा दु:खद् स्थितिमा उत्पन्न हुन्छ। सहजात कर्म-प्रत्यय र नानाखणिक कर्म-प्रत्ययको सम्बन्धमा यस प्रकारका प्रत्ययका कुरा महापट्ठान मा वर्णन गरिएको छ।

विशेष रूपमा आधारित विविध पक्षका कर्मले ठूलो फल हासिल गरिएको हुन्छ। ("धातुविकतिनं धातुविकारो नाम।") तत् समयमा तत् स्थानमा एक पल्ट गरेर प्रतिस्थापित गरेको कर्मले नाम वा रूप अथवा दुबैको सम्बन्धमा अनौठो किसिमले प्रवाह्रित हुने हेतु बन्दछ। यस हेतुले गर्दा बस्तुको क्रममा, वा सांसारिक क्रियाकलापमा प्रतिविम्बित हुन्छ, यस्तोमा प्रतिविम्वित हुँदा ठूलो फलदायी परिणाम निस्कन्छ।

यी विविध प्रकारका आधारहरू मध्ये दुइले स्वभाव नियममा भन्दा सामजस्यतामा र असामजस्यतामा ठूलो परिणाम दर्शाइन्छ। यी मध्य एक चेतना-धातु स्व-अनुभूतिमा आधारित हुन्छ। आध्यात्म अनुभूति चेतसिक प्रवृतिको विविधता भन्नु नै विञ्ञाणको विविधता हुन आउँछ। वाह्य जीवन अनुसार उतुको

Downloaded from http://www.dhamma.digital

विभेदको भिन्नता परिवर्तनशीलताको भिन्नतामा निर्भर गर्दछ ।

कम्म-नियाम भन्नाले अकुशलको परिणाम निश्चित् रूपले तद् अनुरूप नराम्रो नै निस्कनु र कुशल कर्मको परिणाम निश्चित् रूपमा तद् अनुरूप सुपरिणाम निस्कनु हो । अकुशल कर्मको विपाक अनुसार अर्को जन्ममा दुःख भोग्नु पर्दछ । रूप-लोकका कुशल कर्मले रूप-लोकको शुद्ध-भूमिमा उत्पन्न गराउँदछ । पालि ग्रन्थमा भनिएको छ– "विशेषगरी प्राणी हिंसा गरेको विपाकले प्राणी वा सत्वको आयु छोटो (अल्पायु) हुन्छ र हिंसा नगर्नाले दीर्घायु हुन्छ । इर्ष्याले विविध प्रकारका झगडाको सृजना गर्दछ, सहिष्णुताले शान्ति दिलाउँदछ । क्रोधले मानिसको सौन्दर्य नष्ट गर्दछ भने मैत्रीले सुन्दरता भरिदिन्छ । शत्रुता (वैमनष्यता) ले दुर्बल बनाइदिन्छ भने मित्रताले बल प्रदान गर्दछ । चोरीले निर्धन बनाईदिन्छ भने इमानदारीताले धनी बनाइदिन्छ । घमण्डले आदर-सत्कार गुमाउँदछ भने नम्रताले आदर-भाव बढाइदिन्छ । मुर्ख संगत गर्नाले बुद्धि नासिन्छ भने पण्डितको सत्संगत गर्नाले ज्ञानको अविवृद्धि हुन्छ ।"* यी कम्म-नियामका महत्ता हुन् ।

'प्राणी हिंसा गर्नाले अल्पायु हुनु' को अर्थ हो, मानिसले एक पल्ट मनुष्य वा अरू कुनै प्राणीलाई घात गर्नाले उसको

---

* cf मज्झिम-निकाय, चुल-कम्म-विभङ्ग-सुत्त, iii, 202f.

Downloaded from http://www.dhamma.digital

पुनर्जन्ममा अनेक प्रकारका दुःखका कारण बन्नु । मनुष्य नै भएर जन्म लिए तापनि 'प्राणी हिंसा गरेको कारणले' उसलाई हजारौं वर्षसम्म अल्पायु तुल्याइदिन्छ । यो 'प्राणी हिंसा गर्नाले अल्पायु हुने' तथ्यको व्याख्या हो । 'अरू बाँकी रहेका तथ्यका व्याख्या पनि यस्तै हुन्' भनी जान्नु । अरू सयौं सूत्रहरूमा कर्म-विपाकका अनेक उदाहरण पाइन्छन् । यसैलाई कम्म-नियाम भनिन्छ ।

पालि पिटकमा उल्लेख गरिएको छ- "भिक्षुहरू, (कर्म-नियामको सम्बन्धमा) त्यस्तो ठाउँ वा स्थान छैन कि खराब कर्मबाट प्रिय, राम्रो, सुन्दर, आदि फल प्राप्त हुन्छ ।"*

'कर्म' बाट दुइ प्रकारका फल मिल्दछः समान (अनिवार्य) र विविध (विशेष) । यहाँ नैतिक सिद्धान्तको नियम अनुसार समान फल दर्शाइएको छ। पाप-कर्म गरी सुख-पूर्वक दिन विताइरहेका मानिसमा हामी 'विविध फल' पाउँदछौं । तर मृत्यु पछि, समान-फल अनुसार नै उसले वढी मात्रामा दुःखको दण्ड भोग्नु पर्ने हुन्छ ।

धार्मिक विचार र धार्मिक सिद्धान्तले उत्साहित भई भौतिक धन-सम्पत्ति आर्जन गरी कुशल कर्म गरेर धर्माचरणमा

---

* अंगुत्तर-निकाय, i 28. "अट्ठान-वग्ग" ।

Downloaded from http://www.dhamma.digital

लागेका मानिसहरूले अनेक प्रकारका दुःख भोग्दछन् । तर मृत्यु पश्चात् समान-फल अनुसार तिनीहरूले बढी से बढी स्वर्गीय आनन्द अनुभव गर्दछन् । यो कर्म-नियामको नियम हो ।

(४) **चित्त-नियाम–** मन (चित्त) को अर्थ हो, 'विचार गर्ने', (विचार गर्ने क्रिया) । यसको अर्थ 'कुनै विषयमा आरम्मण गर्नु' हुन आउँछ । कुनै वस्तु विषयमा अनुसन्धान वा अन्वेषण गर्ने अर्थमा पनि लिन सकिन्छ । खासगरी, विषयको विविध रूपमा चिन्तन गर्नुलाई अलंकारिक भाषामा 'विचार' भनिन्छ । पालि पिटकमा उल्लेख गरिए अनुसार –"भिक्षुहरू, मन जस्तो विविध रूप भएको वस्तु अरू छैन । भिक्षुहरू, अपाय गतिका (जनावर, चरा-चुरूङ्गी, आदि) प्राणीमा जस्तो विविधता अरू समूह (निकाय) मा छैनन् । मनले गर्दा नै अपाय–गतिका प्राणीमा विविधता देखिन आएका हुन् ("चित्तेनेव चित्तिकत ।")* । तर भिक्षुहरू, विचार (चित्त) मा ती प्राणीहरूमा भन्दा पनि बढी विविधता पाइन्छ ।"

चित्त (मन) कुशलमा भन्दा अकुशलमा झन बढी विभेद हुन्छ । भनिन्छ –'पापमा मन रमाउँछ ।' ("पापस्मि रमते मनो ।") चित्तको विविधताबाट अपाय-गतिमा उत्पन्न

*संयुत्त-निकाय. iii 152.

Downloaded from http://www.dhamma.digital

भएका प्राणीहरूमा अरू प्राणीमा भन्दा बढी विविधता हुन्छन् । कसरी यसो भएको ? पालि पिटकमा उल्लेख गरिएको छ- "भिक्षुहरू, 'संसार कसरी उत्पन्न हुन्छ र यसको अन्त कसरी हुन्छ' भन्ने कुरा म भन्दछु । भिक्षुहरू, संसारको उत्पत्ति भनेको के हो ? चक्खु (चक्षु) र रूपको संयोगले चक्खु-विञ्ञाण (चक्षु-विज्ञान) उत्पन्न हुन्छ, यसलाई फस्स (स्पर्श) भनिन्छ। स्पर्शको कारणले वेदना, वेदनाले तृष्णा ..... आदि उत्पन्न हुन्छ । यसरी दुक्ख-क्खन्ध (दु.ख-स्कन्ध) को उत्पत्ति हुन्छ । सोत (श्रोत) र सद्द (शब्द) को संयोगले सोत-विञ्ञाण (श्रोत-विज्ञान), घाण (घ्राण) र गन्धको संयोगले घाण-विञ्ञाण (घ्राण-बिज्ञान), जिह्वा (जिभ्रो) र रसको संयोगले जिह्वा-विञ्ञाण (जिह्वा-विज्ञान), काय र फस्स (स्पर्श) को संयोगले काय-विञ्ञाण (काय-विज्ञान) र मन र धम्म (धर्म) को संयोगले मनो-विञ्ञाण (मनो-विज्ञान) उत्पन्न हुन्छन् । यसलाई स्पर्श भनिन्छ । स्पर्श भएकोले वेदना, वेदना भएकोले तृष्णा, आदि हुन्छन् । यसरी दुःख-स्कन्धको उत्पत्ति हुन्छ । यसैलाई भिक्षुहरू, संसारको प्रारम्भ भनिन्छ ।"

"भिक्षुहरू, संसारको अन्त के हो ? चक्खु र रूपको संयोगले चक्खु-विञ्ञाण उत्पन्न हुन्छ । यस जुध्ने क्रियालाई स्पर्श भनिन्छ । स्पर्श भएकोले वेदना, वेदना भएकोले तृष्णा, आदि हुन्छन् । तृष्णाको पूर्णतः अन्त भएपछि उपादानको अन्त

Downloaded from http://www.dhamma.digital

हुन्छ; उपादानको अन्त भएपछि भव, आदिको अन्त हुन्छन् । यसरी दुःख-स्कन्धको अन्त हुन्छ । यस्तै किसिमले श्रोत, आदि अरू इन्द्रिय विषयमा पनि लिन सकिन्छ । यसैलाई भिक्षुहरू, संसारको अन्त भनिन्छ ।" *

यहाँ "चक्खु र रूपको संयोगले चक्खु-विञ्ञाण, आदि उत्पन्न हुन्छ," भन्ने भनाईको तात्पर्य हो– यस संसारमा मूर्ख व्यक्ति-हरूको चेतनशील विचार-धारा क्षण क्षणमा परिवर्तन हुने भएकोले तिनीहरूको विविध प्रकारको भावी जन्मको कारण बन्दछ । यस तथ्य अनुसार 'वर्तमान जीवनमा जस्तो मनस्थिति छ, त्यही अनुरूप तिनीहरूको भावी जन्ममा विविधता हुन जान्छ' । विञ्ञाणको विविधताको कारणले संञ्ञाको विवि-धता हुन्छ । संञ्ञाको विविधताको कारणले तिनीहरूको स्वभा-विक इच्छामा विविधता हुन्छ र यसको विविधताको कारणले कर्मको विविधता हुन्छ । कर्मको विविधताले गर्दा प्राणी-जगतमा पुनर्जन्मको विविधता कायम रहन्छ ।

परमार्थ-सत्य अनुसार कर्म र चित्त सम्मुति-सत्य अनुसार "आत्म" (सत्व) र "पुद्गल" हुन आउँछ । सम्मुति-सत्य अनु-सार, मानिसको विविध विचारले यस संसारमा भिन्न भिन्न

* संयुत्त-निकाय, iv. 87.

Downloaded from http://www.dhamma.digital

वस्तु निर्माण भए झैं देवहरू* को विविध विचार अनुसार विभिन्न प्रकारका वस्तु सृष्टि भए झैं "सत्व" र "पुद्‌गल" का विविध विचार अनुसार विभिन्न कर्म (कम्मानि) र कर्म-विपाक बनिन्छन् । यद्यपि आत्माको** स्वभाव न कर्म हो, न चित्त हो। को हो ? कसरी बनाउँछ ? कसले बनाउन सक्छ ? थाहा छ ? –भनी सोधिएमाः "सत्व" "पुद्‌गल;" तिनीहरूलाई थाहा छ; तिनीहरूले सबै बनाउन सक्छन् । तर अनन्त प्रकारका यस विश्व रूप बनाउने 'कुनै विशेष सत्व छ ?' –भनी प्रश्न गर्दा तिनीहरू नाजवाफ हुन्छन् ।

चित्त-नियाम भन्नाले चित्त वा विञ्ञाणको परिणामको स्थिरता भन्ने बुझनु पर्दछ जुन कार्य र अवसर अनुसार फरक हुन्छन् ।

Dhamma.Digital

( ५ ) **धम्म-नियाम**– "धारेन्ति'ति धम्मो" आफ्नो स्वभाव अनुसार धारण गर्ने भएकोले "धम्म" भनिन्छ । अर्थात् छुँदा कडा हुने यसको विशेष लक्षणका साथै उत्पत्ति, जरा, जीरणता, आदि स्वभाव गुण धारणा गर्ने हुनाले "धर्म" भनिन्छ । धर्मले

---

* देव, (मरणशील) सबै अदृश्य शक्तिहरू, (भूतहरू), आकाशमा बस्ने 'ईश्वर,' देवीहरू-देवताहरू होस् अथवा यस पृथ्वीमा रहने देवीहरू, आदि होस्–सबै यसमा समावेश हुन्छन् भनी बुझ्नु पर्दछ ।

** अत्त, अहँ ।

Downloaded from http://www.dhamma.digital

कार्यसंग सम्बन्धित् 'हेतु' लाई धारण गर्दछ र कारणसंग सम्बन्धित् 'प्रत्यय' लाई धारण गर्दछ। सुत्तन्त र अभिधम्म पिटकमा सबै धर्मका परिभाषा यसरी नै दिइएको छ। विनय-पिटकको 'सीलक्खन्ध' (शील-स्कन्ध) यही अर्थमा लिइएको छ। किन ? किनभने ती धर्मका परिभाषाबाट बाहिर पर्दैनन्।

यी धम्म-नियाम र अरू सबै धर्महरूका सिद्धान्त महापट्ठानमा दिइएको छ। सुत्तन्त-पिटक मध्ये महा निदान सुत्तन्त, निदान संयुत्त सबैमा धम्म-नियामको वर्णन गरिएको छ; यस्तै किसिमले अरू सबै सूत्रहरूले पनि हेतु-फलको सिद्धान्तमा प्रकाश पार्दछन्। एउटा सूत्रमा यस नियामलाई ("धम्मट्ठितता धम्म-नियामता") अर्थात् 'धर्मको स्थिरता धर्मको नियम' भनी उल्लेख गरिएको छ– "भिक्षुहरू, तथागतहरू उत्पन्न भए पनि नभए पनि धर्मको स्थिरता हेतु अनुसारको फलको नियम नामक धातु रही नै रहन्छ। अविद्याको कारणले कर्म (संस्कार) बन्दछ। कर्म (संस्कार) को कारणले ...... अरू बाँकी रहेका हेतु-प्रत्ययको उत्पत्ति हुन्छ।"* सूत्रमा यसरी उल्लेख गरिएको पनि छ– "सबै संस्कार अनित्य हुन्; दुःख स्वरूप हुन् र अनात्म स्वभावका हुन्. ...।"**

---

* संयुत्त-निकाय, ii, 25 cf. Points of Controversy 87, 383 f.

**थेरगाथा (Psalms of the Brethren) ver, 676–678

Downloaded from http://www.dhamma.digital

कुनै गाथामा यस नियामलाई "धम्मता" भनिएको छ -"यो धम्मता अर्थात् धम्म-नियामता हो। भिक्षुहरू, बोधिसत्व तुषित-भूवनबाट माताको गर्भमा प्रवेश गर्दा देवलोक, ब्रह्म-लोक सहित सर्वत्र प्रकाशले प्रज्वलित हुन्छ... .र हजारौं चक्र-वाल कम्पित प्रकम्पित र दोलायमान हुन्छन्.. ..।"*

कुनै गाथामा यसलाई यसरी पुष्टि गरिएको छ -"भिक्षुहरू, संम्यक्-दृष्टिले सम्पन्न भएका व्यक्तिले 'संस्कार अपरिवर्तनशील छ' भनी भनिएमा यो हुनै सक्तैन र यसो हुन सम्भव छैन। यस्तो कहिल्यै भएको पनि छैन।"**

तर सूत्रमा धम्म-नियमको लक्षण सबभन्दा राम्रोसंग यसरी व्यक्त गरिएको छ -"त्यो भए यो हुन्छ। त्यो उत्पन्न भए यो उत्पन्न हुन्छ। त्यो नभएमा यो उत्पन्न हुँदैन। त्यो अन्त भएमा यो पनि अन्त हुन्छ।"❀

फेरि -"भिक्षुहरू, संस्कृतका तीन लक्षण छन्। यसको उत्पत्ति भएको देखिन्छ, यसको विनाश भएको देखिन्छ, यसको स्थिरतामा विविधता देखिन्छ। भिक्षुहरू, यी तीन अ-संस्कृ-तको लक्षण हुन्- यसको उत्पत्ति भएको देखिन्दैन, यसको

* दीघ-निकाय, ii 12 (Dialogues, ii 9).

**अंगुत्तर-निकाय, i. 26.

❀वासेट्ठ-सुत्त, ii. 196 and verse 600 f. respectively.

Downloaded from http://www.dhamma.digital

विनाश भएको देखिन्दैन, यसको स्थिरतामा विविधता भएको देखिन्दैन ।"*

जन्मिनेको जन्मनु धर्म हो, बुढो हुनेको वृद्ध हुनु धर्म हो, मृत्यु हुनेको मर्नु धर्म हो । यहाँ फेरि अर्को नियाम अर्थात् जाति-नियाम देखिन आउँछ ।यसैले पालि पिटकमा उल्लेख गरिएको छ: बुद्धले भन्नु भयो –"वासेट्ठ, तिमी दुइलाई म क्रमश: यथार्थत: भन्दछु– "प्राणीहरूका जातिमा एक अर्कोमा जाति भेद छ। घाँस र रूखमा पनि, जान्दछौं जातिमय लिङ्ग (लक्षण) भेद देखिन्छ; जातिको लिङ्ग (लक्षण) छ; ती जातिमा पनि एक अर्कोसंग भिन्न छ.....।"

यस्तै अनेक गाथाहरू मज्झिम-निकाय र सुत्त-निपात दुबैमा पाईन्छन् ।**

यसमा 'लिङ्ग' को अर्थ हो –"रूपाकारमा विभिन्नता,"
"जाति भेद छ" भन्नुको अर्थ हो, एक अर्कोमा भिन्नता ।

यो गाथाहरूमा भगवान बुद्धले वृक्ष आदि र प्राणीको विषयमा बीज-नियामको उल्लेख गर्नु भएको हो । यस्तै किलिमले मानिसमा "जाति-नियाम" को उल्लेख पाईन्छ ।

---

*अंगुत्तर-निकाय, i. 152 (पृष्ठ १३९,१४०), (चूलवग्गो–47).
** मज्झिम-निकाय, ii. 32 (79th. Sutta); संयुत्त-निकाय, ii. 28. etc.; अंगुत्तर-निकाय, V. 184.

Downloaded from http://www.dhamma.digital

मानिसहरूमा पनि जन्ममा विविधता जातिमा विविधता र परिवारमा अवन्नति देखिन्छ। "यस लोकमा ब्राह्मण जन्ममा श्रेष्ठ छ" भन्ने मिथ्या धारणा हटाउनको निमित्त उहाँले यस सूत्रमा अनेक मानवीय क्रिया-कलापमा जन्मलाई भन्दा वर्तमान कर्मलाई प्रधानता दिनु भई अन्तमा साँचि कै ब्राह्मणको वर्णन गर्नु भएको छ। यस सूत्रमा सत्वको नीचता र उच्चताको मापदण्ड कर्मलाई लिई दर्शाइएको छ। कर्मले नै सत्वको उच्चता र नीचतालाई विभेद गर्दछ। आमा-बाबुको बीजको विविधताले वाह्य रूप फरक हुन्छ। गाई-गोरुबाट जन्मने प्राणी गाई-गोरु कै रूपाकृतिका हुन्छन्; त्यस्तै घोडा घोडा कै। यस कारणले 'जाति-नियाम' मा प्राणी र उच्च सत्वहरूमा फरक पार्नको लागि अर्कै क्रम लागू हुन्छ।

❋

Downloaded from http://www.dhamma.digital

# दुतीय परिच्छेद

## द्वे सच्चानि (दुइ सत्य)

सम्पूर्ण सच्च (सत्य) समावेश हुने दुइ सत्यलाई यहाँ वर्णन गरिन्छ। ती सत्य हुन्– (१) सम्मुति-सच्च (सम्मति -सत्य) र (२) परमत्थ-सच्च (परमार्थ-सत्य)।

### (१) सम्मुति-सच्च–

साधारण मानिसले बुझ्ने सत्यलाई 'सम्मुति-सच्च' भनिन्छ। सम्मुति-सत्यको रूपाकार कस्तो हुन्छन् ? यी हुन्– 'अहँ' 'आत्मा', 'सत्व', 'पुद्‌गल', स्त्री, पुरुष, शरीर, टाउको, हात, खुट्टा, कपाल, शरीरको तल्लो भाग, नङ्ग, दात, छाला, मासु, नसा, हाड भित्रको सार भाग, हाड, आदि: र वाह्य वस्तु लिइएमा– वृक्ष, लहरा, हाङ्ग, घर, रथ, वग्गि, पलङ्ग, आसन, आदि।

यी बिविध नाउँले पुकारिएका वस्तुहरूमा: मन, स्पर्श, पथवी, आपो, आदि धम्म-स्वभाव अनुसार कुनै पनि वास्तवमा छैनन्। ती सबै नाउँहरूले कुनै रूप-सण्ठान (भौतिक रूपाकृति) लाई चिनाउने, अर्थ व्यक्त्याउने काम मात्र गर्दछ। त्यसकारण ती ती वस्तुलाई चिनाउने नाउँमा सम्मुतिको विशेषता भएकोले लोक-व्यवहारको लागि सम्मुति-सत्यमा लिइएको छ।

Downloaded from http://www.dhamma.digital

सम्मुति-सत्यले के फाइदा गर्दछ ? "अहँ छ", "जीवित आत्मा छ", "सत्व छ", "पुद्गल छ", आदि– यी शब्दहरू लोक व्यवहारमा प्रयोग गर्दा व्यवहारिक दृष्टिले मानिस सत्य बोल्ने हुन्छ । यस्तो सत्य सत्यमा नै गनिन्छ । किन ? किनभने यसो नगरेमा व्यवहारिक भाषा र विचारको अभावको कारणले अनेक तर्क-वितर्क निस्कने सम्भावना हुन्छ ।

यही सम्मुति-सत्य हो ।

(२) **परमत्थ-सच्च**–

यो सत्यलाई परमार्थ-सत्य (दार्शनिक विचार धारा)-बाट परिचित गराइएको छ । परमार्थ-सत्यको रूप के हो ? "चित्त", "चेतसिक", "रूप", "निब्बान", "खन्ध", "आयतन", "धातु", आदि हुन् ।

यी केवल व्यवहारिक नाउँ मात्र नभई साँचै नै भएकी (सभावतो) भनी जनाउँदछ । यसमा परमार्थ-धातु विशेष निहित हुने हुनाले 'उच्च' (महा) वा 'मूल-धातु' को रूप भनिन्छ ।

परमार्थ-सत्यमा के के समावेश हुन्छन् ? "विञ्ञाण रहन्छ"; "फस्स रहन्छ"; "वेदना रहन्छ"; "पथवी-धातु रहन्छ"; "आपो-धातु रहन्छ"; "निब्बान"; आदि रहन्छन् ।

Downloaded from http://www.dhamma.digital

यथार्थमा जस्तो छ त्यस्तै भन्ने मानिसलाई सत्य-वादी भनिन्छ। यस्तो वचनलाई वास्तवमा 'साँचो वचन हो' भनी मानिन्छ पनि। किन ? किनभने यसले संञ्ञा विपल्लास, चित्त विपल्लास र दिट्ठि विपल्लासबाट हटाउँछ। यसैलाई परमत्थ-सच्च (परमार्थ सत्य) भनिन्छ।

सम्मुति-सत्यले असत्यलाई जोगाउँछ र परमार्थ सत्यले विपल्लासबाट बचाउँदछ। यसरी कसैले सम्मुति-सत्यको दृष्टि-कोणले "अहँ, आत्म, सत्त्व, पुद्गल, आदि छ" भनी भनेमा उसले झूठ बोलेको भनी सम्झिन्दैन। उसले भनेको कुरा सत्य भएपनि नभए पनि युक्तिसंगत विचार वा 'अहँ' मा यो कुरा निर्भर रहन्छ। किन ? किनभने यस्तो कुरोमा धोका दिने वा छल्ने काम हुँदैन। तर यो विपल्लास धर्म भित्र पर्दछ। किन ? किनभने यस्तो कुरामा "अनात्म" लाई "आत्मा" भनी लिइएको हुन्छ। परमार्थ दृष्टिले हेरेमा "आत्मा" भन्ने कुनै वस्तु विद्यमान छैन केवल धम्म (स्वभाव) मात्र छन्। र यी मध्ये कुनै पनि "आत्मा" स्वभावको छैन। अर्थात् ती 'अनात्म-स्वभाव' का छन्। मानिसले यसरी बोल्दा न ऊ झुठमा पर्दछ न विपल्लासमा नै। यसकारण पाली पिटकमा यसरी उल्लेख गरिएको छ –"भिक्षुहरू, चार प्रकारका विपल्लास धर्म छन्। चार के के हुन् ? अनित्यलाई नित्य झैं सम्झनु।" यसमा सञ्ञा-विपल्लास, चित्त-विपल्लास र दिट्ठि-विपल्लास समा-

Downloaded from http://www.dhamma.digital

वेश छन् । "दुःखलाई सुख सम्फनु अनात्मलाई आत्म सम्फनु, अशुभलाई शुभ सम्फनु"– यी तीनमा पनि सञ्ञा-विपल्लास चित्त-विपल्लास, र दिट्ठि-विपल्लास समावेश हुन्छन् ।

यहाँ 'अनित्य' भन्नुको अर्थ हो– "नाम-रूप" नामक चित्त र भौतिक रूप; जुन स्वभावत: अनित्य वा परिवर्तन-शील स्वभावका हुन् । 'दुःख' भन्नुको अर्थ हो– "दुक्ख-सत्यमा आधारित सबैले अनुभव गर्ने दुःख ।" 'अनात्म' शब्दले सम्पूर्ण अनात्म स्वभावलाई जनाउँदछ । "असुभ" शब्दले दुःख-सत्यमा आधारित नाम-रूप "अशुभ नै हुन्" भनी अठोट गर्दछ ।

"नाम र रूप" लाई "सत्व", "पुद्गल" को रूपमा लिई मानिसले अनित्य स्वभावलाई नित्य झैं ठान्दछ । किन ? किन-भने "सत्व" वा "पुद्गल" केवल कल्पना मात्र हो । अनि कल्पना मृत्यु र हिड्डुल गर्ने गुणवाला हुँदैन भन्ने कुरो हामीलाई थाहा छ ।

अर्कोतिर, सत्व अस्तित्वमा आउँदा वा उसले नयाँ जन्म ग्रहण गर्दा ऊ आफै जमिन्छ, जीवनको अन्तमा ऊ आफै मर्छ, वर्तमान जन्म लिनु भन्दा पहिले पनि पहिलो जन्मको यस रूप वा त्यस रूपबाट ऊ आफै आएका हुन्छ र मरे पछि पनि भावी जन्मको यस रूप वा त्यस रूपमा उसले पुनर्जन्म लिनेछ– यसनै सत्वको "सङ्क्रमन" (परिवर्तित भइरहेको) दृश्य दर्शाउँदछ ।

Downloaded from http://www.dhamma.digital

यो कारणहरूले गर्दा "नाम प" लाई "सत्व", "पुद्-गल" को रूपमा लिई मानिसले अनित्य स्वभावलाई नित्य झैं ठान्दछ ।

केवल मानसिक र शारीरिक क्रिया द्वारा प्रिय, मना-पको भावले गर्दा 'दुःख' स्वरूपको विषय वस्तुलाई 'सुख' 'अशुभ' लाई 'शुभ' भनी ठान्दछ।

"सत्व" भन्नु "कल्पना" मात्र हो । प्रकृतिमा । त्यस्तो कुनै चीज मौजुद छैन । साँचै नै नभएको जीवलाई ई साँचै नै 'जीव छ' भनी लिइँदा केवल नाम र रूप बाट सत्वको निर्माण हुने कुरा थाहा हुन्छ। फेरि सत्वलाई आत्म स्वरूप लिइँदा त्यतिमा मात्रै सीमित नभई पुद्गल आफूले पनि 'आत्मा' नभ-एकोमा 'आत्मा' स्वरूप ग्रहण गर्दछ ।

भनिन्छ कि मानिसले आफ्नै । आँखाले रूप देख्दछ । यहाँ देख्नु भन्नु नै चक्खु-पसाद हो । दृष्टि रूपमा पर्नु भन्नु नै चक्खु-पसाद पर्नु हो । अनि स्पष्ट भई रूप देख्दा यो न सत्वले देखेको, न पुद्गलले देखेको भन्नु । यसरी रूप देखे पछि मानि-सले चिन्दछ कि यो सत्व हो, स्त्री हो, टाउको हो, मुख हो

Downloaded from http://www.dhamma.digital

वृक्ष हो, रथ हो, बग्गी । * यो हो देखेर (हेरेर) उत्पन्न हुने चक्खु-विञ्ञाणको ...ा । यस्तै किसिमले शब्द, आदिबाट उत्पन्न हुने भ्रम लिन स...न्छ । तर चेतनासंग सम्बन्धित् भई मनमा उत्पन्न हुने विप...ास चाँहि मुख्य. भएर पनि अस्पष्ट ...खिन आउँछ ।

दे...

जसरी मनले अठोट गरेको रूप (वस्तु) लाई सञ्ञा ...न्दछ । पछि आएर यो भ्रम र शङ्काको कारण बन्न द्वारा चि... सैलाई सञ्ञा-विपल्लास भनिन्छ । सक्तछ । य...

...ी मानिसले कुनै वस्तुलाई थाहा पाएर अनुमान जस... ...त विषयमा सोच्दछ "सत्व, आदिको आत्मा लगाउँदछ र य... ...ा) यस्तो हो, त्यस्तो हो ।" "जीवित् आत्मा छ ।" "यो (आत... ...ो छ ।" यसैलाई दिट्ठि विपल्लास भनिन्छ । छ ।" "यो यस्तो य...

सञ्ञा-विपल्लास स्पष्ट भएकोले पहिले पालि ग्रन्थमा ... ...त्वमा यो दिट्ठि-विपल्लास भन्दा पछि उल्लेख गरिएको छ । वा...

---

* वग्गी, आदि तो वस्तुले हामी... ...गाई यथार्थ सत्यको सिद्धान्तसम्म पुर्या- उँदैनन् । ती वस्तु हामीबाट छु... ...ेषमा रहन्छ । छोटकरीमा भनेमा चेतना (इन्द्रिय) ले वस्तुको स्थिरता... ...ो बोध गराउँदछ जसबाट 'सबै वस्तु परिवर्तन शील छ; कुनै पनि व... ...स्तु सदा रहँदैन, सबै परिवर्तन हुने स्वभावको छ', भन्ने सत्य-नियमलाई गु... ...त राख्दछ । -- Heraclitus,

Downloaded from http://www.dhamma.digital

हुनु पर्दछ । अनि यी तीनै विपल्लासका मूल जरा "अविज्जा" (अविद्या) हो; अर्थात् ती तीनै अविद्यावाट उत्पन्न हुन्छन् । यी तीन मध्ये पहिलो दुइ किसिमका विपल्लास क्लेशको कारणले लोक-सञ्ञा को कारणले उत्पन्न हुन्छन् । तण्हा (तृष्णा), मान (घमण्ड) र दिट्ठि (दृष्टि) ती दुइबाट नै शुरूआत् हुन्छन् । परमार्थ सत्यको दृष्टिकोणले विचार गरेर मानिसले विपल्लासका स्वभावलाई छुट्याउन सक्तछ; र ती विपल्लास-लाई सदाका लागि तिलाञ्जली दिने निश्चय गर्नु पर्दछ ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# तृतीय परिच्छेद

## महाकल्प

अब 'कल्प' नामक पाँच प्रकारका समयावधिको नियमलाई व्याख्या गर्दछौं । ती पाँच हुन्– (१) महाकल्प, (२) असंख्य-कल्प* , (२) अन्तर-कल्प ** , (४) आयु-कल्प र अन्तराय-कल्प (प्रलय-काल)।

### (१) महाकल्प-

इतिहास भन्दा बाहिरका समयावधिमा विभाजित, अनेक घटना घटित (कुनै नियाममा आधारित भई वारवार दोहरिरहने), यो एक प्रकारको सिद्धान्त हो । "महाकल्प" भनेको समयावधि कै सिद्धान्त हो । 'कल्प' मा 'महा' शब्द जोडिएको कारणले नै अनन्त काल भनि विचार गर्न सकिन्छ । त्यसो भए 'महाकल्प' भनेको कति लामो अवधि हो त ?

यसको अवधिको अन्दाज लगाउनको लागि एक लिग लम्वाई एक लिग चौडाइ र एक लिग मोटाइ भएको एउटा सिङ्गै चट्टानको अनुमान गरौं । कोही व्यक्तिले सय वर्षमा एक चोटी नरम कपडा (भुवा) ले त्यस

---

* चार असंख्य-कल्पको एक महाकल्प हुन्छ ।

** असंख्य देखि ओर्लेर १० वर्षमा आउँने ।

Downloaded from http://www.dhamma.digital

चट्टानलाई मस्काउँदै लगेमा कालान्तरमा त्यस्तो चट्टान पनि खिइएर पूर्णतया: नष्ट हुन सक्छ तैपनि महाकल्पको अवधि सिद्धिएको हुँदैन । *

पूर्व कालमा, एक महाकल्प वित्न कति समय लाग्दथ्यो ?

पालि ग्रन्थमा भनिएको छ– "भिक्षुहरू, संसारको शुभारम्भ निश्चय रूपले भन्न गाह्रो छ: 'तृष्णा र अविद्याले पछ्याइएको प्राणीको आरम्भ कहिले भयो' भन्न गाह्रो छ ("पुब्बकोति-नपञ्ञायति") । **

यहाँ 'अनमत' पालि शब्दको अर्थ हो, 'अनिश्चित' जसको अर्थ 'अमत' संग मिल्दछ । अ-मतको अर्थ हो निश्चित नभएको थाहा नभएको । यसकारण भनिएको छ "पुब्बकोति"

---

* "भिक्षुहरू, जसरी लम्वाइ, चौडाइ र मोटाइमा एक एक योजन भएको एक महान पर्वत छ, जहाँ खोक्रो नभएको मजबुत शिला(ढुङ्गा) छ, एक जनाले वनारसमा बनेको मसिनो कपडाले प्रत्येक शताब्दीको अन्तमा त्यस ढुङ्गालाई एक एक चोटी मस्काउँदै जाँदा बरू ती ढुङ्गा खिईएर चाँडै सकिएला तर महाकल्प सिद्धिएको हुँदैन । (सुत्त-निपात, iii.)

** संयुत्त-निकाय, ii.

Downloaded from http://www.dhamma.digital

(आरम्भ) को गणना गरेर साध्य छैन। अर्थात् यसको अर्थ यो पनि हुन सक्तछ कि यो 'अमराबिक्षेप' को तर्क जस्तै हो।*

"पुब्बकोति नपञ्ञायति" भन्ने उध्दृत् पालि गाथालाई सिंहालोकन गरी हेरेमा: "नपञ्ञायति" भन्ने शब्दले वास्तवमा पालि गाथामा दिइए झैं "जन्म नै नभएमा" भन्ने अर्थ निस्कन्छ।

"आनन्द, जन्म नै नभएमा वृद्ध हुनु, मृत्यु हुनु पर्दथ्यो?"

"भन्ते, निश्चय पनि पर्दैनथ्यो।" **

अत: "पञ्ञायति" को अर्थ "जन्मनु" र "नपञ्ञायति" को अर्थ "जन्म-नहुनु" हुन आउँछ।

अर्को दृष्टिले हेरेमा: "पुब्बकोति नपञ्ञायति" लाई महाकल्पको हिसावले लिइएमा साधारणतया थाहा पाउन गाह्रो छ। तर 'कल्प' को मात्र अवधि लिइएमा 'यसको आरम्भ, मध्य र अन्त हुन्छ' भनी भन्न सकिन्छ।

---

* दीघ-निकाय, i. 39f.

** 0p, cit, ii, 52.

Downloaded from http://www.dhamma.digital

सबै महाकल्पको क्रममा निश्चय नै 'पुब्बकोति थियो' भनी, कल्पना गर्नेहरूको लागि तिनीहरू कै काल्पनिक विचार सिवाय अरू कुनै प्रमाण छैन।[1] आर्यहरूद्वारा प्रतिपादित 'कार्य-कारणको सिद्धान्त' लाई इन्कार (अवहेलना) गर्नेहरूको निमित्त अ-हेतुवादको अथवा ईश्वरवादको भ्रम वा विपल्लास पैदा हुन्छ।

महाकल्पको स्वभाव र परिधि यति नै हो।

## (२) असंख्य-कल्प—

'असंख्य' भन्नु नै यति-उति भनी संख्या गर्न नसकिने; संख्या नै गरे पनि सयौं हजारौं वर्षको एकाईलाई लिनु पर्ने; त्यसैले 'असंख्य' भनिएको हो।

यी चार प्रकारका छन्—

(I) संवट्ट-कप्प – (संवट्ट-कल्प),
(II) संवट्टठायि-कप्प – (संवट्टठायि-कल्प),
(III) विवट्ट-कप्प – (विवट्ट-कल्प) र
(IV) विवट्टठायि-कप्प – (विवट्टठायि-कल्प),

अंगुत्तर-निकाय (iv. अथवा vol. ii.) मा उल्लेख

1 यो कुरा विचारनीय छ – अनुवादिका

Downloaded from http://www.dhamma.digital

गरिए अनुसार उपर्युक्त चार असंख्य-कल्प छन्.... । "भिक्षुहरू, कल्प नाश हुने कुरा (संवट्ट-कल्प) लाई धेरै वर्ष, धेरै शताब्दी सम्म पनि हिसाब लाउन सजिलो छैन ।" "संवट्टठायि-कल्प"-मा खालि विनाश मात्रै हुन्छ । चक्रवाल एकपल्ट विनाश भइसकेपछि विनाश भएको अवस्था स्वरूप त्यहाँ केवल 'ओज-धातु' मात्र बाँकी रहेको हुन्छ– यसैलाई "संवट्टठायि-कल्प" भनिन्छ । उत्पत्ति भइरहेकोलाई "विवट्ट-कल्प" भनिन्छ । फेरि स्थापना भई चक्रवालको रूपमा रहने अवस्थालाई "विवट्टठायि-कल्प" भनिन्छ ।

यी कल्पहरू मध्ये पहिलो (संवट्ट-कल्प) लाई तीन भागमा विभक्त गर्न सकिन्छ–

(क) अग्निले कल्प नाश हुने,

(ख) जलले कल्प नाश हुने र

(ग) वायुले कल्प नाश हुने ।

संवट्ट-कल्पको पहिलो अवस्थामा अग्निले कल्प नाश गर्ने बखतमा सबभन्दा तल्लो रूप-लोक र त्यस भन्दा मुनिका सबै लोकहरू विनाश गर्दछ । संवट्ट-कल्पको दोस्रो अवस्थामा जलले कल्प नाश गर्ने बखतमा उच्च रूप-लोक र त्यस भन्दा मुनिका सबै लोकहरू विनाश गर्दछ । संवट्ट-कल्पको तेस्रो

Downloaded from http://www.dhamma.digital

अवस्थामा वायुले कल्प नाश गर्ने बखतमा सबै भन्दा उच्च रूप-लोक र त्यस भन्दा मुनिका सबै लोकहरू विनाश गर्दछ ।

'चार असंख्य-कल्पको बराबर एक महाकल्प हुन्छ' भनी बुझ्नु पर्दछ । यसकारण एक असंख्य-कल्प भन्नु एक महाकल्पको चार भागको एक भाग मात्र हो ।

'ती तीन महा भयंकर युग कहिले आउँछ' भनी हामिले चिन्ता गर्ने कुरो होइन । हामी बस्ने यस ब्रह्माण्डमा 'जहीं तहीं अग्नि, जल, वायुको प्रभूत्व छ' भनी ठान्नु नै हामीलाई पर्याप्त छ । जस्तै एक घरमा आगो लाग्यो भने त्यस घरको आगो अर्को घरमा पनि पुग्दछ र त्यो पनि बल्दछ । दोस्रो घरमा आगो लाग्दा यसमा अग्नि तत्व वढन गई यसले फेरि अर्को घर बल्ने क्षमता बढाउँदछ । स्पष्ट रूपमा दोस्रो घरको आगोको ज्वालाले तेस्रो घरलाई छुने होइन । अग्निको ताप-मानले नै तेस्रो घर बल्ने हो । यही क्रम अरू घरमा पनि लागू हुन्छ । यस उदाहरणबाट जान्न सकिन्छ कि यस महान पृथ्वी र ब्रह्माण्ड सदा ती तत्व (धातु) हरूले भरिएका हुन्छन् जसले यी विश्व-ब्रह्माण्डलाई मौका पाउने वित्तिकै बदल्ने र विगार्ने काम गर्दछ । मौका पाउने वित्तिकै अग्निले पृथ्वीको आश्रयमा रहेका एक वा अनेक पर्वतलाई विनष्ट गर्न सके झैं यस पृथ्वी-लाई ध्वष्ट गर्दछ । ब्रह्माण्डमा यस प्रकारको घटना घट्दै जाने

Downloaded from http://www.dhamma.digital

कुराको केही लेखा-जोखा हुँदैनन् । केवल भयानक धक्का र प्रतिक्रियाहरूका क्रमिक लहर मात्र चाल पाइरहन्छन् ।

## (३) अन्तर-कल्प–

विवट्टठायि नामक एक असंख्य-कल्प भित्र देखा पर्ने कल्पलाई 'अन्तर-कल्प' भनिन्छ । असंख्य-कल्पको शुरू शुरूमा मानिसको आयु साह्रै लामो हुन्छ । यस्तो स्थिति त्यसबेला-सम्म रहन्छ जबसम्म मानिसमा अनैतिकताको वृद्धि हुँदैन । पछि विस्तार विस्तारै आयु घट्दै गई सयौं, हजारौं वर्ष पश्चात् केवल तिनीहरूको आयु दश वर्षको हुन्छ । नैतिक-ताको फेरि वृद्धि हुँदै गएमा तिनीहरूको आयु लम्बिदै अन्तमा साह्रै लामो आयु भएका हुन्छन् । यति अवधिलाई एक 'अन्तर-कल्प' भनिन्छ । यस्तो चौसट्ठी अन्तर-कल्पको बराबर एक असंख्य-कल्प हुन्छ– यसरी अट्ठकथाहरूमा उल्लेख भएको पाइन्छ ।

यसो भएता पनि एक असंख्य-कल्पको समयावधिको ज्ञान भए पछि मात्र एक अन्तर-कल्पको अवधिलाई जान्न सकिन्छ । मानौं कि गंगाको एक लिग ❀ बराबर ठाउँमा रहेको बालुवालाई कोही मानिसले एक एक गरी गन्दै गएमा धेरै वर्ष पछि बरू ती वालुवाका कण चाँडै गन्न सिद्धिएला तर अन्त-कल्प सिद्धिएको हुँदैन ।

❀एक योजन, तात्कालीन लम्बाईको नाप, करिब. ७ माइल ।

Downloaded from http://www.dhamma.digital

## (४) आयु-कल्प–

"सयौं, हजारौं आयु-कल्प" भनी लिंदा मानिसको 'आयु-कल्प' भनी थाहा पाउनु पर्दछ । पशु, प्रेत, राक्षस, (दैत्य), विनिपात प्राणी र भूमिस्थ देवताहरूको आयु अनिश्चित हुन्छ । देवलोक र बीस ब्रह्मलोकका सत्वहरूका आयु-प्रमाण प्रत्येकमा भिन्न हुन्छ ।

## (५) अन्तराय-कल्प (प्रलय-काल)–

मनुष्य-लोकमा बेला-वखतमा हुने धटनाबाट मानिसको आयुमा धक्का पुर्‍याउँदछ । शस्त्रंतर, दुभिक्खन्तर र रोगन्तरका विभेदले यी तीन प्रकारका छन् । पालि ग्रन्थहरूमा उल्लेख, भएको छः एक ब्राह्मणले भगवान बुद्धलाई भन्यो– "भन्ते गौतम, जेष्ठ ब्राह्मणहरू, गुरुहरू, गुरुका गुरुहरूबाट मैले सुनेको थिएँ कि मानिसले व्याप्त भएका... यस लोक अतीतकालमा "कुखुराको उडान" मा गाउँहरू, नगरहरू र राजधानीहरू वनेका थिए । अब के कारण हो, के हेतु हो, वर्तमान समयमा मानिसको संख्या घट्दै गइरहेको, जसबाट तिनीहरूको संख्या-मा कमी भएको स्पष्ट देखिन्छ; र गाउँ गाउँ जस्तो देखिन्दैन शहर शहर जस्तो देखिन्दैन र बस्ती बस्ती जस्तो देखिन्दैन ?"

भगवान बुद्ध भन्नुहुन्छ– "ब्राह्मण, किनभने मानिस-

Downloaded from http://www.dhamma.digital

हरू अनैतिक आचरणमा लागेका छन्, लोभले दग्ध भई 'मिथ्या– आदर्शका शिकार' छन्; तिनीहरू तीक्ष्ण भालाले एक अर्कालाई मार्दछन् । यही मुख्य कारण हो; यही हेतु हो कि मानिसहरू घट्दै छन् । यसबाट तिनीहरूको संख्यामा कमी भएको स्पष्ट देखिन्छ । ब्राह्मण, अर्को पनि कारण छ: जसले नैतिकतालाई भ्रष्ट गर्दछन्; तिनीहरूको निमित्त चाहिने मात्रामा पानी पर्दैन र अनिकाल पर्दछ; जसको परिणाम स्वरूप धेरै मानिस मर्दछन् ।"

"अरू पनि ब्राह्मण, मनुष्यले नैतिकता भ्रष्ट गर्दै जाँदा यक्षहरू, अमनुष्य प्रेतहरू प्रवेश हुन्छन्, जसको फल-स्वरूप 'धेरै मानिस मर्दछन्' ।"

"कुखुराको उडानमा" भन्नुको अर्थ हो गाउँ र शहरहरू यति नजिक बनिएका थिए कि कुखुरा उडेर जाँदा एक सीमाना पार गरी अर्को सीमानामा पुग्न सक्तथ्यो......।

"मिथ्या आदर्शको शिकार" को अर्थ हो, राग, द्वेषबश: प्राणी बध सहित अरू विविध प्रकारका बलिदान गरी 'धर्म गरेको' भनी ठान्नु ।

"धेरै मानिस मर्दछन्" भन्नुको तात्पर्य हो, कुनै बेला,

---

अंगुत्तर-निकाय, iii.,56, or vol. i, 159 f.

Downloaded from http://www.dhamma.digital

कुनै कुरामा प्रशासनमा गड्बड् हुनु, चोरहरूले कुकर्म गरी भीषण अपराध गर्नु, आदि कारणले गर्दा देशमा उपद्रव मच्चिन्छ जसबाट धेरै मानिसले आफ्नो ज्यान गुमाउँछन्; अनेक धन र खाद्य सामाग्रीहरू विनाश हुन्छन् र त्यसैको कारणबाट गाउँ, निगम (जिल्ला), शहर र राजधानीहरूमा आगलागी हुन्छ। यस प्रकारका भय कहिले तीन वर्षको एक पल्ट, कहिले पाँच वा छ वर्षको एक पल्ट, कहिले दश वा बाह्र वर्षको एक पल्ट आइपर्छ। फेरि एक देश र अर्को देशको बीचमा र एक राज्य र अर्को राज्यको बीचमा लडाइँ हुने समय आउँदछ, 'जसको परिणाम स्वरूप धेरै मानिस मर्दछन्। यसैलाई अराजता र लडाइँका "अन्तराय-कल्प" (प्रलय-काल) भनिन्छ।

"यक्ख" (यक्ष) को अर्थ हो, चार दिशाका चार लोकपाल शाशकहरूले राखिएका सेवकहरू। "भयंकर" को अर्थ हो, दुष्ट, असभ्य, अमानुष सत्वहरू, भूमि-निवासी राक्षस र पिसाचहरू, जल-चर र नभ-चर सूक्ष्म जीवहरू।

"जसको परिणाम स्वरूप धेरै मानिसहरू मर्दछन्" को अर्थ हो, समुद्र वा जङ्गलबाट सयौं, हजारौं संख्यामा अमानुष प्रेतहरूलाई मानिसहरूको आवादीमा आउने मौका पाउनु। तिनीहरूले अनेक प्रकारका रोग फैलाई जीउँदो मानिसहरू-

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

लाई समात्दै रगत चुस्छन्, बोसो खान्छन् । यसकारण, तिनी-हरूलाई "रक्त-प्यासी" र "रक्त-चूसी" भनिन्छन् । मानिसलाई समाउन असफल भएमा तिनीहरू गाई-भैंसी, बोका-भेडाका रगत चुस्न, बोसो खान पुग्दछन् । कुनै देशमा एक चोटी त्यस्तो महामारी फैलिएमा त्यहाँ छ, सात वर्ष सम्म नै मानिस र पशुहरूका बच्चाहरूका मृत्यु-संख्या प्रशस्त मात्रामा बढने कारण बन्दछ । यस्तो महामारीबाट बच्नको निमित्त तुना-मन्त्र, झार-फुक प्रयोगमा ल्याइन्थ्यो; अथवा यक्षहरूलाई आहुति दिन्थे । महावंश ग्रन्थमा श्री लंकाका शक्रबोधिराज कथा यसै सन्दर्भमा उल्लेख गरिएको हुनु पर्दछ ।

यसलाई महामारीको 'प्रलय-काल' भनिन्छ ।

यस संसारमा अनेक किसिमका प्रयल-काल देखा पर्दछन् । पहिले, पहिले दण्डक, मज्झ, कलिङ्ग र मुतङ्ग राज्य-हरूमा पिसाचहरूले ग्रष्ट गरिएका कुरा उदाहरण स्वरूप लिन सकिन्छ । आज-कल पनि निगम, ग्राम, नगरहरूमा भयंकर भूईचालोबाट, अथवा ठूल-ठूला छालहरूबाट, ज्वालामुखी विस्फोटन हुनाको कारणबाट, जहाज दुर्घटनाबाट ठूलो संख्यामा जीवनको क्षति भई धेरै प्राणी मृत्युको मुखमा परिरहन्छन् ।

यी तीन प्रलय-काल धेरै जसो कहिले आइपर्छन् त ?

Downloaded from http://www.dhamma.digital

मानिसको आयु पाँच-सय वर्ष भएको समयदेखि शुरू हुन्छ । चक्रवर्ति सूत्र*मा उल्लेख गरिएको छ– "भिक्षुहरू, मानिसको आयु पाँच सय वर्ष भएदेखि यी तीनले व्याप्त हुन्छन्– अनाचार, अतिलोभ र मिथ्या आदर्श ।

* दीघ-निकाय, iii., 70.

Downloaded from http://www.dhamma.digital

## चतुर्थ-परिच्छेद

# अचिन्तेय्यानि (चिन्तना गर्न नसकिने कुरा)—

चिन्तना गर्न नसकिने कुरा चार छन्। ती हुन्— (१) बुद्ध-क्खेत्त (बुद्धको क्षेत्र), (२) इद्धि-क्खेत्त (ऋद्धिको क्षेत्र), (३) कम्म-फल (कर्म-फल) र (४) लोक-उत्पत्ति-नियाम।

पालि ग्रन्थमा उल्लेख गरिए-अनुसार: बुद्धको बुद्ध-विषय, ध्यानीको ध्यान-विषय, कर्म-विपाक र लोक-चिन्ता नामक यी चार अचिन्तनीय; चिन्तना गर्न नसकिने विषय छन्। जसले उपर्युक्त यी चार कुरामा चिन्तना गर्दछ उसको चित्त विक्षिप्त हुन्छ र ऊ बहुलाउँदछ।❀

यहाँ "अचिन्तेय्यानी" को अर्थ हो— 'जन-साधारणले चिन्तन गर्न नसकिने, तिनीहरूको बुद्धिले नभ्याउने; तिनीहरूको विचार शक्तिले भेट्टाउन नसकिने कुरा।' जसमा विचार गर्दा यसो भन्न बाध्य तुल्याउँदछ— 'म आर्य-पुद्गलहरूबाट ज्यादै

---

❀ "चत्तारिमानि भिक्खवे, अचिन्तेयानि, नचिन्तेतब्बानि, यानि चिन्तेन्तो उमादस्स विघातस्स भागी अस्स।" – अंगुत्तर-निकाय. चतुक्क-निपात, पृष्ठ - ८४.

Downloaded from http://www.dhamma.digital

टाढा छु कि नजिक छु; म आफैले आफ्नै प्रज्ञा-ज्ञानले यस कुरालाई साक्षात्कार गर्दछु ।' 'चित्त-विक्षिप्त हुनु' को अर्थ हो, चित्त थातमा नआउनु । 'बहुलाउनु' को अर्थ हो मानसिक दुःखको कारण बन्नु । 'झान-विसय' (ध्यान-विषय) लाई 'इद्धि-विसय' (ऋद्धि-विषय) भनिन्छ ।

## बुद्ध-क्खेत्त (बुद्धको क्षेत्र)–

चार इद्धिपाद, छ अभिञ्ञा र दश-बल छन् । केवल भगवान बुद्धको प्रज्ञा-ज्ञानले मात्र यी कुरा प्राप्त गर्न सकिने हुन्छन् । बुद्ध वाहेक आर्य पुद्गल (उत्कृष्ट शिष्य) अथवा मनुष्य वा देवतामा कुनै सत्व यस अवस्थामा पुग्न नसकिने हुन्छ । ती इद्धिको विषयमा बौद्ध-ग्रन्थमा अध्ययन गर्न सकिन्छ । यसो गरेमा मात्र अनुयायी (भिक्षु) ले आफ्नो कर्तव्य पूरा गर्न सक्तछ; अन्यथा उसको प्रयास असफल हुन्छ र उसको हानीको कारण बन्दछ; अर्थात् (ग्रन्थमा) उल्लेख भए अनुसार 'चित्त विक्षिप्त हुन्छ र उन्मत्त हुन्छ' ।

अनुयायी नभएका ज्ञान पिपासुहरूलाई यति कुरा नै पर्याप्त हुनेछ ।

यस तथ्यलाई स्वीकार गरिएमा अरू प्रश्न उठ्दछ–

Downloaded from http://www.dhamma.digital

"व्यक्ति कसरी बुद्ध बन्दछ, अर्थात् 'सर्वज्ञ', 'बुद्ध', 'सर्व शक्ति-मान' भनी कसरी थाहा पाउने ?" यसको उत्तर हो: 'उहाँको ज्ञानको अगाढता द्वारा;' अर्को शब्दमा: 'सर्वज्ञताद्वारा' । 'सर्वज्ञ' भनी कसरी थाहा पाइन्छ ? उहाँको आध्यात्मिक उप-देशद्वारा । (गौतम बुद्धको सम्बन्धमा भए) उहाँको 'धम्म-काय स्वरूप चौरासी हजार धर्म-स्कन्ध भनी थाहा पाउनु पर्दछ ।* केवल अलौकिक ऋद्धिले सम्पन्न हुँदैमा बुद्धत्व प्राप्त गर्न सकिने होइन अपितु 'बुद्धि-महत्त' ले सम्पन्न व्यक्ति मात्र "बुद्ध" बन्दछ । यथार्थमा "बुद्ध" अनन्त मैत्री, शील-सदाचार, समाधि-बल, ऋद्धि-प्रातिहार्य, प्रज्ञा-ज्ञान– यी गुणाङ्गले परिपूर्ण भई साँचै नै बहुजन हितकारी हुन्छ ।

'केवल ऋद्धि-बलको कारणले मात्र भगवान बुद्ध साँचै के मुक्तिदाता बन्नुहुन्छ । भनी उल्टो जिद्दी गरिएमा, प्रज्ञाद्वारा मात्र प्रज्वलित हुने भएका सम्मा-दिट्ठि (सम्यक्-दृष्टि), बहुजन हितकारीका कुरा एकातिर पर्न गई ऋद्धि-बलले ऊ आफैलाई अन्धो बनाई दिन्छ र यसले घेरै बाल-मुर्खजनलाई हानि पुऱ्या-उने छ' भनी तर्क गर्न सकिन्छ । वास्तवमा, प्रज्ञा विहीन ऋद्धि-बल सानो होस् वा ठूलो चलाक्याँई, धूर्त र धोखा दिने साधन स्वरूप बन्दछ । ऋद्धि-बल तिर ढल्केका मानिसहरू बालकहरू कैं हुन्छन् भने ज्ञान तिर ढल्केका मानिसहरू साँचै बुद्धिमान

* थेर-गाथा, Ananda's verses, 1024

Downloaded from http://www.dhamma.digital

हुन्छन् । यस सत्य कुरा 'दीघ-निकायको सीलक्खन्ध-वग्ग' को 'केवट्ट-सुत्त' मा उल्लेख गरिएको छ ।

'बुद्धि महत्त' झैं 'ऋद्धिबल पनि श्रेष्ठ छ' भनी कसैले भनेछ भने ऋद्धिबलको कारणले सँसारमा भएका सबै कुशल कर्म गर्न सक्ने क्षमता त्यस सत्वमा निहित हुनु पऱ्यो । यही कुरालाई अपनाउने हो भने उसको शिक्षामा शील पालन गर्नु पर्ने आवश्यक पर्न आउँदैन भनी उसलाई जवाफ दिन पर्ला । यसो भएमा, यो पनि मात्र कर लाग्छ कि उसको भनाई अनु-सार उसको श्रेष्ठ ज्ञानको कारणले कुनै प्रकारको कर्म पनि गर्नु पर्दैन । यसो हो भने, यस्तो तर्क लगाउन सकिन्छ कि उसको धर्ममा उपदेश र ज्ञानको कुनै महत्ता रहँदैन ।

'ऋद्धिबल नै श्रेष्ठ हो' भने यस भनाई अनुसार त्यस व्यक्तिले संसारलाई हर सम्भव भलाई गर्ने समर्थ हुनु पर्ने हो। 'समर्थ हुनु' को अर्थ हो, आकाशमा रहेको चन्द्र-सूर्यलाई देख्ने भन्दा पनि स्पष्ट रूपमा जहिले पनि दुनियाँलाई देख्न सकिने क्षमता । अन्यथा ती मुर्खहरू धुर्त र चलाक्याइँबाट ठग वृत्तिले आफ्नो जीवन निर्वाह गरी अन्तमा भ्रमतावश: आफूले आफै-लाई धोखा दिई यस महान पृथ्वीमा अलपत्र पर्नु पर्ने हुन्छ। तर बुद्धि-महत्ता शत प्रतिशत भरपर्दो हुन्छ र संसारको सामुन्ने स्वभाव अनुरूप मुर्ख नबनिकन ठल-ठूला कार्य सम्पादन गर्दछ ।

Downloaded from http://www.dhamma.digital

## इद्धि-क्खेत्त (ऋद्धिको क्षेत्र)–

विशेष साधना अविवृद्धि गरी प्राप्त गरिने अलौकिक शक्तिलाई 'इद्धि' (ऋद्धि) भनिन्छ । प्राचीन कालमा लामो आयु छँदा, बुद्ध-धर्म बाहिरका श्रमण र ब्राह्मणहरूले पाँच प्रकारका इद्धि प्राप्त गर्दथे । ती हुन्– (१) इद्धिविध-अभिञ्ञा (ऋद्धि-विध–अभिज्ञा), (२) दिब्ब-चक्खु (दिव्य-चक्षु), (३) दिब्ब-सोत (दिव्य-श्रोत), (४) परचित्त-विजानन (परचित्त-ज्ञान) र (५) पुब्बेनिवासानुस्सति (पूर्वेनिवासानु-स्मृति) । उपर्युक्त पाँच र आसवक्खयाभिञ्ञा (आस्रवक्षय-अभिञ्ञा) समेत छ प्रकार-का ऋद्धिबल भगवान बुद्धका अनुयायी (भिक्षु) हरूले प्राप्त गर्दछन् ।

श्रमण र ब्राह्मणहरू दिव्य-शक्तिद्वारा माथि देव-लोक र ब्रह्म-लोक देखि तल अपाय (नरक) लोक र संसार-चक्र (चक्रवाल) को सीमान्त भन्दा पनि टाढा पुग्दछन् ।

दिव्य-चक्षु र दिव्य-श्रोतको बल द्वारा यहाँ बसेर टाढा टाढाका चीज-वस्तु देख्न र शब्द सुन्न सक्दछन् ।

पर-चित्त-द्वारा अरूको चित्तको कुरा जान्दछन् र पुर्वेनिवासानु-स्मृतिद्वारा धेरै समय अधिका घटनाहरू, सयौं जन्म पहिलेका कुरा, अरु अनेक संवट्ट र विवट्ट कल्पका ज्ञान समेत स्मरण गर्न सक्दछन् ।

Downloaded from http://www.dhamma.digital

तल, माथि र यताउति जाँदा उनीहरूले यसरी विचार गर्दछन्– "यसरी यात्रा गर्दा हामीले एक क्षणमा यति योजन गएको थाहा पाउँदछौं ।" यसो गर्दा युगान्तरको क्रममा चक्रवालमा बिश्व-नियामका विविध वाह्य आकार घेरै योजनसम्म देखा पर्दछ । आश्रवक्षय (आसवक्खय) ज्ञान भएको थाहा पाएपछि तिनीहरूले संसारलाई त्यागेर जङ्गल निवासी भई त्यहीं रूप-धर्मको समथ कृत्य र पुद्‌गललाई ब्रह्मलोकसम्म पुऱ्याउन सक्ने मेत्ता, करुणा, मुदिता, उपेक्षा नामक ब्रह्म विहारको भावना गरी पाँच प्रकारका अभिञ्ञाका ज्ञाता हुन्छन् । त्यसबेलादेखि तिनीहरूको लागि गर्नु पर्ने अरू केही बाँकी रहँदैन । यस अवस्थादेखि तिनीहरू यस संसारमा जीवित रहेसम्म सयौं, हजारौं, लाखौं वर्षसम्म संसारलाई केवल भलाई मात्र गर्दछन् । यसोगर्दा तिनीहरूलाई विविध प्रकारका कला र विज्ञानका कुरा पनि स्पष्ट हुँदै आउँछ ।

यस प्रकारका श्रमण र ब्राह्मणहरूका कुरा ब्रह्मजालसूत्रमा उल्लेख गरिएको छ– 'कोही कोही तपस्वी र ब्राह्मणहरूले कल्पानकल्प भन्दा पहिले भएका कुरा र कल्पानकल्प पछि हुने कुरा, आदि परिकल्पना गर्दथे ।'* यसबाट थाहा हुन आउँछ कि तिनीहरूको परिकल्पना पाँच प्रकारका ऋद्धिको

* Ibid., p. 52.

Downloaded from http://www.dhamma.digital

क्षेत्र भन्दा पनि वाहिर पर्दछ । त्यसकारण तिनीहरूका इद्धि-विसयका कुरा र ज्ञानका कुरामा जनसाधारणका दिमागले भ्याउने कुरा होइन । ती तपस्वी र ब्राह्मणहरूले व्याख्या गरी दिइएका बुँदाहरू सिक्ने काम मात्र हुन्छ । दस वत्थुक-सम्मा-दिट्ठिमा* यसरी उल्लेख गरिएको छ– "संसारमा श्रमण र ब्राह्मणहरू संम्यक्-व्यायामको अनुशरण गरी संम्यक्-व्यायाम अविवृद्धि गरी यस चक्रवाल र त्यस्तै अरू चक्रवालका स्वभाव-धर्मलाई जानौं, बुझौ तिनीहरूले जाने-बुझेका कुरा अरूहरूलाई पनि सिकाउँदछन् ।"

कसैले यसो भन्न सक्तछ– 'यस्तो महान ऋद्धि-बल सम्पन्न भएका श्रमण ब्राह्मण छन्' भनी म विश्वास गर्दिन । किन ? किन भने आज विश्वमा यस प्रकारका मानिस न देख्न सकिन्छ, न सुन्न नै ।

तिम्रो भनाई ठीक छ, 'यस्ता मानिस आज देख्न नै सकिन्छ' भन्ने कुनै निश्चितता छैन । यसको कारण हो, यस क्षय-कल्पको अन्तिम घडीमा साह्रै ढिलो गरी तिमी जन्म्यौं । 'यस प्रकारको मानिस छ' भन्ने कुरो आज सुनिन्दैन पनि– तिमीले भनेको कुरा केही अंशमा ठीक छ । यसको कारण यो हो

* 'संम्यक्-दृष्टिः आदि दश प्रकारका; मज्झिम-निकाय, महा-चत्तारिक सुत्त" । (No. 117.).

Downloaded from http://www.dhamma.digital

कि कल्पको आरम्भ देखि अविच्छिन्न रूपले धर्म र पालि ग्रन्थबाट टाढा रहेको अनार्य-भूमिमा साह्रै ढिलो गरी तिम्रो जन्म हुनु । तर तिमीले यो कुरोमा विश्वास गर्नु पर्दछः 'प्राचीन कालमा यो विश्व सर्व क्षेत्रमा अत्यन्त परिपूर्ण थियो; मानिसहरूको आयु साह्रै लामो थियो, उनीहरू कल्पभर सम्म पनि बाँच्दथे' । त्यसो भए के यस विश्वका मानिसहरू त्यस बेलाका मानिसहरू जस्तो हुन सक्छन् त ? के आज कल हामी त्यसबेलाका श्रमण, तपस्वी जस्तो हुन सक्छौं ?*

## कर्म-फलको स्वभावः

पुद्गलको जीवन-कालमा भोग्ने फल र मृत्यु-पश्चात् भोग्ने फलको विभेदले दुइ प्रकारका छन् । यहाँ 'फल' भन्नुको अर्थ हो, परिपक्व हुनु । उदाहरण लिइएमाः मानिसले काम गरिसकेर कहापण (प्राचीन भारतीय मुद्रा) कमाई सकेपछि त्यसबाट उसको इच्छानुसार आनन्द लुट्दछ, त्यसपछि मात्र उसको कार्य पूर्ण हुन्छ; अर्थात् श्रमिकको लक्ष्य पूर्ण हुन्छ । यही किसिमले माथिका कुरा बुझ्नु पर्दछ । एक चोटी

---

* 'यस प्रकारका मानिस आज संसारमा छैनन्' भन्नु हुँदैन । तिनीहरू छन् र सक्छन् । त्यतिमात्र होइन, तिम्रो लागि पनि यो सम्भावना छ कि हर सम्भव प्रयत्न गरेमा निब्बान (निर्वाण) भूमिमा पुग्न र स्वयं तिमीले साक्षात्कार गर्नको लागि सबै चीज सुरक्षित छ ।

Downloaded from http://www.dhamma.digital

गरिएको कर्म-फल परिपक्व नभएसम्म अरु यसको अन्त नभएसम्म भोग्नु पर्ने हुन्छ। यसको क्रम (सन्तती) सयौं, हजारौं कालसम्म पनि चल्ने हुन्छ। यसरी अकुशल स्वभावको शक्तिशालि कर्मले यसको अन्त नभएसम्म दुःखदायी अवस्थामा पुऱ्याउँदछ र कुशल स्वभावको शक्तिशालि कर्मले सुखदायी जीवन प्रदान गर्दछ।

फेरि कर्म-विपाक दुइ प्रकारमा विभक्त गरिन्छ- पुद्गलले असर पार्ने र अरूहरूलाई असर पार्ने। यी दुइमा पहिलो प्रकारको कर्मले व्यक्ति आफैले उसको कुशल वा अकुशल कर्म-विपाक यस जन्म वा भावी जन्ममा उन्नति वा अवनतिको रूपमा भोग्नु पर्ने हुन्छ। यस किसिमको कर्म-विपाकले केवल कर्ताको कर्ममा मात्र असर पार्दछ। तर पुद्गलको उसको यस जन्ममा स्व-कर्मको तेज र शक्तिले गर्दा उन्नति र अवनितको अवस्था उत्पन्न भई उसलाई सुखी वा दुःखी तुल्याउने कार्य ऊ आफैमा भन्दा अरूमा निर्भर गर्दछ। यसलाई 'अरूहरूलाई असर पार्ने' कर्म-विपाक भनिन्छ। यस अर्थमा उसको कर्म-विपाक अरूले बाँडेर लिन्छन्।

'पुद्गलले असर पार्ने' चाहि कर्म-विपाक महासुदर्शन सूत्रमा उल्लेख भए झैं राजा महासुदर्शनको जीवनीमा उन्नति भएको कुरा उदाहरण स्वरूप लिन सकिन्छ। विशेषतः राजाको कुशल-कर्मको प्रभावले गर्दा अरूहरूको जीवनमा उन्नति-

Downloaded from http://www.dhamma.digital

वृद्धिको अवस्था प्राप्त भयो; कसैलाई राजाबाट र कसैलाई बाहिरबाट लाभ भयो। यो 'अरूहरूलाई असर पार्ने' कर्म-विपाक हुन्। यसले अर्को देशको जनतालाई समेत सुखी तुल्याउँदछ।

अकुशल कर्मको सन्दर्भमा: नालिकेर राजाले पाँच सय तपस्वीहरू*लाई कष्ट दिएकोले अरूहरूलाई असर पार्ने कर्म-विपाक अनुसार सम्पूर्ण राज्य नष्ट भएको कथा र अरू यस्तै सम्बन्धित् कथाहरू लिन सकिन्छ।

यसरी उल्लेख गरिएको पनि छ– "भिक्षुहरू, बहुजन-हितको लागि, बहुजन-सुखको लागि, लोकलाई अनुकम्पा गर्नको लागि, आफ्नो र देव-मनुष्यको हितको लागि कुनै कुनै पुद्गलको जन्म हुन्छ। भिक्षुहरू, बहुजनको अहितको लागि, बहुजनको असुखको लागि, बहुजनलाई कष्ट दिनको लागि, देव र मनुष्यको अहितको लागि कुनै कुनै पुद्गलको जन्म हुन्छ।"*

यसले केवल सत्व, प्राणी र त्यस्तै मानिसलाई मात्र असर पार्ने होइन अपितु शून्य-आकाश र सम्पूर्ण जीव-जगतलाई समेत असर पार्दछ। पालि ग्रन्थमा यसरी उल्लेख गरिएको

---

* जातक

* अंगुत्तर-निकाय, i., p. 33.

Downloaded from http://www.dhamma.digital

छ– "भिक्षुहरू, यो नियम हो कि बोधिसत्व तुषितभूवनबाट पतन भई आमाको पेटमा प्रवेश गर्दा स्वर्ग-लोक सहित यस संसारमा अनन्त उज्वल ज्योति-पुञ्ज व्याप्त हुन्छ र त्यसपछि दश-हजार लोक-धातु कम्पित हुन्छ, प्रकम्पित हुन्छ र दोलायमान हुन्छ।" बोधिसत्वले अनेक पारमिता पूर्ण गर्दाखेरी निस्कने (फल) विपाक 'अरूहरूलाई असर पार्ने' किसिमको कर्म-विपाक हुन्।

व्यक्तिहरू कायिक र मानसिकद्वारा सीमान्तसम्म पापी बन्दा तिनीहरूको सबै कर्म परिपक्व भई यस महापृथ्वीलाई पनि अतिक्रमण गरी, चन्द्र, सूर्य र ताराको ग्रह-कक्षसम्म पनि ध्वष्ट पारी सम्पूर्ण शून्य-आकाश र जीव-जगतका वृक्ष, आदि-लाई पनि विनष्ट गर्दछ। यसरी कुशल-कर्मबाट उन्नति-बृध्दि हुन्छ र अकुशल-कर्मबाट विपत्ति आइपर्दछ। त्यसपछि यी दुबै लोकमा जीवित भई रहने प्राणीमा र मानिसमा आयु, सौन्दर्यता र स्वस्थता घट्दै जान्छन्।

आजकल मानिस र वृक्ष साह्रै सानो आकारमा देखिन्छन्। बुद्ध-वंशमा भनिएको छ कि 'धेरै आयु भएको बेला भगवान बुद्धको शरीर असी क्यूवित लामो थियो; अंगुत्तर-निकायको छैठौं भागमा उल्लेख गरिए अनुसार 'भगवान बुद्धको उच्चाई नब्बे क्यूबित थियो'। धम्मिक-वग्ग*मा भनिएको छ

* अंगुत्तर-निकाय, iii.,

Downloaded from http://www.dhamma.digital

कि 'प्राचीन कालमा कुरु राज्यका राजा कौरव्यका सुप्पतिट्ठ नामक एउटा केराको बोट थियो; यसको परिधि (गोलाई) बाह्र लिग थियो र यसमा फल्ने फल ठूलो घ्याम्पा जत्रो थियो......'।

कायिक र मानसिक कर्मद्वारा मानिस धर्मात्मा बन्दा यही किसिमले मानिसको आयु कसरी बढ्दै जान्छन् भन्ने कुरा स्पष्ट गरी सकेको छ। यसै सम्बन्धका कुरा संम्पूर्ण अग्गञ्ञ-सुत्त र चक्कवत्ति-सुत्तमा दर्शाइएको छ।* फेरि अंगुत्तर-निकाय** पत्तकम्म-वग्गमा उल्लेख गरिएको छ– "भिक्षु-हरू, राजा र राजकुमारहरू अन्यायी भयो भने, त्यस्तै ब्राह्मण, गृहस्थहरू अन्यायी भयो भने र त्यस्तै गाउँ र शहरका मानि-सहरू अन्यायी भयो भने चन्द्र, सूर्य, तारा र ग्रहहरू अनि-यमित रूपले घुम्दछन्। फेरि भिक्षुहरू, राजा र राजकुमारहरू न्यायी भयो भने, त्यस्तै ब्राह्मण, गृहस्थ, आदि पनि न्यायी भयो भने चन्द्र, सूर्य, तारा र ग्रहहरू नियमित रूपले घुम्दछन्।" यो मानिसको सामूहिक कर्म-फलको प्रभाव हो। यस प्रकारका कर्म-फलले सम्पूर्ण चक्रवाल (भूवन) र सबै जीव-जगतमा समेत प्रभाव पार्दछ।

* दीघ-निकाय, iii, Nos. xxvi., xxvii.

** vol. ii,. p. 74. f.

Downloaded from http://www.dhamma.digital

यहाँ 'कर्म-फल' भन्नुको अर्थ हो— 'कर्म परिपक्व भई फल दिनु' भनी थाहा पाउनु पर्दछ। 'अचिन्तेय्यानि-विसय' भित्र नपरेका ऋद्धि-बल पनि पूर्व-जन्मको कर्मद्वारा सम्भव हुन सक्ने कुरा उदाहरण स्वरूप लिन सकिन्छ।

यस्ता बलहरू धेरै प्रकारका हुन्छन्; सत्वका प्रत्येक भूमिमा आ-आफ्नै प्रकारका ऋद्धि-बलहरू हुन्छन्।

ब्रह्माको ऋद्धि-बलको सम्बन्धमा सङ्खारूपपत्ति-सुत्त*मा एक हजार देखि दश हजार ब्रह्माहरूका उपस्थिति भएको कुरा उल्लेख गरिएको छ: तद्अनुसार एक हजार ब्रह्माले एक हजार चक्रवाललाई आ-आफ्ना प्रकाशले व्याप्त गर्दछन्; दुइ हजार ब्रह्माले दुइ हजार चक्रवाललाई आ-आफ्ना प्रकाशले व्याप्त गर्दछन्: यस्तै प्रकारले अरूमा पनि। यी प्रथम-ध्यान प्राप्त महाब्रह्माहरू रहने भूमि हुन्। अब यस भूमि भन्दा तल रहने देवता र मानिसहरूले यो चाहिं वा त्यो चाहिं महाब्रह्मा संसारको सृष्टिकर्ता, संसारका मालिक (परमेश्वर, लोक-पिता), सर्वव्यापी, नित्य (अचल), लोक-रक्षक भनी अनुमान गर्दछन् र मान्दछन्। मज्झिम-निकायको मूल-पण्णासको पहिलो सूत्रमा यसरी उल्लेख गरिएको छ— "पृथक्जनले ब्रह्मालाई ब्रह्मा**

* मज्झिम-निकाय, vol., No. 120.

** साह्रै लामो आयु भएको सत्वलाई "सृष्टि कर्त्ता", "मालिक", "ईश्वर", "सर्वशक्तिमान", आदि भनी पुकार्नु।

Downloaded from http://www.dhamma.digital

भनी मान्दछन् । ब्रह्मालाई ब्रह्मा भनी मानेर ब्रह्माको अनुमान गर्दछ, ब्रह्मामा लक्षण विचार गर्दछ, ब्रह्माद्वारा लोक-निर्माण भएको कुरा मान्दछ, 'ब्रह्मा उसको हो' भनी ठान्दछ, ब्रह्माको अभिवादन गर्दछ । यसको के कारण हो ? 'उसलाई राम्रोसंग थाहा नभएकोले यसो भनिएको हो' भनी म भन्दछु ।"

यहाँ 'ब्रह्मालाई ब्रह्मा भनी मान्दछ' भन्नुको अर्थ हो: साधारण कुराकानीमा 'ईश्वर' को नाउँ लिए ॐ लिनु । 'उसले ब्रह्माको अनुमान गर्दछ' को अर्थ हो– (क) उसको पुनर्जन्म नहुने विचारले कल्पना गर्नु –'अहो' ! महाब्रह्मामा कस्तो सुन्दरता ! (ख) उसको मानलाई मानेर कल्पना गर्दछ– 'ऊ लोकमा सबै भन्दा श्रेष्ठ परमेश्वर हो', (ग) उसको चिन्तनशील विचार अनुसार कल्पना गर्दछ– 'ऊ अपरिवर्तनशील, नित्य-आत्मा सदा अचल, अडिग रहन्छ' ।

'ब्रह्मामा लक्षण विचार गर्दछ' भन्नुको अर्थ हो, उसमा यस्तो यस्तो प्रकारको शोभा हुन्छ; यस्तो यस्तो अलौकिक ऋद्धि-बल हुन्छ । 'ब्रह्माद्वारा लोक-निर्माण भएको कुरा मान्दछ' भन्नुको तात्पर्य हो– यस संसारको उत्पत्ति ब्रह्माबाट नै हुन्छ अर्थात् ब्रह्माको सम्बन्धद्वारा नै लोकको निर्माण हुन्छ । 'ब्रह्मा उसको हो,' भन्ने अभिप्राय हो– ब्रह्मा हाम्रो गुरू हो; शरणागत हो । 'ब्रह्माको अभिनन्दन गर्दछ' भन्नुको तात्पर्य

Downloaded from http://www.dhamma.digital

हो– ओह ! उहाँ कस्तो गजबको हुनुहुन्छ; कस्तो शक्तिशाली हुनुहुन्छ; भनी ब्रह्मालाई प्रशंसा गर्नु । 'उसलाई राम्रोसंग थाहा नभएकोले यसो भनिएको हो', भन्नुको अर्थ हो– तीन प्रकारले निर्णय गर्नु पर्नेमा निर्णय नगर्नु: "यथार्थमा ब्रह्मा भन्ने पुद्गल विद्यमान छैन, केवल 'नाम-धातु' र 'रूप-धातु' मात्र विद्यमान भएको हो" भन्ने पहिलो कुरा उसले जानेको हुँदैन । "विपश्यना-ज्ञानले हेरेमा: 'नाम-धातु' र 'रूप-धातु' पनि अनित्य, दु:ख र अनात्म स्वभावका हुन्" भन्ने दोस्रो कुरा उसले जानेको हुँदैन । "विपस्सना धर्ममा आधारित तण्हा, मान र दिट्ठिलाई त्याग्नु पर्ने" तेस्रो कुरा उसले जानेको हुँदैन । उपर्युक्त व्याख्याको सन्दर्भमा व्यक्त गरिएको 'उसले अठोट गर्दछ', 'उसले अनुमान गर्दछ', 'उसले तारीफ गर्दछ'; भन्ने कुराले संकेट गर्दछ: वास्तवमा यी ज्ञानको कमीले गर्दा नै उसले यस प्रकारका आशंका, अनुमान र तारीफ गर्न पुगेका हुन् ।

यस्तै किसिमले ईश्वरहरूमा हुने अलौकिक शक्ति, आदि संयुत्त-निकायको देव, सक्क, ब्रह्मा, यक्ख, नाग, सुपण्ण र लक्खण संयुत्तमा र त्यस्तै किसिमले पेत-वत्थु र अरू ग्रन्थहरूमा तिनीहरूले प्रकट गरेका छन् ।

मानिसमा यी कुराका कमी हुँदैनन् । तर जन-साधा-

Downloaded from http://www.dhamma.digital

रणले यी कुरा आफूमा भए पनि चाल पाउँदैनन् र देख्दैनन् । पहिले पहिलेका अलौकिक शक्ति सम्पन्न तपस्वी, ब्राह्मणहरू अथवा अलौकिक विद्या हासिल गरेकाले मात्र यी कुरा हेर्न र देख्न सक्छन् । कर्म-फलबाट उत्पन्न हुने अलौकिक शक्ति जन-साधारणको अध्ययन र अनुमानबाट बाहिर पर्दछ ।

यद्यपि यी अलौकिक शक्ति खासगरी सबै सत्वमा साँचै नै साधारणतया हुनु पर्ने हो । किनभने अनमतग्ग ससा-रमा भव-गतिको क्रममा सबै सत्वहरूका निम्ति नारकीय गति देखि उच्च भव-गतिको अविछिन्न यात्राकालमा यी मध्य हुन्छन् । त्यसैले तिनीहरू देव, शक्र, ब्रह्म, महाब्रह्मा, आदि भावमा पुग्न सक्छन् । फेरि तिनीहरू यस्तो उच्च अवस्था (भाव) बाट दु:खदायी (नीच) अवस्थामा उत्पन्न (जन्म) हुन्छन् । आज महान शक्ति-सम्पन्न देव वा ब्रह्माका राजा भएको पालैसंग भोलि कुकुर वा सुँगुर र यस्तै अरू हुन सक्छन् । नारकीय सत्वहरूका अरू कर्म-फलहरूका कुरा चिन्तना गर्न नसकिने हुन्छ । यसको अतिरिक्त, मानिस र पशु-हरूको रूप-सण्ठानमा पूर्व कर्म-फलको कारणबाट इन्द्रिय अङ्ग अनुसारका रूपाकारको निर्माण हुन्छ । यी स्वभाव-धर्म पनि चिन्तना गर्न नसकिने हुन्छ । कुनै मृतक-व्यक्ति वा मृतक अङ्ग-लाई कसैले 'मैले जीवित गराई दिन्छु' भनेमा उसले हेतुलाई गुमाउँदछ अथवा उसको विचार र प्रयत्नद्वारा उसले आफ्नो

Downloaded from http://www.dhamma.digital

स्वास्थ गुमाउँनु पर्ने हुन्छ। किन ? किनभने उसले अरूको अकात्य पूर्व-कर्म विरूद्ध प्रयत्न गर्नु मात्र हुन्छ।

महावग्ग-संयुत्तको चतुसच्च-वग्गमा 'संसार नित्य हो कि अनित्य' आदि दश प्रकारका 'अव्याकत' लाई "लोक-चिन्ता" भनिन्छ। ऋद्धि-सम्पन्न तपस्वी र ब्राह्मणहरू, तिनीहरूका शिष्यहरू, शिष्यका शिष्यहरूद्वारा अथवा अत्थक, वामक र यस्तै अरू तपस्वी र ब्राह्मणहरूद्वारा चक्रवाल (ब्रम्हाण्ड) को विषयमा प्रतिपादित प्राचीन ग्रन्थमा पाइने विविध नामले पुकारिने सम्पूर्ण जन-विद्यालाई हामीले बढी व्याख्यात्मक रूपमा लिंदैछौं। त्रि-वेद ब्राह्मणका तीन वेदका कुरा वेदाङ्गमा आधारित भएको कुरा उदाहरण स्वरूप लिन सकिन्छ। विज्ञानको अर्थ हो, औषधी विज्ञान। पृथ्वी-विजय, धन-विजय, आदिको अर्थमा मन्त्र लागू हुन्छ। केवट्ट-सुत्तमा उल्लेख भए अनुसार मनिका र गान्धारी सम्प्रदायमा 'लोक-चिन्ता' समावेश गरिएको छ। मनिका-सम्प्रदाय अलौकिक चिन्तन जैं हुन्; जसलाई 'परचित-विजानन' ज्ञान भनिन्छ। अनि गान्धारी-सम्प्रदायमा 'इद्धिविध-अभिञ्ञा' जैं आकाशमा तैरने, आदि अलौकिक शक्ति सम्पन्न भएको हुन्छ। गान्धारी-सम्प्रदाय चाहिं यन्त्र-सम्बन्धी, संख्या-सम्बन्धी, धातु-सम्बन्धी मूल-सम्प्रदाय हुन्। कण्ड-मूलबाट औषधी गर्ने सम्प्रदायलाई मूल-सम्प्रदाय

Downloaded from http://www.dhamma.digital

भानन्छ । जादू-मन्त्रबाट वशमा पार्ने विधिलाई मायाविषयक-सम्प्रदाय भनिन्छ । आठ वा नौ सख्याका क्रम अपनाउने तरिकालाई सांख्य-सम्प्रदाय भनिन्छ र फलाम र पारो जस्तो धातुको साधनद्वारा वशीभूत गर्ने तरिकालाई धातु-सम्प्रदाय भनिन्छ । पटिसम्भिदामग्गमा भनिएको छ– "जादूका शक्ति के हुन् ? जादूगरले मन्त्र उच्चारण गर्दै हात्ति, घोडा, रथ, पैदल-सेना आकाश र अन्तरिक्षमा विविध प्रकारका फौजी-पोशाकको प्रदर्शन गर्दछ ।" मज्झिम-पण्णासको उपालि-सुत्तमा उल्लेख गरिएको छ–

"गृहस्थ, के ठान्दछौं ? आफ्नो मन वशमा भएको ऋध्दिवल सम्पन्न कोही तपस्वी वा ब्राह्मणले एकै श्रापबाट नालन्दालाई खरानी पार्न सक्छन् ?"

"सकिन्छ, भन्ते ।"*

यहाँ 'ऋध्दिबल सम्पन्न भएको' भन्ने वाक्यांशको अर्थ हो, इद्धिविध अभिञ्ञा प्राप्त भएको व्यक्तिले भौतिक संसारलाई आफ्नो वशमा लिनु ।

चिन्तना गर्न नसकिने चार कुरा मध्ये बुध्द-बल पहिलो स्थानमा, इध्दि दोस्रो स्थानमा र कर्म-फलबाट उत्पन्न हुने

* मज्झिम-निकाय, i , 377.

Downloaded from http://www.dhamma.digital

ऋध्दिबल सबै भन्दा पछि आउँछ । यसो भएको हुनाले कर्म-फलबाट प्राप्त अलौकिक शक्ति सम्पन्न देवराज शक्र वा विश्वका अनुपम शासक भनिएका महाब्रह्माहरू नै किन नहोस् तो सबै मानव-संसारमा बुद्धहरूका अथवा प्रज्ञा-ज्ञान सहित ऋध्दिबल सम्पन्न बुध्द-श्रावकहरूका सेवक हुन्छन् । यस धर्म बाहिरका देवताहरू झैं अलौकिक शक्ति (ऋध्दिबल) सीमान्त सम्म पुगेका श्रमण, ब्राह्मणहरूमा पनि यही नियम लागू हुन्छ । किन ? किनभने कर्म-फलबाट प्राप्त हुने ती ऋध्दिबल नारकिय सत्वमा पनि पाइने हुन्छ । दोस्रो कारण के हो भने तिनीहरू हाम्रो बीचमा रहेर पनि चिन्तनशील भई शील-सदाचार र प्रज्ञा-ज्ञानले सुसज्जित भएका हुन्छन् ।

लौकिक ज्ञान सम्बन्धी बोक्सी विद्यामा सफल भएकाहरूलाई विज्जन्धर भनिन्छ । निम्न लोकका देवताहरू र सबै यक्ष र पिसाचहरूले विज्जन्धरको दूत भई सेवा गर्दछन् । मोहिनी र जादूका सूत्रहरू (मन्त्रहरू) साह्रै शक्तिशाली हुन्छन् । त्यसले देव, यक्ष, भूत-पिसाच, आदिलाई बिर्गान सक्छन् ।

अलौकिक शक्ति (ऋध्दिबल) भएको मानिसहरू कहिले-काँहीं हाम्रो देश (बर्मा) मा देखिन्छ । तिनीहरूले जङ्गल फारो मन्त्रका आधारमा दिन-रात तयार गर्न सफल

Downloaded from http://www.dhamma.digital

हुन्छन् र धेरै जसो गाउँ र जिल्लाहरूमा भ्रमण गर्दछन् । तिनीहरू गएको ठाउँमा कोही विरामी भई तिनीहरू कहाँ मद्दत माग्न आउँदा तुरन्त निको पारी दिन्छन् । तिनीहरूले अरू अनेक शक्ति सम्पन्न जादूहरू पनि प्रदर्शन गर्दछन् । यी भाग्यपूर्ण घटनाहरू मानिसको जीवनमा दर्शाइदिन्छन् । तर तिनीहरूले देशमा ठूलो विद्रोह मचाइदिन्छन् कि भन्ने डरले सरकारले यस्तो गुप्त कार्य गर्नमा रोक लगाई दिन्छ ।

Downloaded from http://www.dhamma.digital

# पाँचौं-परिच्छेद

## तीन लोक

लोक-नियामलाई तीन भागमा विभक्त गर्न सकिन्छ। ती हुन्-

(१) ओकास-लोक (**ओकास-लोक**)

(२) सङ्खार-लोक (**संस्कार-लोक**) र

(३) सत्त-लोक (**सत्व-लोक**)

## ओकास-लोक-

प्राणी र वस्तुको अस्तित्व रहने लोकलाई ओकास-लोक भनिन्छ। यसैले देवताहरूको सम्बन्धमा स्वर्ग ओकास-लोक हो; साधारण मनुष्य, प्राणी र वस्तुको सम्बन्धमा पृथ्वी ओकास-लोक हो; नारकीय-सत्वको सम्बन्धमा नरक ओकास-लोक हो। यसमा महापृथ्वी, महासागर, चक्रवाल पर्वत* छन्। सुमेरु पर्वत बीचमा पर्दछ, यसलाई सप्त पर्वत्ले घेरिएको छ र प्रत्येक पर्वतको बीचमा 'सिता' नामक समुद्र बहेको छ, साथै चार महाद्वीप र अनेक अरू सान-साना द्वीपहरू छन्, र छ देव-

---

*लोक-चक्रलाई घेरेर रहेका चक्रवाल पर्वत, यस ब्रह्माण्डको सिमान्तरमा स्थित छ र यसको उच्चाई १२,००० लिग् छ भनी भनिन्छ।

Downloaded from http://www.dhamma.digital

लोक र बीस ब्रह्मलोक ठाडो रूपमा (Vertical) स्थित छन्। यस प्रकारको लोकलाई ओकास-लोक अथवा चक्रवाल भनिन्छ। यस्तै प्रकारका अरू सान-साना चक्रवालहरू यस चक्रवालको आठ दिशामा अनगिन्ति छन्।

अंगुत्तर-निकायको टिकाको आनन्द-वग्गमा पनि तीन प्रकारका चक्रवाल (लोकचक्र) को उल्लेख गरिएको छ। जस अनुसार– (१) चूलसहस्सी (साना-हजार-चक्रवाल) जसमा एक हजार चक्रवालहरू समावेश छन् (२) मज्झिम-सहस्सी (मध्य-हजार-चक्रवाल) जसमा दश लाख चक्रवालहरू समावेश छन्, (३) महा-सहस्सी (महा-हजार-चक्रवाल) जसमा दस अरब चक्रवाल समावेश छन्।

अरू पनि तीन प्रकारका चक्रवाल छन्– (१) दस-हजार-चक्रवाल जसलाई जाति-खेत्त (जाति-क्षेत्र) भनिन्छ अर्थात् यस क्षेत्रमा परेका सबै देवलोक र ब्रह्मलोकमा भगवान बुध्दहरू देखा पर्नु हुन्छन् र ती ती लोकमा रहने देवता र ब्रह्माहरूले उहाँहरूका उपदेश सुन्दछन्। (२) महा-हजार-चक्रवाल जसलाई आणा-खेत्त (आणा-क्षेत्र) भनिन्छ अर्थात् यस क्षेत्रमा परित्त (परित्राण)* को प्रभाव पर्दछ र भगवान

* रतन-सुत्त-परित्त, मेत्त-सुत्त-परित्त, आदि परित्राणहरू; विशेष रूपले संग्रह गरिएका गाथाहरू जुन पाठ गर्नाले भय शान्त भई उन्नति-वृद्धि हुन्छ।

Downloaded from http://www.dhamma.digital

बुध्दहरूका प्रसारण सबै देव र ब्रह्माहरूले स्वीकार्दछन् । (३) अनन्त-चक्रवाल जसलाई विसय-खेत्त (विषय-क्षेत्र) भनिन्छ अर्थात् यहाँ रहने निवासीहरूले भगवान बुध्दहरूका ज्ञानलाई मान्दछन् ।

अरू पनि तीन प्रकारका चक्रवाल छन्-(१) कामधातु (काम-लोक), (२) रूपधातु (रूप-लोक) र (३) अरूपधातु (अरूप-लोक) । पहिलो एघार काम-लोक, दोस्रो सोह्र रूप-लोक र तेस्रो चार अरूप-लोक हुन् ।

चार भूमिको पनि वर्णन गरिएको छ- (१) काम-भूमि, (२) रूप-भूमि, (३) अरूप-भूमि र (४) लोकुत्तर-भूमि । पहिलो काम-भूमि, रूप-भूमि र अरूप-भूमि- यी लौकिक-भूमि हुन् र पछिल्लो एक चाहिं चार आर्य-मार्ग, चार आर्य-फल र निर्वाण लोकुत्तर-भूमि हुन् ।

## (२) सङ्खार-लोक-

'संस्कार' शब्द साधारणतया सङ्खार-लोकको अर्थमा लिइएको छ । सङ्खार शब्द वनस्पतिमा: रूख, लहरा, झाङ्, झार-पात, आदि; धातुहरूमा: सुन, चाँदी, आदि; संक्षिप्तमा भन्ने हो भने प्रकृतिमा रहेका सबै उपभोग्य वस्तु: घर, रथ, वग्गि, आदि; मानिसका आरामप्रद वस्तु र अन्तमा मानव-

Downloaded from http://www.dhamma.digital

मस्तिकबाट सृजित वस्तु अर्थात् स्कन्ध, आयतन, धातु, आदि समावेश छन् ।

## (३) सत्त-लोक–

(सत्त) सत्व वा (पुग्गल) पुद्‌गल भन्नाले प्राणी, साधारणतया: नारकीय सत्व, जनावर, भूत, राक्षस, मानिस, देव र ब्रह्मा भनी थाहा पाउँछौं ! जल-चर, थल-चर, गगन-चर, अण्डज, जलाबुज (पिण्डज), संसेदज, ओपपातिक (भूमि-निवासी माता-पिता विना जन्मने प्राणी), विना पादका प्राणी, द्वैपाया, चौपाया, बहुपाया, आकार भएका र आकार नभएका प्राणी, इन्द्रिय (गोचर) भएका प्राणी र इन्द्रिय (गोचर) नभएका प्राणी, न इन्द्रिय भएका न इन्द्रिय नभएका प्राणीहरू छन् । ओकास-लोक र सत्त-लोक दुबै सङ्खार-लोकमा समावेश हुन्छन् । तर सङ्खारलाई भिन्न गरी खेत्त (क्षेत्र) र सत्त (सत्व) भनी विभाजित गरिएमा 'ओकास-लोक' र 'सत्त-लोक' भनी विशेष रूपले नामकरण हुन्छ ।

अब ओकास-लोकमा रहने सत्वको सन्ठिति (स्वभाव) को वर्णन गर्दछौं । हाम्रो ग्रन्थ अनुसार पृथ्वी पानीमा स्थित छ, पानी वायुमा स्थित छ, र वायु अजटाकासमा स्थित छ । यस अजटाकास मुनितिर र सबै दिशामा अनन्त छन् । अचल

Downloaded from http://www.dhamma.digital

वायुले यो टम्म भरिएको छ, जसले यसमाथि रहेका वायु-मण्डललाई थाम्दछ; वायुमण्डलले अनन्त जल-राशीलाई थाम्दछ र अनन्त जल-रासीले यस महापृथ्वीलाई थाम्दछ। पालि ग्रन्थमा यसरी उल्लेख गरिएको छ– "आनन्द, यस महा-पृथ्वी पानीमा स्थित छ, पानी वायुमा स्थित छ, वायु अजटा-कासमा स्थित छ। आनन्द, यस्तो समय आउँछ जुनबेला वायु वेगले वहन्छ। यसको कारणबाट पानी खल्बलिन्छ, पानी खल्बलिनाको कारणबाट भूकम्प हुन्छ।"*

अर्को सत्व उत्पन्न हुने र ओकास-लोकको अन्त हुने कुरा लिन्छौं। उष्ण-तेज (धातु) को सहज संयोगको कारण-बाट ओकास-लोकको जाति, जड्ता र अन्त हुन्छ अर्थात् यसको उत्पत्ति र विनाशको कारण बन्दछ। पालि-पिटकमा उल्लेख गरिए अनुसार– तेजो-धातु के हो ? त्यस चीज जसमा ताप छ, जसले बस्तुलाई जरत्वमा पुऱ्याइदिन्छ, जुन बस्तु उपभोग गर्नाले हजम हुन्छ अर्थात् रूपाकार नै बदलिदिन्छ, त्यसैलाई तेजो भनिन्छ।'* यस अनुसार यो तेजो-धातुको संयोग हो, जसको संगोगको कारणबाट बस्तु-रूपलाई बाल्ने, विनाश गर्ने; उपभोग गर्दा, वद्लिदा एक अवस्थाबाट अर्को अवस्थामा

---

* दीघ-निकाय, ii., 107. Dialoges ii, 114.
* मज्झिम-निकाय i., 188, 422.

Downloaded from http://www.dhamma.digital

पु-याइदिने हुन्छ । 'सीत-तेजो पनि यस्तै प्रकारका हुन्' भनी बुझ्नु सकिन्छ । अब उण्ह-तेजो (उष्ण-तेजो) को विषयमा केही भन्नु पर्ला जस्तो लाग्दैन । यो यसै स्पष्ट भयो ।

धम्मसङ्गणि-पालिको रूप-कण्डमा उल्लेख गरिएको छ— "इन्द्रिय-जगतको विकाश नै रूपको विकाश हो, र रूपको विकाश भन्नु नै त्यसको स्थायी हुनु हो ।" उत्पत्तिलाई चार भागमा बिभाजित गरिन्छ— उत्पत्ति, वृद्धि, विकाश र स्थायी। यी चार मध्ये उत्पत्तिको अर्थ हो, सङ्खारको प्रथम उत्पत्ति-क्षण । वृद्धिको अर्थ हो, सङ्खारको पहिलो विकाश -क्षणको अवस्था । विकाशको अर्थ हो, सङ्खारको क्रमिक विकाशको अवस्था । स्थायीत्वको अर्थ हो, सङ्खारको विकसित भइसकेको अवस्था सङ्खारको स्थायीत्व भन्नु नै जति बढ्नु पर्ने हो बढीसकेको, अरू घट्-बढ नहुँने अवस्था । त्यस पछि, यी रूप जीरण-तेजो धातुको संयोगको कारणबाट जड्त्वमा पुगी विस्तारै घट्दै विनष्ट हुने अवस्थामा पुगेर अन्तमा नाश भई अल्पिन्छ ।

नियाम अनुसार चल्नेलाई संसार भन्दछौं। जसमा प्रत्येक वस्तु कार्य-कारणको नियममा आधारित हुन्छ ।* किनभने यो महापृथ्वी सँधै तातिएको हुन्छ, बलिएको हुन्छ, जडत्व -मा पुग्दछ, सीत-तेजो र उण्ह-तेजोको संयोगबाट परिपक्व हुन्छ; यसले छ अवस्था अर्थात् उत्पत्ति, वृद्धि, विकसित, स्थायी, जडत्व र विनाश हुने स्वभावबाट पार गर्न सक्तैन । सुमेरु पर्वत, चक्रवाल पर्वत, आदि पनि यस्तै हुन् । त्यसकारण विवट्टठायी-कल्पमा सबै पृथ्वी, पर्वत, आदि उत्पन्न भएर क्रमश:

---

* धम्मता, अर्थात् धम्म-नियामो । मनोरथ-पूरनीमा धम्म-नियामको व्याख्या गरिएको छ ।

Downloaded from http://www.dhamma.digital

चारै अवस्था उत्पत्ति, वृद्धि, विकसित र स्थिरतामा पुग्दछन् । भनिन्छ, ती उत्पन्न हुन्छन्, बढछन्, विकसित हुन्छन् र लामो अवधि सम्म स्थित रही अन्तमा नष्ट हुने अवस्थामा पुग्दछन् जसमा अरू भन्दा तेजो-धातुको प्रभाव शक्ति बढी हुन्छ । त्यतिञ्जेल सम्ममा त्यसमा रहेका सबै सार नभएका धातु पहिले विनष्ट हुन्छ र सार धातु मात्र बाँकी रहन्छ । त्यसपछि केवल सार धातु सिद्धिन्छ र अन्तमा त्यो भन्दा पनि सार धातु मात्र बाँकी रहन्छ । यसो हुँदा हुँदै अनिश्चित कालमा केवल ओज-धातु मात्र बाँकी रहन्छ र अन्तमा बन्दुक पड्के झैं ज्वाला निस्कन्छ, राजाको सेनाले युद्धको सामग्री जुताई आगोको झिल्का सम्पर्कमा राख्दा गन्धक बले झैं बल्दछ । त्यसपछि यो विवट्टठायीकल्प सत्त सूरिय सुत्तन्त मा वर्णन गरिए अनुसार अग्निद्वारा विनष्ट हुनेछ । त्यसमा भनिएको छ– "भिक्षुहरू, जसरी घिउ वा तेल बलिसकेपछि त्यसको खरानी वा गुइँठा इन्द्रिय-गोचर हुँदैन त्यस्तै भिक्षुहरू, पृथ्वी र पर्वत-राज सुमेरु बलिसके पछि कुनै खरानिको चिन्हो वा गुइँठा बाँकी रहँदैन । यसरी सबै संस्कार-रूप परिवर्तनशील र अस्थायी हुन् । भिक्षुहरू, म भन्दछु कि सबै सङ्खार-रूप त्याज्य छन्, त्यसबाट अलग रहन योग्य छ र त्यसबाट भिन्न रहन उपयुक्त छ । निर्वाण साक्षात्कार गरिसकेकाहरू बाहेक यहाँ कसलाई थाहा छ, कसले विश्वास गर्दछ कि यस महापृथ्वी र पर्वत-राज सुमेरु बल्नेछ, नष्ट हुनेछ र पुनः पतन

Downloaded from http://www.dhamma.digital

भई बेकारको हुनेछ ?"

भनिएको छ कि वलेको अग्नि-ज्वाला ब्रह्म-लोक सम्म पुग्दछ। यस लोक अग्निले नाश गर्दा पानीको सतह देखि माथि प्रथम ध्यान ब्रह्म-लोक सम्ममा एउटा अणु पनि बाँकी नराखिकन बाल्दछ। सेल-पथवी (सीला-पथवी) वल्दा उतु-धातु (धातुयो) मात्र बाँकी रहन्छ र त्यहो नै फेरि सेल-पथवीका वीज स्वरूप वन्नेछ। त्यहो किसिमले पंसु-पथवी बल्दा उतु-धातु मात्र बाँकी रहन्छ र त्यही नै फेरि पंसु-पथवीको बीज-स्वरूप बन्ने छ। यसरी अग्निको गतिशीलताबाट बाँकी रहेका उतु-धातुले सम्पूर्ण चक्रवाल भर्दछ। अनि अग्नि स्वत: निभ्दछ। यो संवट्ट-कल्प हो। भर्खर व्याख्या गरे झैं यहो संवट्ट-कल्पको गतिशील अवस्थालाई संवट्टठायी-कल्प भनिन्छ। यस्ता प्रत्येक कल्पको अवधि चौंसठ्ठी अन्तर-कल्पको बराबर हुन्छ। दुइ संवट्ट-कल्पको व्याख्या गर्नु ने के ?

दोस्रो कल्पमा यी उतु धातु अति चिसो वायु-मण्डलले भरिएको हुन्छ र ती त्यहो अवस्थामा रही रहन्छ। तर जब ती प्रतिक्रियाको अवस्थामा पुग्न परोपक्व, दक्ष र अनुकूल हुँदा तातो भई ठूलो आयतन र परिमाणमा बादलमा परिणत हुन्छ। त्यसपछि त्यसले फेरि एक चोटी संवट्ट-कल्पमा बलेका सम्पूर्ण ठाउँमा पानी पर्दछ। पानीका थोपाहरू चीसो हावामा

Downloaded from http://www.dhamma.digital

पर्दा विशेषगरी ढिक्का परी जम्दछ । यसरी वायुले यस विश्व-लाई थाम्न नसके सम्म अजटाकासमा हिउँ (पानीका चिप्चा ढिस्काहरू) ले ढाक्दै जान्छन् । तर तलतिर रहेका वायुले यसलाई थाम्न सक्ने क्षमता हुने बित्तिकै पानी बर्सन बन्द हुन्छ र यसलाई थाम्दछ । सबै परेका पानी नयाँ कल्प स्थापनाको निमित्त साधन स्वरूप बन्दछ । अर्को शब्दमा: ती विश्वमा रहने, चट्टान, माटो, पानी, आदिमा परिणत हुन्छन् । यी सबै वस्तु उतु-नियामको नियमानुसार बन्दछ र कोही ईश्वरले सृष्टि गर्ने होइन । विश्वको सार-धातुको स्थापना कालमा धम्म-नियामले ठूलो भूमिका खेल्दछ । धम्म-नियाम द्वारा धातु-व्याप-कता, आदिमा सम-धारण (समानुपातिक) र विसम-धारण (असमानुपातिक) नियम लागू हुन्छ । फेरि सम-धारण द्वारा स्वाभाविक तरिका अपनाउने र विसम-धारण द्वारा अस्वाभाविक तरिका अपनाउने कुरा पनि थाहा पाउनु पर्दछ । यसकारण स्वाभाविक गतिमा जाँदा सम-धारण नियम लागू हुन्छ र अस्वाभाविक गतिमा जाँदा विसम-धारण नियम लागू हुन्छ । आकारमा पनि गोलाकार स्वाभाविक आकार हो । अत: धातुका सम-धारण तरिका अनुसार मसिनबाट निकालेका फैं विश्वका सबै सार-धातु प्राय: गोलाकार रूपमा प्रतिस्थापित हुन्छ । महापृथ्वी महासागर, चक्रवाल-पर्वत, मध्य-पर्वत सुमेरु-पर्वत, हिम-सागर (सीत समुद्र) र पर्वतको खाल्दाका हिउँ

Downloaded from http://www.dhamma.digital

(सीतन्त-रिक)* र परिवेष्ठित पर्वत-माला (परिभण्ड-पब्बत) प्राय: गोलाकार रूपमा प्रतिस्थापित हुन्छन्। यो धम्म-नियामको देन हो।

यहाँ सम-धारण र विसम-धारण धातुका नियम उल्लेख गर्नु आवश्यक देखिन्छ। आकारमा, केराको बोटको उचाई यसको वृत्त (परिधि) को बराबर भए झैं मानिसको उचाई उसको आफ्नो हातको बित्ताको बराबरी भएमा सम-धारण हुन्छ; नत्र भने विसम-धारण भएको मानिन्छ। छोटकरीमा: बत्तिस प्रकारका महा-पुरूष-लक्षणले पूर्ण भएकोलाई सम-धारण मानिन्छ र यी लक्षणले हीन भएमा विसम-धारणमा गनिन्छ। उदार-हृदय सम-धारण हुन् र अनुदार विसम-धारण। जीवित वस्तुमा वृक्ष, आदिको आकारमा कुनै कुनै केराको बोटको सामञ्जस्यता सम-धारण हुन् र यसको विपरित भएमा विसम-धारण भनी थाहा पाउनु पर्दछ। यही नियम सबै रूख, डाँठ, हाँगा-बिङ्गा, कोपिला, पात र फलमा समेत लागू हुन्छ। वास्तवमा, संसारमा देखिएका अनन्त प्रकारका आकार, आदिमा विविध प्रकारका धातु भिन्न-भिन्नै हेतु-बद्ध भएका हुन्छन्। यस प्रकारका नियम-बद्धता र अन्य धातुका ज्ञान-क्षेत्र पूर्ण रूपमा थाहा पाउने समर्थ केवल सर्वज्ञ बुद्धमा मात्र हुन्छ। यी विविध प्रकारका धातुका नियम थाहा नभएका-

* 'सीदन्त' नामक सागर– विशुद्धि मार्ग, पृष्ठ १८५।

Downloaded from http://www.dhamma.digital

हरूले ईश्वरको मुख ताक्दछ । साँचै भन्ने हो भने 'ईश्वर' नामक कोही व्यक्ति विशेष छैनन् । केवल धातु मात्र हुन् 'ईश्वर' केवल काल्पनिक शब्द मात्र हुन् ।

अब हाम्रो विषय तिर जाउँ । उतु बीज मध्ये साह्रै बाक्लो भई संग्रह भएको चाहिं आ-आफ्ना ठाउँमा पानीको रूपमा रहन्छ । अनि सम्पूर्ण प्राणीका कर्म-फलबाट मनुष्य र देवताका लागि बसोबास नगरेका मनुष्य-भूमि, देव-भूमि र चन्द्र-लोक, सूर्य-लोक जस्ता लोकहरू देखा पर्दछन् । देव-भूमि र प्रथम ध्यान-भूमिमा पनि देवता र ब्रह्माहरूका लागि बसोबास नगरेका प्रासादहरू देखा पर्दछन् ।

यहाँ "सुञ्ञानि" को अर्थ हो घनी नभएको, पूर्व कर्मको-आर्जनबाट प्राप्त आवासमा ब्रह्माहरूले आफ्ना आयु अनुसार समय बिताइसकेर उच्च लोकबाट ओर्लेपछि मात्र घर-धनी हुने स्थान । पालि पिटकमा भनिएको छ- "भिक्षुहरू, यस समयमा अनन्त कालसम्म चक्रवालको बृद्धि हुन्छ । यही बृद्धि-कालमा ब्रह्माहरूको निमित्त बसोबास नगरेका प्रासादहरूको निर्माण हुन्छन् ।

यहाँ प्राणीका कर्म-फलको प्रभावबाट उतु-बीजको हेतु-द्वारा यी सबै आवास र लोकहरू कसरी उत्पन्न हुन्छन् भन्ने कुरा सुनेर आश्चर्य मान्नु पर्दैन । तीन लोक मध्ये सत्त-लोक अरू दुबै लोक भन्दा प्रमुख र श्रेष्ठ हो र अरू दुइ लोकले यसलाई

Downloaded from http://www.dhamma.digital

केवल सहयोग गर्दछ। यस महापृथ्वी र त्यतै सुमेरु-पर्वत, आदि प्राणी कै हितका निमित्त निर्माण हुन्छन्। त्यसकारण ती लोकहरू किन र कसरी निर्माण हुन्छन् भन्ने कुरा व्याख्या गरिरहन आवश्यक पर्ला जस्तो लाग्दैन। सत्व-लोकका प्राणीमा मात्र हुने धर्म नामक चित्त-चेतसिक नाम-धातुमा परिणत हुन्छन्। ती साह्रै शक्ति-सम्पन्न, 'उज्वल र रोमाञ्चकारी' हुन्छन् र चार अज्ञात कुरा त्यसैवाट देखा पर्दछ।

अनि मानिसको आयु क्षय हुँदै दश वर्षमा आइपुग्दा विश्व-युद्धबाट विनष्ट भएको दृश्य देखी भयभित भई कुशल-कर्म गर्दछ। कुशल-कर्मले संसारलाई व्याप्त पार्दछ र फेरि अनन्त वर्ष सम्म आयु वढ्न जान्छ।

"सम्पूर्ण प्राणीका कर्म-फलको प्रभावद्वारा" भन्ने गद्यांशमा संसार विनष्ट भएको दृश्य देखा भयभित भई देव-लोकमा उत्पन्न हुनको लागि सबै प्राणीले संवट्ट-कल्प भरी गरिएको कुशल-कर्म र ब्रह्म-लोकमा उत्पन्न भएका सत्वले दुइ असंख्य-कल्प सम्म गरिएका सम्पूण कुशल-कर्म पनि यस "कर्म" शब्दमा समावेश हुन्छ। त्यसकारण ती ती भूमि र प्रासादहरू कसरी

Downloaded from http://www.dhamma.digital

निर्माण हुन्छन् भन्ने कुराको चिन्ता गर्नु आवश्यक पर्दैन ।*

यी दिव्य-प्रासादहरू सबै प्रकारका रत्नहरू जडिएको र सिङ्गारिएको भए तापनि ओपपातिक-सत्त (सुगति परायण सत्व) का शरीर हलुङ्गो भए ऊँ अचल वायुमा स्थित भएका

---

*यहाँ लेदी सयादोले विवट्ट-कल्प पुन: स्थापना अथवा मनुष्य-भूमि र देवताहरूका दिव्य प्रासादहरू भएको नयाँ संसारका पुनर्निर्माणको संकेत दिन चाहनु भएको छ; ती दुइ कारणबाट बन्दछ । ती कारण हुन्- भौतिक कारण र निर्माणका कारण । उहाँको भनाई अनुसार पहिला कारणमा भौतिक पदार्थबाट विश्व र विश्वमा रहेका वस्तुको निर्माण हुन्छ । त्यही मूल-धातुलाई उतु भनिन्छ । र पछिल्लो शक्ति वा साधन भौतिक पदार्थमा मिलाई विविध प्रकारका आश्चर्य जनक आकार प्रकार र बनोटका डिजाइन (Design, ढाँचा) तयार गर्दछ । त्यही नै मानसिक शक्ति वा मनो-कम अथवा कर्म हो । जस्तै घरको उदाहरण लिइएमा, काठ, डण्डी, इँत, घर बनाउनको निमित्त साधन-स्वरूपका वस्तु र कालिगढले डिजाइन (Design) निकालो घर बनाउने कार्य ऊँ हुन् । यहाँ काठ, आदिलाई उतु सग र कालिगढलाई मनो-कर्मसंग तुलना गरिएमा मूल-धातुबाट संसारको सृष्टि भए ऊँ डिजाइनद्वारा यसको निर्माण कार्य पूर्ण हुन्छ ।- अंग्रेजीका अनुवादक

Downloaded from http://www.dhamma.digital

हुन्छन् । चन्द्र,सूर्यका लोक (प्रासाद) हरू र अरू पनि चन्द्रमा सम्बन्धी लोक (प्रासाद) हरू घुम्दछन् । कसरी ? आकाशमा वायुका दुइ धार छन् । सुमेरु-पर्वत र यसलाई घेरिएर रहेका सप्त-पर्वतहरूबाट निस्केका वायुको एक धार बाहिर तिर बहन्छ र चक्रवाल पर्वतबाट निस्कने अर्को धार भित्र तिर बहन्छ । यी दुइ धार जुध्छन् र महान हुरीमा परिणत भइ सुमेरु पर्वत तिर फर्केर यसलाई दायाँ पारी खूब जोडसंग निरन्तर घुम्दछ । चन्द्रमा सम्बन्धी लोक (प्रासाद) हरू यी वायुको भूमरीमा परी घुमेका देखिन्छन् । ती मध्यं कुनै हलुङ्गो र कुनै साह्रै नै हलुङ्गो हुन्छन् ः त्यसकारण ती लोक (प्रासाद) हरूका चालमा कुनै चाडो हुन्छन् । कहिले यी दुइ धारका गति सम-धारण हुन्छ र कहिले विसम-धारण; र त्यसैले त्यस वायुको धारमा परेका यी लोक (प्रासाद) हरू कहिले अगाडि र कहिले पछाडि दिशा तिर लागेका हामी देख्दछौं । देवताहरूका कुनै कुनै ग्रहहरू र लोक (प्रासाद) हरू यस वायुको मार्ग भन्दा तलतिर पर्ने हुनाले घुम्दैनन् । विवट्ट-कल्पको विषयमा वर्णन गर्नु नै के ।

संवट्ट-कल्पको शुरूआत्मा देखा पर्ने चन्द्र र सूर्य (?) चौथो विवट्टठायी-कल्प सम्म रहन्छन् र एक असंख्य कल्पको समयावधि चौंसट्ठी अन्तर-कल्प हुन आउँछ । दुइ विवट्ट र

Downloaded from http://www.dhamma.digital

विवट्टठायी-कल्पका व्याख्या यतिकैमा पर्याप्त हुन आउँछ ।

चार असंख्य-कल्प मध्ये यस चौथो विवट्टठायी-कल्पमा पंसु-पथवीको विशालता जति मात्रामा बढछ, त्यति नै भयंकर रूपले संवट्ट-कल्पको शुरूमा अग्निले संसार विनष्ट गर्नेछ । अनि जति भयंकर रूपले अग्निले संसार विनष्ट गर्दछ, दोस्रो संवट्टठायी-संकल्पमा उतु-धातुको विशालता त्यति नै बढनेछ । जति उतु-धातुको विशालता हुन्छ तेस्रो विवट्टठायी-कल्पमा उत्ति कै ठूलो आयतन भएको पानी पर्नेछ । फेरि जति ठूलो आयतन भएको पानी पर्दछ, चौथो विवट्टठायी-कल्पमा उत्तिकै पंसु-पथवीको विशालता (व्यापकता) हुनेछ । वास्तवमा सँधैं यही क्रम चलिरहन्छ ।

चाहे ईश्वर देखा परोस् वा नपरोस् यस चक्र-वालको क्रम यसरी नै चलिरहन्छ । यसरी न कसैले बनाइन्छ, न सृष्टि गरिन्छ; सयौं त के, हजार त के लाखौं ईश्वरमा पनि यसलाई अन्यथा गर्न समर्थ हुँदैनन् । तेजो-धातुको नियामद्वारा, हेतु-स्वभावको धर्मद्वारा यस ओकास-लोकको क्रमलाई थामी राख्दछ ।

## सङ्खार-लोकका सत्व—

यसमा वृक्ष, आदि समावेश हुन्छन् । वनस्पति-जगत-

Downloaded from http://www.dhamma.digital

लाई खासगरी बीज र बिरुवामा विभाजित गरिन्छ। यहाँ बीज अवस्थामा रहेका सबै प्रकारका वृक्ष-समूहलाई "बीज-गाम" मा लिइन्छ र बीज अवस्थाबाट पार भई पूर्ण रूपले हुर्किसकेका सबै प्रकारका वृक्ष-समूहलाई "भूत-गाम" मा लिइन्छ।

चित्त-नियामको वर्णनमा थाहा भए झैं प्राणीको चित्तको विविधताको कारणबाट विविध सञ्ञा बन्दछ, विविध सञ्ञाको कारणले कर्म विविध बन्दछ, विविध कर्मको कारणले प्राणी जगतमा जातिको विविधता बन्दछ, यस्तै किसिमले यही नियम यहाँ पनि लागू हुन्छ कि प्राणीका चित्त, संञ्ञा र कर्मका विविधताको कारणले बीज-जातिमा विविधता आउँछन्; बीज-जातिको विविधताको कारणले सबै विरुवा र वृक्ष जातिमा विविधता आउँछन्। प्राणीमा मुख्य-फल प्रबल हुन्छ तर बीज विरुवामा निसन्द-फल (सहायक-फल) प्रबल हुन्छ।

बीज भन्नाले साधारण भाषामा माथि व्याख्या गरिए अनुसार मूल-बीज, आदि भिन्न भिन्न प्रकारका बीज हुन्। यसलाई विशेष अर्थमा लिइएमा, बीजलाई तेजो अथवा उतु-धातुको रूपमा लिइन्छ। यस अर्थमा, आँपको बियाँलाई साधारण अर्थमा खास बीज भनिए तापनि विशेष अर्थमा त्यस बियाँलाई पूर्ण बीज भन्न सकिन्न। किनभने एउटा आँपको बियाँको आठ-रूप कलाप-पथवी, आपो, तेजो, वायु, रूप, गन्ध, रस, ओज मूल र सहायक तत्वको रूपमा रहेको हुन्छ। यी मध्ये तेजो-धातुले उमार्ने कार्य सम्पा-

Downloaded from http://www.dhamma.digital

दन गर्दछ। यसकारण यसलाई मूल बीउ वा बीजको नामकरण गरिन्छ। बाँकी रहेका सात रूप-कलापले तेजो-धातुलाई सहयोग गर्दछन् । किनभने तो कलापले सोझै उमार्ने कार्य सम्पादन गर्न सक्तैनन् ।

खासगरी, माथि विशेष रूपमा दर्शाएको बीज तेजो -रूप (अथवा उतु-धातु) विश्वमा प्रदत्तकाल अथवा कल्पमा अङ्कुरित हुने त्यही प्रकारको तेज वा उतु हो। संवट्ट र संवट्टठायी-कल्पमा बीजको अङ्कुरित शक्तिले पल्हाउने कार्य गर्न सक्तैन । तर विवट्टठायी-कल्पमा भने माटो र पानीको सहायताबाट अङ्कुरित हुन्छ । अत: ओपपातिक भइ उत्पन्न हुने मानिस भए सम्म विश्व-मानवमा भाव-वत्थुको विभेद नभए झैं पाँच प्रकारका बीज देखा नपरे सम्म बीज-विरुवाका जाति विशेषता देखा पर्दैन । ती माटो र पानीमा केवल नाम मात्रको बीजको रूपमा रही रहन्छन् । अनि पछि जम्बु वृक्षबाट जम्बु-बीज र आम्र-वृक्षबाट आँपको बीज र यस्तै अरू बीजहरू अङ्कुरित हुन्छन् । किन्तु सबभन्दा पहिले पानीको सतहलाई ढाकिने गरो रस-पथ्वी देखा पर्दछ । त्यस वखत ब्रह्मलोकबाट पानी वर्षन्छ । पानी पहिले चट्टानमा बदलिन्छ, अनि सुमेरु-पर्वत, सप्त-पर्वत, चक्रवाल-पर्वत र हिमालय पर्वतहरू बन्दछन् र अरू ठाउँमा पानीले ढाक्दछ । अनि धेरै समय बितेपछि

Downloaded from http://www.dhamma.digital

रस-पथवी कडा, खस्रो र खान अयोग्य हुँदै जान्छ। अनि त्यस-माथि भूमि-पपटिक (पत्र-पत्र) बन्दछ। यसकारण भनिएको छ– "रस-पथवी विलिन भएपछि भूमि-पपटिक स्वत: बन्दछ।" यही पृथ्वीका प्रारम्भिक अवस्था हो। भूमि-पपटिक कडा र खस्रा हुनु भन्दा घेरै समय पूर्व नै खान अयोग्य हुन्छ। अनि बीज, बीजबाट बिरुवा, पदालता (लहरा) चामल र धानका बोटहरू उम्रन्छन्। त्यसपछि मात्र विविध प्रचारका घाँस, रूख, लहरा, झाड्हरू बीजबाट अङ्कुरित हुन्छन् अनि समय बित्दै गएपछि चेतसिक-अकुशल र कायिक-अकुशल बढ्दै जान्छ र वृक्षमा रहेका सार-तत्व सुकेर गई क्रमश: लोप हुँदै जान्छ। त्यस बेला आ-आफ्नो जाति विशेष अनुसार बीज सार-तत्वले सञ्चित हुन्छ। यसरी जरामा मूल-बीज सञ्चित हुन्छ र यस्तै अरूमा पनि। त्यस समयदेखि जराबाट अङ्कुरित हुने वृक्षहरू सबै जरैबाट उम्रन्छन् अरू अरूबाट नै। वृक्ष, आदिमा उतु-नियम, बीज-नियाम, धम्म-नियामका सम-धारण र विसम-धारणका विषयमा पहिल्यै उल्लेख भइसकेको छ।

सङ्खार-लोकका सत्वको व्याख्या समाप्त।

## सत्व-लोकका जीवन-प्रकृति–

सत्त (सत्व, पुद्गल, व्यक्ति) को जीवन प्रकृति थाहा

Downloaded from http://www.dhamma.digital

पाउनु साह्रै गम्भिर र गाह्रो विषय हो । सबै दार्शनिक विवेचना मध्ये यही मूल विवेचना हो । यसलाई हामीले दुई सत्यको दृष्टिकोणले हेर्न सक्छौं– समुति-सच्च (प्रज्ञप्ति-सत्य) र परमत्थ-सच्च (परमार्थ-सत्य)*

प्रज्ञप्ति-सत्य अनुसार नाम-रूप समूहलाई "सत्व" भनिन्छ– जस अनुसार चित्त (नाम) र शरीर (रूप) हुन् । यस अनुसार सण्ठान (कुनै रूपाकृति) र सन्तान (गतिशीलता) बाट सत्व दा व्यक्ति वा पुद्गल बन्दछ ।** परमार्थ सत्य अनुसार 'सत्व' नाम-रूप धर्मका स्वभाव मात्र हुन् । सण्ठान र सन्तानबाट दुबै नाम-रूप बन्दछ । अनि नाम-रूप धर्म जसबाट सत्व बन्दछ त्यही परमार्थ सत्य हुन् । जसरी माटो खनी यसलाई धुलो पारी पानीसंग मुछेर भाँडा बनाउँदछ । र रूपाकार हेरी यसलाई घडा (सुराही) को नामकरण गरिन्छ । तैपनि धुलो वा माटा यसको मुख्य साधन वा मूल-तत्व हो । यस भौतिक रूपका 'घडा' नाउँ भाडाको रूपाकार रहेसम्म मात्र रहन्छ । घडा फुटेर टुक्रिएर जाँदा "घडा" भन्ने नाम लोप भएर

---

* See Section II., "of The Two Standards of Truth" p. 6. of vol. iv, No. 1.

** 'सत्त' शब्दको शाब्दिक अर्थ हो "सत्व" । प्राणी यसमा समावेश हुँदा पाण वा भूतमा गनिन्छ ।

Downloaded from http://www.dhamma.digital

जान्छ र केवल भौतिक तत्व धुलो अथवा माटो मात्र बाँकी रहन्छ। यहाँ "घडा" को भौतिक रूपलाई 'सत्व' को रूपाकृति-संग तुलना गरिएमा 'घडा' लाई 'सत्व' वा 'पुद्गल' संग र 'धुलो माटो' लाई 'नाम-रूप' संग तुलना गर्नु पर्दछ।

सन्तान वा समयको गतिशिलतालाई एक भवबाट अर्को भवमा प्रवेश गर्ने जन्मको अक्षुण्णता भनी थाहा पाउनु पर्दछ। सत्व भन्नु केवल हाम्रो मनको कल्पना मात्र हो, यस रूपको उत्पति र विनाशको गतिलाई भने हाम्रो कल्पनाले मात्र भेट्टा-उन सकिन्दैन। अर्कोतिर 'नाम र रूप वास्तवमा उत्पन्न भई विनाश हुन्छ' भन्ने कुरा बुझ्न सकिन्छ।

भनिन्छ, प्रज्ञप्ति-सत्य अनुसार सत्व जन्मन्छ, वृद्ध हुन्छ, मृत्यु हुन्छ; एक भवबाट पतन भई अर्को भवमा उत्पन्न हुन्छ। यस अर्थमा, सत्व जन्मन्दा जीवनभरमा एक पटक मात्र जन्मन्छ र मृत्यु हुँदा पनि एकै पटक मात्र मृत्यु हुन्छ। तर नाम-रूपको एक दिनमा सयौं, हजारौं पटक जाति, जरा, जीरणता भई विलीन हुन्छ। यसरी वर्णन गरिएको छ। यही किसिमले अरूहरूको ज्ञान-बुद्धि अनुसार उनीहरूको आफ्नै जन्म, जरा र मरण सम्बन्धी कुरालाई लिएर पनि स्पष्टसंग व्याख्या गरिएको छ।

प्रज्ञप्ति अनुसार 'विश्वमा अनन्त आकाश छन्' र पर-

Downloaded from http://www.dhamma.digital

मार्थ अनुसार त्यहाँ यथार्थमा 'जीव छैन' भनी पुष्टि गर्दछ। तर एकातिर 'जीव छ' भन्नु र अर्कोतिर 'जीव छैन' भन्नु परस्पर विरोधी कुरा भएन त ? यसो किन भएको ? किन भने प्रत्येक भनाईलाई विविध रूपले हेरिन्छ।

यही किसिमले 'सत्व' भन्नाले एक प्रकारको व्यक्तिगत विचार र ज्ञानले लिइएको हो। 'जीव छ र परिवर्तित् रूपमा यो रहिरहन्छ' भनो प्रज्ञप्ति-सत्य अनुसार यसलाई सत्यको रूपमा लिइन्छ। अभिधर्म वा परमार्थ-सत्यले यस प्रकारका 'सत्व' को रूपमा लिइन्दैन। 'जीव छ' भनी भनिन्दैन। केवल नाम र रूप धर्म मात्र छन्। ती नाम-रूप देह-परिवर्तनको क्रममा निश्चल भई रहँदैनन्। ती धारा प्रवाह रूपले एक अवस्थावाट अर्को अवस्थामा वदलिरहन्छन्। यसैले यहाँ "जीव छ", "जीव छैन" भन्ने परस्पर विरोधी कुरा देखा पर्दैन। किनभने प्रज्ञप्ति-सत्य अनुसार "सत्व" र परमार्थ-सत्य अनुसार 'नाम-रूप' को स्वभाव-धर्म भिन्न गरी दर्शाइएकोले यसो हुन आएको हो।

'सत्वले प्रतिसन्धि लिंदा नाम-रूप उही हुन्छ' भनी विश्वास गरेमा, सस्सतदिट्ठि (शाश्वत-दृष्टि) हुन्छ। फेरि 'सत्वले प्रतिसन्धि लिंदा नाम-रूप उही हुँदैन, सम्बन्ध विच्छेद हुन्छ र लोप हुन्छ, यहाँ वा उहाँ उत्पन्न हुने सत्व उही होइन' भनी

Downloaded from http://www.dhamma.digital

विश्वास गरेमा उच्छेददिट्ठि (उच्छेद-दृष्टि) हुन्छ ।* शाश्वत -दृष्टि भएमा निर्वाणको द्वार बन्द हुन्छ । कसरी ? नाम-रूप -ले प्रतिसन्धि लिएमा प्रतिसन्धि क्रिया नै शाश्वत हुन्छ भन्ने तर्क लगाउन सकिन्छ । फेरि उच्छेद-दृष्टिमा लागेमा स्वर्गको द्वार बन्द हुन्छ । कसरी बन्द हुन्छ ? किनभने कर्म-फलको केही अर्थ रहँदैन । खास गरो यो दुबै दृष्टिले आत्मवाद खडा गर्दछ । साँचै भन्ने हो भने आत्मवाद सबै झुठ सिद्धान्तको मूल हो जसलाई हामी भार स्वरूप ग्रहण गर्दछौं । यो दुबै अतिवाद (सीमान्त-दृष्टि) लाई त्यागेर उपर्युक्त वर्णित मूला-धारलाई अपनाइएमा स्वर्ग र निर्वाणका दुबै द्वार खुल्द-छन् ।

यी दुइ सत्य मध्ये सबै सत्वले जन्म लिनु पर्ने कुरा प्रज्ञप्ति-सत्य अनुसार भनिएको हो । विश्वको विकाश हुँदै जाँदा र ब्रह्म-लोक (प्रथम ध्यान-ब्रह्म लोक) खालि हुँदै गए-पछि छ देवलोकहरू प्रतिस्थापित हुन्छन् । ती लोकमा निवास गर्ने विशेष गरी आभस्सर (आभाश्वर) ब्रह्माहरू नै ओर्लन्छन् । यस सन्दर्भमा कसैले प्रश्न गर्न सक्दछन् कि विशेषगरी आभस्सर ब्रह्माहरू मात्र किन तल्लो लोकमा उत्पन्न हुन्छन् ? आभस्सर ब्रह्मलोकमा तिनीहरूले धेरै समय बिताइसकेको हुनाले त्यहाँ

* दीघ-निकाय, ब्रह्मजाल-सूत्र हेर्नुहोस् ।

Downloaded from http://www.dhamma.digital

उच्च ध्यानाङ्गहरू प्राप्त गरी अरू उच्च ब्रह्म-लोकमा जान तिनीहरूलाई सुविधा पर्दैन र ? यसको उत्तर हो–

अंगुत्तर-निकाय दुतीय भागको समचित्त-सुत्तमा भनिएको छ भित्री संयोजन भएका दुइ प्रकारका सत्व छन्। भित्री सँयोजन पाँच प्रकारका छन्– सक्कायदिट्ठि (सत्काय-दृष्टि), विचिकिच्छा (विचिकित्सा), सीलब्बतपरामास (शीलब्रतपरा-मर्श), कामच्छन्द र व्यापाद। यो ओरमभागिय (तलतिर जाने, अधोमुख) सयोजन हुन्। वाह्य संयोजन पनि पाँच प्रकारका छन्– रूपराग (रूप-लोकमा जन्मने इच्छा), अरूपराग (अरूप-लोकमा जन्मने इच्छा), मान (घमण्ड), उद्धच्च (मनको चञ्चलता) र अविज्जा (अज्ञानता)। यी उद्धमभागिय (माथितिर जाने, उद्धोमुख) संयोजन हुन्। यहाँ "भित्री"को अर्थ कामलोक र "वाह्य" को अर्थ ब्रह्मलोक हुन्। यसो किन भनिएको त ? प्राय: सबै सत्व काम-लोकमा उत्पन्न हुने र कोही कोही सत्व मात्र ब्रह्मलोकमा उत्पन्न हुने हुनाले यसो भनिएको हो। जहाँ तिनीहरूको जन्म हुन्छ त्यहाँ विविध प्रकारका वस्तुमा ठूलो लोभ उत्पन्न हुन्छ। त्यसकारण कामलोकलाई सर्वसा साधारण सत्वको निमित्त "भित्री" (संयोजन) भनिन्छ। यसको विपरित ब्रह्मलोक हो भनी बुझ्नु पर्दछ। साँचै कै भनिएमा, यो सबै प्राणी काम-लोकमा

Downloaded from http://www.dhamma.digital

सीमान्तसम्म पूर्ण हुने सबै सुखद् वस्तुमा खुशी भएका हुन्छन् र सन्तोष भएका हुन्छन् जुन वस्तु ब्रह्मलोकमा हुँदैनन् । ब्रह्मलोकमा तिनीहरूले के पाउँछन् त ? संसार विनष्ट हुँदा ब्रह्मलोक भन्दा तल कुनै लोक रहँदैनन् । त्यसो भएको हुनाले ओरमभागिय संयोजनलाई विनष्ट नगरेको कारणले ब्रह्मलोकका सत्वहरू सदा काम-लोकमा नै फर्कन ऊकिरहेका हुन्छन् । उदाहरणार्थ, शहरमा गोलमाल मचिई हमला गरिएमा शहरका बासिन्दाहरू घना जङ्गलमा शरण लिई शान्ति नभएसम्म त्यहीं बस्दछन् । अब घना जङ्गल कुनै डर-भर नभएका, छायाँ र पानीले पूर्ण भएका साह्रै रमाइलो ठाउँ भएतापनि त्यस जङ्गलमा जतिसुकै रमाइलो भएपनि ती बासिन्दाहरू एक छिन पनि त्यहाँ बस्न नरमाउने र सँधै शहरमा नै फर्कन उत्सुक भइरहेका हुन्छन् । यही किसिमले यहाँको कुरा पनि बुझ्नु पर्दछ । त्यसकारण संसार फेरि सृष्टि हुँदा ब्रह्मलोकका ब्रह्माहरू (सत्वहरू) धेरै जसो कामलोकमा नै ओर्लन्छन् । कामलोकमा तिनीहरू मानिस भई उत्पन्न हुँदा पहिले ओपपातिक सत्वको रूपमा उत्पन्न हुन्छन् । तिनीहरू ब्रह्मा झैं हुन्छन् । तिनीहरूले इच्छा गर्ने बित्तिकै सबै चीज-वस्तु परिपूर्ण हुन्छन् । तिनीहरू पहिले ध्यान गर्न (ध्यानपीति) मा रमाउँछन् । तिनीहरूको शरीर तेजिलो र चम्किलो हुन्छन् । तिनीहरू आकाशमा बस्दछन् र हिँड्छन् ।

Downloaded from http://www.dhamma.digital

तिनीहरूको आयु एक असंख्य-कल्प हुन्छ । अग्गञ्ज-सुत्त र चक्कवत्ति-सुत्तमा वर्णन गरिए अनुसार तिनीहरूका बाँकी रहेका अरू आयु-कल्प, आदि घट-बढ हुने कुरा बुझ्नु पर्दछ ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

## छठौं परिच्छेद

# हेतु प्रत्यय

परमार्थ-सत्यको दृष्टिकोणले हेर्दा विश्वमा पुद्गल (सत्त, सत्व) को नियम (कार्यविधि, पवत्ति) हेतु-प्रत्ययबाट भएको बुझिन्छ। त्यसैले पटिच्च-समुप्पाद (प्रतीत्य-समुत्पाद) अर्थात् हेतु-प्रत्यय नामक सूत्रलाई वर्णन गर्दछौं। ती हुन्–

अविज्जापच्चया सङ्खारा (अविद्याको प्रत्ययले संस्कार),

सङ्खारपच्चया विञ्ञाणं (संस्कारको प्रत्ययले विज्ञान),

विञ्ञाणपच्चया नामरूपं (विज्ञानको प्रत्ययले नाम-रूप),

नामरूपपच्चया सलायतनं (नाम-रूपको प्रत्ययले छ आयतन),

सलायतनपच्चया फस्सो (छ आयतनको प्रत्ययले स्पर्श),

फस्सपच्चया वेदना (स्पर्शको प्रत्ययले वेदना),

वेदनापच्चया तण्हा (वेदनाको प्रत्ययले तृष्णा),

तण्हापच्चया उपादानं (तृष्णाको प्रत्ययले उपादान),

उपादानपच्चया भव (उपादानको प्रत्ययले भव),

भवपच्चया जाति (भवको प्रत्ययले जन्म)

जातिपच्चया जरामरणं सोकपरिदेवदुक्खदोमनस्सुपायासा सम्भवन्ति (जन्मको प्रत्ययले जरा-मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य, उपायास उत्पन्न हुन्छन्। यो हो, दुःख-स्कन्धको क्रम-बद्धता।

Downloaded from http://www.dhamma.digital

## (१) अविज्जा (अविद्या)—

पहिले ज्ञानको पक्षलाई लिउँ। ज्ञान भनेको थाहा पाउनु, जान्नु । के थाहा पाउनु ? साक्षात्कार गर्नु । के साक्षात्कार गर्नु ? सत्यलाई साक्षात्कार गर्नु । सत्य के हो ? सदा हित गर्ने पक्षमा रहने, 'हो' भने 'हो', 'होइन' भने 'होइन', भन्ने र कहिल्यै उल्टो नहुनेलाई 'सत्य' भनिन्छ। सत्य कति प्रकारका छन् ? चार प्रकारका छन्– सत्य, समुदय, निरोध, निरोध हुने उपाय। उदाहरण लिइएमा: दु:खसंग सम्बन्धित् चार आर्य-सत्य– दु:ख आर्य-सत्य, दु:ख समुदय आर्य-सत्य, दु:ख निरोध आर्य-सत्य र दु:ख निरोध गामिनी प्रतिपदा आर्य-सत्य । "आर्य-सत्य"को अर्थ हो, नडग्मगाउने (अचल) सत्य ।

दु:ख-सत्यको अर्थ के हो ? पालि-पिटक अनुसार दु:ख भन्नु नै पांच स्कन्ध वा छ इन्द्रिय हुन् ।* दु:ख आर्य-सत्यमा रूप-काय किन समावेश गरिएको त ? के देवी-देवताको शरीर (रूप-काय) पनि जन्म, जरा, मरण, शोक, परिदेव, दु:ख, दौर्मनस्य, उपायासको अधीनमा होइनन् त ? यस जाति-धम्म -मा नरक-गति अथवा पशु-गति अथवा प्रेत, असुर जस्ता

---

* संयुत्त-निकाय, iii., p. 23. f. iv., 2, etc. etc.

Downloaded from http://www.dhamma.digital

अपाय-भूमिमा समेत जन्म ग्रहण गर्नु पर्ने कुरा समावेश हुन्छ। सत्वलाई बार बार दोषपूर्ण अकुशल कार्य गराउने रोगी र दुर्बल तुल्याउने कुरा यसमा समावेश हुन्छ। यसैले कुनै पनि रूप-सण्ठानमा पुनर्जन्म हुनु (उत्पन्न हुनु) निरन्तर रूपले खतरापूर्ण र दुःखदायी हुन् ।

दोस्रो आर्य-सत्यमा दुःख समुदयको वर्णन गरिएको छ। यहाँ समुदय शब्दको अर्थ हो, दुःखको उत्पत्ति वा दुःखको वृद्धि । दुःख उत्पत्ति के हो ? तण्हा (तृष्णा) वा अन्त नहुने इच्छा। यस्तो तृष्णा नमेटिएकाहरूका नाम र रूप-कायमा सबै अकुशल उत्पन्न भई फस्टाउँदछन् ।

Dhamma.Digital

दुःख-निरोध हुने सत्यलाई तेस्रो आर्य-सत्यमा लिइएको छ। दुःख निरोध दुइ किसिमले गर्न सक्छौं- पहिले उत्पन्न भइसकेको अकुशललाई निरोध गर्ने र अहीलेसम्म उत्पन्न नभएको अकुशललाई निरोध गर्ने। उत्पन्न नभएको तृष्णा निरोध गर्ने कुरा समावेश गर्दा तृष्णा नै दुःखको मूल वा हेतु हुनाले ती कुरा उत्पन्न नभएको दुःखसंग सम्बन्धित् हुन जान्छ। यसैले निरोध गर्ने कार्य ततक्षण दुःखसंग सम्बन्धित् नभई तृष्णासंग सम्बन्धित भएको हुन्छ। अनि निरोध क्षणिक निरोध मात्र नभई अनुत्पन्न अन्तिम निरोध भनी

Downloaded from http://www.dhamma.digital

जान्नु पर्दछ। दुइ व्यक्ति मध्ये जसले विष-वृक्षलाई काट्दछ त्यसमा जरैदेखि काट्नेले मात्र फेरि उम्रन सम्भव नहुने गरी काटेको ठहर्छ।

चौथो आर्य-त्यसमा तृष्णा निरोध गर्ने सही मार्गमा लैजाने र त्यस्तै दुःख पनि भन्ने कुरामा ती दुःखमा नाम र रूप-कायसग सम्बन्धित् हामीले गरिने कर्मको कुरा पनि जनाउँदछ। बौद्ध-धर्म अनुसार मार्गको अर्थ हो, आर्य-अष्टांगिक मार्ग जसमा: सम्यक्-दृष्टि, सम्यक्-संकल्प, सम्यक्-वचन, सम्यक्-कर्मान्त्, सम्यक्-आजीविका, सम्यक्-व्यायाम, सम्यक्-स्मृति र सम्यक्-समाधि समावेश भएका छन्।

यी आर्य-अष्टांगिक-मार्गलाई तीन समूहमा विभक्त गरिन्छ- प्रज्ञा, शील र समाधि। सम्यक्-दृष्टि र सम्यक्-संकल्प- प्रज्ञा-स्कन्धमा पर्दछन्; सम्यक्-वचन, सम्यक्-कर्मान्त्, सम्यक्-आजीविका- शील-स्कन्धमा पर्दछन् र सम्यक् व्यायाम, सम्यक्-स्मृति र सम्यक्-समाधि- समाधि-स्कन्धमा पर्दछन्।

अर्को दृष्टिकोणले हेरेमा परिञ्ञाद्वारा पनि यस मार्गलाई बुझ्न सकिन्छ। तीन प्रकारका परिञ्ञा हुन्- ञात-परिञ्ञा-नाम-धर्म र रूप-धर्मका स्वभावलाई जान्ने ज्ञान;

Downloaded from http://www.dhamma.digital

तीरण-परिञ्ञा – अनित्य, दुःख, अनात्म स्वभावलाई जान्ने ज्ञान; पहाण-परिञ्ञा– विपल्लास-धर्मलाई पूर्णतया हटाउने ज्ञान। खासगरी परिञ्ञाद्वारा नै मार्गको निमित्त गर्नु पर्ने अभ्यास पूर्ण हुन्छ। कारण परिञ्ञाद्वारा नै प्रथमतः आत्म-भाव, दोस्रो इन्द्रिय-सुखको तृष्णा र तेस्रो भव-तृष्णाबाट मुक्त हुन्छौं।

यो पनि थाहा पाइराख्नु पर्ने कुरा हो कि तेस्रो आर्य-सत्यमा 'दुःख-निरोध' भनी नकारात्मक नामकरण गर्नुको सत्तामा 'सुख-प्राप्ति' भनी सकारात्मक नामकरण गर्न सक्छौं। सुख दुइ प्रकारका छन्– साधारण मानिस र देवताले अनुभव गर्ने सुख र आर्य-मार्गको अनुशरण गरेकाहरूले प्राप्त गर्ने सुखमय शान्ति। सुख तृष्णाले आप्लावित (तृष्णाका शिकारी) भएकाहरूले अनुभव गर्दछन् तर सुखमय शान्ति केवल आर्य-पुद्गलहरूले मात्र अनुभव गर्दछन्। तृष्णाको पूर्णतया निरोध भइसकेको शान्तिमय अवस्थालाई 'निब्बान' (निर्वाण) भनिन्छ।

संक्षेपमाः चार आर्य-सत्यको अवबोधतालाई ज्ञानको अवबोधता भनिन्छ। अर्थात् 'अविद्या साँचै कै विद्याको उल्टो हो', भनी ज्ञात भएमा जान्न योग्य अर्थात् चार अपरिवर्तन आर्य-सत्यलाई नजान्नु अविद्या हो।

Downloaded from http://www.dhamma.digital

## (२) सङ्खारा (संस्कार)–

योजनाबद्ध क्रिया-कलाप सङ्खार हुन्, जसले गर्दा सत्वले केही कर्म सम्पन्न गर्दछन्– ती कर्म कुशल भए राम्रो र अकुशल भए नराम्रो परिणाम अनुसार यस जन्ममा वा भावी जन्ममा सम्बन्धित् रहेका हुन्छन्। हाम्रो शब्द-रचना अनुसार कायिक, वाचिक र मानसिकद्वारा गरिने सबै कर्म संस्कार हुन् जसले वर्तमान जीवन वा भावी जीवन अथवा दुबै जीवनको गति निर्धारित गर्दछ। संस्कारलाई तीन भाग -मा विभक्त गर्न सकिन्छ– अकुशल, कुशल र आनेञ्ज कर्म। यसमा अकुशल-कर्मका अर्थ हुन्– सत्वको कायिक, वाचिक, मानसिक खराब कर्म; कुशल कर्मका अर्थ हुन्– सत्वको काम-लोक*संग सम्बन्धित् कायिक, वाचिक, मानसिक असल-कर्म; तेस्रो प्रकारका मनो-कर्म हुन्–सत्वले रूप-लोकमा** गरिने कुशल-कर्म र अरूप-लोक***मा गरिने कुशल-कर्म। अविद्याको प्रत्ययले संस्कार कसरी बन्दछ ? चार आर्य-सत्यलाई नबुझेकाहरूले 'अविद्याको कारणले जन्म हुन आउँदछ', भन्ने कुरा बुझेका हुँदैनन्; किनभने तीन प्रकारका विपल्लास तिनी-

* अपाय-भूमिदेखि काम सुगति-भूमिसम्मका सत्व।

** रूप–ब्रह्मलोक, आदिका सत्व।

*** अरूप-ब्रह्मलोकका सत्व। ("अभिधम्मत्थ सङ्गहो" हेर्नु होस्।)

Downloaded from http://www.dhamma.digital

हरूको काय र मनमा रहेका हुन्छन् । विपल्लास वृद्धि हुने बेलामा काम-तृष्णा नामक क्लेश पनि वृद्धि भई वर्तमान अथवा भावी जीवन गति बन्दछ। यसरी अविद्याको प्रत्ययले संस्कार बन्दछ ।

## (३) विञ्ञाण (विज्ञान)–

विविध प्रकारबाट जानिने, थाहा पाउनेलाई विञ्ञाण भनिन्छ । यसमा पञ्च-द्वारावज्जन र मनोद्वारावज्जनको सचेतता समावेश हुन्छ । जस्तै 'रूप' देखेर 'शब्द' सुनेर, 'गन्ध' सुँघेर, 'रस' स्वाद लिएर (चाखेर), 'स्पर्श' छोएर र 'विचार' विचार गरेर जानिन्छ । यस अनुसार 'विञ्ञाण' छ प्रकारका छन्– चक्खु, सोत, घाण, जिह्वा, काय र मन ।

चक्खु (चक्षु), आदिबाट रूप गोचर भई चक्खु-विञ्ञाण उत्पन्न हुन्छ । मनबाट विचार गरी (इन्द्रिय-विञ्ञाणमा वर्णन गरिए झैं) मनो-विञ्ञाण उत्पन्न हुन्छ ।

फेरि, विञ्ञाण कुशल र अकुशलका विभेदले दुइ प्रकारका छन् ।

हाम्रो मुख्य प्रश्न हो, कसरी संस्कारबाट विज्ञान उत्पन्न हुन्छ । यहाँ विज्ञानको क्रममा दिइएका चेतना-धातुको

Downloaded from http://www.dhamma.digital

नाउँ नै संस्कार हो । विज्ञान पनि प्रतिसन्धि विज्ञान नामक उत्पत्ति क्षणको सीमित अर्थमा लिइएको छ । यसर्थ "सङ्खार-पच्चया विञ्ञाणं" (संस्कारको प्रत्ययले विज्ञान हुन्छ । भन्ने तथ्यले पुनर्जन्म-विज्ञानको फल हो भन्ने दर्शाउँदछ अर्थात् यो पूर्व-जन्मको चेतसिक-कर्मको फल हो ।

यहाँ प्रश्न गर्न सकिन्छ कि पूर्व-जन्ममा गरिएको संस्कारको अन्त हुनुबाट प्रतिसन्धि-विज्ञान कसरी उत्पन्न हुन सक्छ ? यहाँ "अन्त हुनु" भन्ने तथ्यसंग सम्बन्धित् अस्पष्ट कुरालाई स्पष्ट पार्दछौं । हाम्रो सिद्धान्त अनुसार कर्मको पूर्णावस्थालाई परिसमाप्ति अवस्था भनिन्छ । यसको तीन अवस्था छन्– कम्म-चेतना, कम्म-वेग (कम्मानुभाव) र विपाक-भाव ।

एउटा उदाहरण लिउँ । मानौं कि एक जना मानिसले आँपको बीउ रोपेको थियो । आँप फलाउने लक्ष्यले उसले यसो गरेको हो । उसले जानी-बुझिकन गरेको कार्य प्रष्ट हुन्छ । आँपको वृक्ष उमार्न ती बीज रोपियो । तर जब सम्म त्यसमा आँप फल्दैन तबसम्म ती बीज राम्रो हो, होइन कसैले भन्न सक्तैन । समय भएपछि त्यस वृक्षले फल फलाउँदछ । त्यसपछि मात्र र त्यसो भए मात्र 'बीजमा रहेको सही तत्व अब फलमा यथार्थतः प्रस्तुत हुँदैछ' भन्न सकिन्छ । आम्र-

Downloaded from http://www.dhamma.digital

वृक्षको वृद्धिको उदाहरणमा कम्म-चेतना र विपाक-भावको बीचमा मूल तत्वको उत्तेजित र विकसितताको क्रिया जीवित शक्तिमा परिणत भएको कुरा दर्शाउँदछ । यस उदाहरणमा बीजमा यसको अन्त र यसको चाँहिने गतिशिलता दुबै अनौठो तरिकाले निहित भएर रहेको कुरा हामी बुझदछौं । यसरी 'बीज-वृक्षमा परिणत भएपछि अन्त हुन्छ' भनी हामीले भनेमा यसको अर्थ यसो हुन आउँछ कि यसको अन्त हुनको लागि नै यो जीवित शक्तिमा परिणत भई विकसित भएको हो ।

अव हामीले अभिव्यक्त गर्न सक्छौं कि चेतना नै पुनर्जन्मको बीज हो; जुन हाम्रो चेतन-क्रियामा एक प्रकारको प्रेरक शक्ति बनी प्रतिसन्धि-विज्ञानमा परिणत हुन्छ । हाम्रो आधारभूत सिद्धान्त अनुसार फलिभूत हुनुको अर्थ नै चेतनाको परिसमाप्ति अथवा परिपूर्णता हो। भगवान बुद्धले पनि यस विषयलाई व्यक्त गर्नु भएको छ– "भिक्षुहरू, सञ्चित फल र विपाकको अनुभूति नभई जानाजानी गरिएको कर्म चरमसीमामा पुग्दैन ।" (जानाजानी गरिएको कर्मको फल-विपाक हुन्छ) *

## (४) नाम-रूप (नाम र रूप)—

*–(अंगुत्तर -निकाय, v, 292.)

Downloaded from http://www.dhamma.digital

"नमर्तीति नाम" अर्थात् रूपमा झुक्ने स्वभाव भएकोले 'नाम' भनिन्छ र "रूप्पतीति रूप" अर्थात् विविध अवस्थानुसार परिवर्तन हुँदै जाने भएकोले 'रूप' भनिन्छ। वेदना, संज्ञा र मानसिक गुणहरू नाम-स्कन्ध हुन्। रूपमा जड वस्तु र जड वस्तुका गुणहरू समावेश गरिएको छ। "विञ्ञाणपच्चया नाम-रूपं" (विज्ञानको प्रत्ययले नाम-रूप) को अर्थानुसार 'प्रतिसन्धि-विज्ञान नै नाम-रूपमा परिवर्तन हुने बीज वा मूल हो' भनी बुझ्नु पर्दछ। "हेतु-प्रत्यय . . . . ." को क्रमानुसार नाम-रूप भन्नु नै मानिसको मन र शरीर हो। 'रूप' भन्नाले (मोटामोटी अर्थमा लिइंदा) बीज वा जीवानुकोषबाट वृद्धि भएका जीवित, विक्रशील पुद्गल भनी बुझ्नु पर्दछ।

## (५) सलायतनानि (छ आयतन)—

आयतन ('गति') शब्द छ इन्द्रिय अङ्गलाई लिइन्छ। किनभने जीवित व्यक्तिको स्थानहरू (ठानानि) मा जहाँ छ वाह्य अङ्गमा जही कहींबाट जोड्छ अनि आरम्मण-किच्चको कार्य गरेर ती छ द्वारहरू मध्ये जुनकुनै द्वारहरूबाट पसी आरम्मण गहण-किच्चानिको कार्य सम्पादन गर्दछन्। छ इन्द्रिय हुन्— चक्खु, सोत, घाण, जिह्वा, काय र मन (आँखा, कान, नाक, जिभ्रो, शरीर र मन)। यहाँ चक्खु-पसाद (चक्षु-प्रसाद)

Downloaded from http://www.dhamma.digital

कसरी "नाम-रूपपच्चया सलायतनं (नाम-रूपको प्रत्ययले छ आयतन) हुन् आउँछ ? भ्रूण-विज्ञानको विकसित नियममा यसको उत्तर पाइन्छ । जलाबुज-सत्व (गर्भ-धारण गर्ने सत्व) मा जति जति पेटको गर्भ विकसित हुँदै जान्छ उत्ति उत्ति नै गर्भमा रहेको सत्वको इन्द्रिय र इन्द्रिय-अङ्ग बढ्छन् । गर्भ छिप्पिदै जाँदा विशेष इन्द्रिय र इन्द्रिय-अङ्ग पनि विविध रूपमा विकसित हुँदै जान्छ ।

## ( ६ फस्स (स्पर्श)—

छुने क्रियालाई स्पर्श भनिन्छ । विञ्ञाणले प्रत्येक वस्तुको ज्ञान गराउँदछ। तर स्पर्श यस्तो इन्द्रिय-ज्ञानबाट भिन्न हुनु पर्दछ । किनभने स्पर्शको "धक्का" (आघात) भएपछि मात्र इन्द्रियले सक्रिय कार्य सम्पादन गर्दछ । साधारण हिसाबले थाहा भए अनुसार स्पर्श केवल दुई भौतिक तत्वको छुवाई (समिपता) मात्र हो । तर अभिधर्ममा छुने क्रियाले केवल संघत्तनलाई मात्र लिइएको छ। यसो नभएमा सबै भौतिक पदार्थ छुन योग्य वस्तु हुन आउँछ । संगठित भएका सबै वस्तुसंग जोड्ने, मिल्ने, एकबद्ध हुने, शक्तिको अर्थमा 'संघत्तन' हुन आउँछ । यही कारणले गर्दा जोड्ने क्रियामा विभिन्न प्रकारका इन्द्रिय-ज्ञानको आभास मिल्दछ. ....। पालि ग्रन्थमा भनिएको छ– "फस्स (स्पर्श) को कारण र स्पर्श

Downloaded from http://www.dhamma.digital

लाई चक्खु-इन्द्रिय भनिन्छ जुन अङ्गले रूप देख्दछ। त्यस्तै सोत-इन्द्रिय सोत-पसादलाई, घाण-इन्द्रिय घाण-पसादलाई, जिह्वा-इन्द्रिय जिह्वा-पसादलाई, काय-इन्द्रिय काय-पसादलाई र मन-इन्द्रिय भवङ्ग-चित्तलाई लिइएको छ।

छ अज्झतिक आयतनलाई छ इन्द्रिय द्वार वा ढोका पनि भनिन्छ, किनभने यी छ बाह्य इन्द्रिय विषय र छ भित्री मानसिक विषय (वीथि चित्त) मा पसेर छ द्वारमा बसी विषय र विषयालम्बन (विसय-विसयी भावेन) संग मिसेर अनेक चेतन-कार्य सम्पादन गर्दछ। "द्वार" को अर्थ भौतिक नभई चेतसिक माध्यम हुन आउँछ।

यी मध्ये भवङ्ग-चित्त चेतनशील माध्यम मात्र नभई शुद्ध हिरा झैं देदीप्यमान भई चम्किएको हुन्छ। भनिएको छ— "भिक्षुहरू, वास्तवमा चित्त निर्मल छ" ("भिक्खवे! चित्त पभासर मिदं।"*

संसेदज र अण्डज सत्वमा इन्द्रिय-विञ्ञाण केही हदमा लोसो (Dull) हुन्छ तर ओपपातिक-सत्वमा भने तिनीहरूको इन्द्रिय-विञ्ञाण दैवो-गुणले युक्त भई चम्किलो र तेजिलो हुन्छ.....।

*अंगुत्तर-निकाय, i, p. 10., अच्छरासघात-वग्ग।

Downloaded from http://www.dhamma.digital

भएको हुनाले वेदना, संञ्ञा, चेतनाका प्रादुर्भाव हुन्छन् ।*

चार प्रकारका आहार मध्ये स्पर्श पनि एक हो । यस अर्थमा स्पर्श छ प्रकारका चक्षु, श्रोत, घ्राण, जिह्वा, काय र मनमा लिइएको छ ।

छ इन्द्रिय-गोचरबाट कसरी स्पर्श हुन्छ ?

पालि पिटकमा, उल्लेख गरिएको छ– "चक्षु (चक्खु पसाद) भएको कारणले दृश्य=वस्तुको सम्बन्धमा चक्षु-विज्ञान उत्पन्न हुन्छ । यसो हुँदा यी तीनको संयोग स्पर्श हो । अरू इन्द्रियमा पनि यही नियम लागू हुन्छ ।" यसको अर्थ हो, इन्द्रिय-अङ्ग मूल भई इन्द्रिय-निमित्तमा आधारित गरी इन्द्रिय ज्ञान उत्पन्न हुनु । विशेष इन्द्रियको सम्बन्धमा ग्रहणको प्रगाढताले वाह्य आयतन अनुसार विविधता हुन्छ ।

## (७) वेदना–

कुनै वस्तुमा स्पर्शको संघत्तनद्वारा प्राप्त हुने रसानुभावलाई वेदना भनिन्छ । ती रसानुभव सुखदायी भएमा ग्राह्य र दु:खदायी भएमा अग्राह्य हुन्छ । अझ यसलाई विश्लेषण गरिएमा रूप-स्पर्शबाट उत्पन्न हुने वेदना, घाण-स्पर्शबाट उत्पन्न

---

*संयुत्त-निकाय, iii, 101 f.

Downloaded from http://www.dhamma.digital

हुने वेदना, आदि गरी वेदनालाई छ भागमा विभाजित गर्न सकिन्छ ।

वेदना सुख, दु:ख, असुख अदु:ख वेदनाको हिसाबले तीन भागमा पनि विभक्त गर्न सकिन्छ । सुख, दुक्ख, सोमनस्स-दोमनस्स र उपेक्खाको विभेदले वेदना पाँच प्रकारमा पनि विभाजन गरिन्छ । अनुभवको विभेदले वेदना तीन प्रकारका पनि छन् भन्ने कुरा सुनिन्छ; यथा: अमनुष्य (नारकीय)-वेदना, मनुष्य-वेदना र देव-वेदना । नारकीय-वेदना साह्रै दु:खदायी हुन्छ । साधारण तया मनुष्य-वेदनामा सुख-दु:खको मिश्रण हुन्छ । तर देव-वेदना चाहिं अति आनन्ददायी हुन्छ । त्यसमा पनि स्तर (Degree) को भिन्नता हुन्छ..... । यो कुरा यस वाक्यांशमा देख्दछौं:- "फस्सपच्चया वेदना", अर्थात् स्पर्श वा संघत्तनद्वारा नै वेदना उत्पन्न हुन्छ ।

## (८) तण्हा (तृष्णा)-

यसले लोलुपता अर्थात् प्राप्त नभएको वस्तुमा सदा घचेटिरहने अर्थ जनाउँदछ । तृष्णा स्वभावत: हैरानी र वस्तु प्राप्तार्थ चिन्ताग्रष्ट भएको अवस्थालाई लिइन्छ । उदाहरण लिइएमा: मानिसले बितेकोमा यसरी चिन्तन गर्दछ- "हरे ! ती वस्तु पहिले मसंग थियो; तर अहिले छैन ।" उसले

Downloaded from http://www.dhamma.digital

भविष्यको विषयमा पनि यसरी कल्पना गर्दछ– "समयमा नै यसो भएमा मेरो भलो हुनेछ !" बर्तमानमा पनि दुःखी बनी ऊ भन्दछ– "अहिले ममा भएका वस्तु पछि प्राप्त नहुन सक्छ !"

यसरी रूपको निमित्त, शब्दको निमित्त, गन्धको निमित्त, रसको निमित्त, स्पर्शको निमित्त, मनको वस्तु (धर्म) को निमित्त उत्पन्न हुने तृष्णा छ प्रकारका छन् . . . .। सतिपट्ठान सुत्तमा भनिएको छ– "यस संसारमा रूप प्रिय छ, यसमा मज्जा छ। यसमा तृष्णा उत्पन्न हुन्छ, यसमा तृष्णाले निवास गर्दछ। यस्तै किसिमले शब्द, गन्ध, रस, स्पर्श र धर्मको विषयमा पनि जान्नु।*

"वेदनापच्चया तण्हा" वेदनाको प्रत्ययले तृष्णा उत्पन्न हुन्छ। अर्थात् वेदना (वा इन्द्रिय-अनुभूति) ले तृष्णा उत्पत्ति हुन्छ।

## (९) उपादान–

यसको अर्थ हो, ग्रहण गर्ने, टाँसिने स्वभाव। नकारात्मक अर्थमा: यसबाट ठूलो दुःख, हैरानी भोग्नु परेतापनि

*दीघ निकाय, ii, 308 (cf. Dialogues ii., 340.)

Downloaded from http://www.dhamma.digital

र अनेक अकुशल विपाकको सामना गर्ने भएता पनि त्यस वस्तु (विषय) लाई छोड्न समर्थ नहुनु। उपादान चार प्रकारमा विभाजित गरिएको छ– काम, दिट्ठि, सीलब्बत र अत्तवाद। यी मध्ये सबै प्रकारका सुखद् ग्राह्य र इन्द्रिय-वस्तुमा उत्पन्न हुने तृष्णालाई काम-उपादान भनिन्छ।

"यो एक मात्र सत्य हो, अरू सबै झुठ" भनी पुद्गलले लिने धारणालाई दिट्ठि भनिन्छ।

धार्मिक अनुरूपका भावना र चिन्तन मनन गर्नुको सत्ता केवल 'वाह्य कर्म-काण्ड अथवा आत्म-तप, आत्म-चर्या द्वारा दुःखबाट छुट्कारा पाउन सकिन्छ' भन्ने दृढ धारणालाई सीलब्बतपरामास भनिन्छ।

आत्मवादको सिद्धान्त अनुसार 'आत्मा अमर छ भन्नु' अर्थात् आत्मवादलाई सक्काय-दिट्ठि भनिन्छ। जसमा यस्तो दृढ धारणा हुन्छ, उसले यस सदा परिवर्तनशील संसारलाई स्थिर अथवा अपरिवर्तनशील तत्व (सार) को रूपमा देख्दछ।

"तण्हापच्चया उपादानं" (तृष्णाको प्रत्ययले उपादान) को अर्थ हुन आउँछ– तृष्णा उत्पन्न हुने निकतम (विषय) श्रोत इन्द्रिय, दिट्ठि, सीलब्बतपरामास र अत्तवाद।

Downloaded from http://www.dhamma.digital

## (१०) भव—

यसको अर्थ हो, उत्पन्न हुनु, अर्थात् पुद्गल-भाव प्राप्त गर्नु (शब्दार्थमा: आत्म वा अत्तभाव)। भव दुइ कुरोमा आधारित रहन्छ– (क) कर्म र (ख) विपाक।

(क) **कर्म**– भवको मूल पक्ष हाम्रो जीवनको क्रिया-कलाप कम्म-भव संग सम्बन्धित् रहन्छ; यस पच्चुपन्न-भव (वर्तमान जीवन) मा पुद्गलले मन, वचन, कर्मबाट गरिने विविध प्रकारका कुशल अकुशल, धार्मिक आध्यात्मिक चेतसिक क्रिया-कलापबाट सङ्खार (संस्कार) बन्दछ। यही संस्कार उसको भावी जीवनको कारण (उपपत्ति-भव) बन्दछ। यसरी पहिलो कर्ममा, दश अकुशल कर्म– प्राणी घात गर्ने, चोरी गर्ने काम-मिथ्याचार गर्ने, झुठ बोल्ने, चुग्ली गर्ने, कडा वचन प्रयोग गर्ने, गफ गर्ने, अभिज्जा, व्यापाद र मिथ्यादिट्ठि समावेश हुन्छन्। दोस्रो, दश कुशल कर्ममा– प्राणी हिंसावाट विरत रहने, चोरीबाट विरत रहने, काम-मिथ्याचारबाट विरत रहने, झुठ नबोल्ने, मेल-मिलाप बढाउने (विभेद नगर्ने), कडा वचन प्रयोग नगर्ने, गफ नगर्ने, अभिज्जा, व्यापाद र मिथ्यादिट्ठिबाट अलग रहने कुरा समावेश हुन्छन्। तेस्रोमा: (पुञ्ञकिरियावत्थुनि) धार्मिक कर्तव्य– (१) दान, (२) सील, (३) भावना, (४) अपचा-

Downloaded from http://www.dhamma.digital

यन, (५) वेय्यावच्च (६) पत्तिदान, (७) पत्तानुमोदन, (८)धम्म-सवन (९) धम्म-देसना (१०) दिट्ठिज्जुकम्म समावेश छन् ।*

अकुशल कर्मलाई विवेचन गर्दा (१) दिट्ठिगतसम्पयुत्त असङ्खारिक कर्म, (२) दिट्ठिगतसम्पयुत्त ससङ्खारिक कर्म (३) दिट्ठि-गतविप्पयुत्त असङ्खारिक कर्म र (४) दिट्ठिगतविप्पयुत्त ससङ्खारिक कर्म- यी चारै कर्म क्षेत्र समावेश हुन्छन् । अथवा (१) स्वेच्छा-ले गर्ने, (२) अरूले भनेर गर्ने, (३) अरूको उत्साहमा प्रभा-वित भई गर्ने र(४) अरूले अह्राएर गर्ने- यी चार "कर्म-क्षेत्र" समावेश छन् ।

यस्तै किसिले कुशल-कर्मलाई विवेचना गर्दा (१) आफ्नै स्वेच्छाले गर्ने, (२) अरूको प्रेरणाबाट गर्ने, (३) अरूको उत्साहमा प्रभावित भई गर्ने र (४) अरूले अह्राएर गर्ने- यी नै चारमा समावेश छन् ।

---

* (१) दान- त्याग, (२) सील-सदाचार, (३) भावना-ध्यान, (४) अपचायन - आफू भन्दा ठूलाको आदर सत्कार, (५) वेय्यावच्च - माता-पिता, अतिथि, आदिका सेवा, (६) पत्तिदान - आफ्नो पुण्य अरूलाई बाँडी दिनु, (७) पत्तानुमोदन - अरूले गरेको पुण्यको अनु-मोदन गर्नु, (८) धम्मदेसना - धर्म देशना गर्नु, (९) धम्मसवन - धर्म श्रवण गर्नु, (१०) दिट्ठिज्जुकम्मं - मिथ्या दृष्टिलाई त्यागेर दृढता पूर्वक सम्यक्-दृष्टि ग्रहण गर्नु ।

Downloaded from http://www.dhamma.digital

फेरि कुशल-कर्मलाई यसरी विभाजित गरिन्छ– (१) (वट्टनिस्सित)* संसारसंग सम्बन्धित् र (विवट्टनिस्सित) संसारसंग असम्बन्धित् । यस जीवनमा नाउँ कमाउने, कीर्ति राख्ने लक्ष्य लिई गरिने, र अर्को जन्ममा सुख-ऐश्वर्य प्राप्तार्थ गरिने कुशल-कर्मलाई (वट्टनिस्सित) संसारसंग सम्बन्धित् कुशल-कर्म भनिन्छ ।

यस जन्ममा नाउँ कमाउने, कीर्ति फैलाउने लक्ष्य नराखी अथवा अर्को (भावी) जन्ममा सुख-ऐश्वर्यको लालसा नलिइकन केवल तृष्णा क्षय गर्ने उद्देश्य लिई गरिने कुलश-कर्मलाई (विवट्टनिस्सित) संसारसग असम्बन्धित् कुशल-कर्म भनिन्छ । विवट्टनिस्सित कुशल-कर्मलाई फेरि (१)पारमीपक्खियो (पारमी पूर्ण गर्ने) र (२) बोधिपक्खियो (बोधिपाक्षीय-धर्म पूर्ण गर्ने)– यी दुई भागमा विभाजित गरिन्छ ।

(ख) विपाक (उपपत्ति-भव) अर्थात पुनर्जन्मको कारण यो नौ प्रकारमा विभाजित गरिन्छ ।** पहिलो प्रकारका विभा-

---

* पुनर्जन्ममा आधारित ।

** पहिलो तीन भूमि अनुसार
दोस्रो तीन विञ्ञाण अनुसार,
तेस्रो तीन स्कन्ध अनुसार ।

Downloaded from http://www.dhamma.digital

जन अनुसार सबभन्दा नीच जन्म काम-भव (चैतन्य-लोक) मा हुन्छ; अर्को उच्च जन्म रूप-भव (देवलोक) मा हुन्छ; अझ यो भन्दा पनि उच्च जन्म अरूप-भव अरूप-लोकमा हुन्छ; यो भन्दा अझ उच्च जन्म सञ्ञी (चेतन अवस्था), असञ्ञी (अचेतन अवस्था) र नेवसञ्ञी-नासञ्ञी (न चेतन न अचेतन अवस्था), लोकमा हुन्छ। दोस्रो किसिमका विभाजन अनुसार— यी छ भूमिका (श्रेणीका) भव वा जन्मलाई तीन भागमा विभाजित गरिन्छ एकओकार (एक स्कन्ध भएको) चतुओकार (चार स्कन्ध भएको) र पञ्च-ओकार (पाँच स्कन्ध भएको। यहाँ, पाँच ओकारले पाँच स्कन्ध भएको चेतनशील शरीरधारी सत्वलाई जनाउँछ; चार ओकारले चार स्कन्ध भएको सत्वलाई जनाउँछ र एक ओकारले एक मात्र स्कन्ध भएको अचेतन सत्वलाई जनाउँछ ......।

कसरी "उपादानपच्चया भव" (उपादानको प्रत्ययले भव) हुन्छ ?

सांसारिक पुद्गलले चार प्रकारका उपादानलाई सम्यक् मार्ग द्वारा नहटाइएसम्म तिनीहरूका कायिक, वाचिक, मानसिक कर्मद्वारा तिनीहरूलाई चार लोक मध्ये एक लोकमा पुऱ्याइन्छ। तिनीहरूका सबै कर्महरू (क्रिया कलापहरू) एक वा अनेक कारणले इन्द्रिय-तृष्णा, विचार, सीलब्बतपरामास,

Downloaded from http://www.dhamma.digital

अतवाद कै तृष्णातिर अभिमुख भएका हुन्छन् । यसरी तृष्णामा लपेटिएर गरिएका कर्मद्वारा मृत्यु पश्चात् कुनै रूपमा पुनर्जन्म हुन्छ, स्कन्धको प्रादुर्भाव हुन्छ ।

## (११) जाति (जन्म)—

जातिको अर्थ हो, सत्वको परम्परा कायम गर्नु, सङ्खारको वृद्धि गर्नु, अर्थात् उपर्युक्त उल्लेखित् नौ प्रकारका उपपत्ति भवमा चैतन्य देह-धारी सत्व, पुद्गलको रूपमा देखा पर्नु । यो चेतनशील प्राणो चार प्रकारमा विभाजित गरिन्छ— (१) अण्डज, (फुलबाट जन्मिने), (२) जलाबुज गर्भ धारण गर्ने), (३) संसेदज शीत-उष्णताको कारणबाट उत्पन्न हुने । र ओपपातिक (विना माता-पिता त्यसै उत्पन्न हुने) । छ काम-भूमिका सबै देवहरू र सबै नारकीय सत्वहरू ओपपातिक सत्वमा गनिन्छन् । विवट्ट-कल्प (?) मा मानिस त्यसै उत्पन्न हुन्छ, र त्यस्तै प्रकारले जनावरहरू, भूतहरू र भूमिस्थ-देवताहरू पनि। पछि हुँदा हुँदै मानिस जलाबुज (गर्भबाट), अण्डज (फुलबाट), र संसेदज (शीत-उष्णता) बाट पनि उत्पन्न हुन्छ ।* यही क्रम साधारण प्राणीमा पनि घट्दछ । सबै शरीर-धारी-अधारी (दृश्य-अदृश्य) ब्रह्माहरू ओपपातिक प्राणी हुन् ।

* विकसित अवस्था पार हुँदै जाँदा ।

Downloaded from http://www.dhamma.digital

कसरी "भवपच्चया जाति" (भवको प्रत्ययले जाति) हुन्छ ? यसरी- जीवनमा गरिएका कर्मले भावी जीवनको ढाँचा तयार पार्दछ र त्यस ढाँचाबाट जीवनको गति निर्धारित गर्दछ ।

## (१२) जरा-मरण (वृद्धत्व र मृत्यु)—

(क) **जरा**- माथि उल्लेखित् नौ प्रकारका जन्म लिइएमा जरा पनि नौ प्रकारका हुन्छन् । तर यसलाई नाम-जरा र रूप-जरा दुइ प्रकारमा पनि विभक्त गर्न सकिन्छ । यी दुइ प्रकारका जरा मध्ये प्रत्येकलाई खणिक र अपाकतमा विभेद गरिन्छ र त्यसलाई फेरि सन्तति पाकतमा विभक्त गरिन्छ । 'पाकतबाट अपाकतको अनुमान गर्न सकिन्छ' भनी थाहा पाउनु पर्दछ । कारण खणिक परिवर्तन भएन भने स्थित रहे झैं हुन्छ, समयावधि अरू नबढाइएमा अपरिवर्तन रहन्छ ।

नाम-जरा कसरी लम्बिन्छ र कसरी यसको परिवर्तन स्पष्ट देखा पर्दछ ? शरीरमा हुने सुख-दुःखको अनुभूतिबाट; मनमा हुने आनन्द र हैरानीको अनुभूतिबाट; रूप, शब्द, आदि इन्द्रिय-ज्ञानबाट; ठूल-ठूला कार्यद्वारा मनमा कुरा खेल्ने र विवादपूर्ण कल्पना आदिबाट अथवा रूप-सञ्चेतना, सद्-सञ्चेतना, आदि स्पष्ट देखा पर्दछ । विञ्ञाणको पुरानो धारा अल्पिन गई

Downloaded from http://www.dhamma.digital

नयाँ धारा देखा पर्नेलाई "सङ्कमति" संक्रमण हुने भनिन्छ। 'उत्पति नभइकन परिहानि हुँदैन' यसको अतिरिक्त 'मन द्रुत गतिमा परिवर्तन हुन्छ' भनी थाहा पाउनु पर्दछ। तथागत भन्नु हुन्छ– "भिक्षुहरू, मन जस्तो छिटो परिवर्तन हुने अरू कुनै चीज म देख्दिन। फेरि मन जस्तो छिटो परिबर्तन हुने वस्तुसंग तुलना गर्ने चीज पाउनु पनि सजिलो छैन।* "द्रुत गतिमा परिवर्तन हुने" भन्ने कुरालाई स्पष्ट वर्णन गरिएमा विञ्ञाणको धारा बग्दै जानु हो। यसरी द्रुतगतिमा परिवर्तन हुने मनको स्वभाव थाहा भएपछि यसको जरा, मरण थाहा पाउन पनि समर्थं हुनेछौं।

लगातार रूप-परिबर्तन हुने कुरा कसरी स्पष्ट हुन्छ ? यो कुरा शरीरको चालबाट स्पष्ट हुन्छ। उदाहरण लिइएमा: हिड्दा पहिलो पाइला सारिसके पछि अर्को पाइला सारिन्छ; यस्तै प्रकारले दिन, रात, पक्ष, महिना, ऋतु र महाकल्प प्राकृतिक परिवर्तनबाट हुने कुरा स्पष्ट हुन्छ।

(ख) मरण– नौ प्रकारका भव-गति अनुसार यो पनि नौ प्रकारमा विभाजित गरिन्छ। फेरि मरणलाई यी चार भागमा विभक्त गरिन्छ– (१) आयु सिद्धिनाले (आयुक्खयेन)

* संयुत्त-निकाय, ii, 95.

Downloaded from http://www.dhamma.digital

मरण हुने, (२) कर्मको अन्त हुनाले (कम्मक्खयेन) मरण हुने, (३) आयु तथा कर्म- यी दुबै अन्त हुनाले (उभयक्खयेन) मरण हुने, अकाल (उपच्छेदककम्म ले) मरण हुने ।

अकाल मरण यात पूर्व-कर्मका कारणले अथवा वर्तमान कर्मको कारणले यात कर्म विपाकको प्रचूरताको कारणले हुन सक्तछ ।

'जाति, जरा, मरण -- यी तीन प्रतीत्य-समुत्पादमा किन समावेश गरिएको ?' भनी प्रश्न गर्न सकिन्छ । यी त्रि-लक्षणका संयोग स्वरूप हुन् । त्यसो भए तो केही मात्र महत्व भएकोले केही मात्र फल निस्कन्छ होइन त ? अहँ, हामी यसो भन्दैनौं । जीवनको सम्पूर्ण घटना चक्र मध्ये यी तीनको सबभन्दा बढी महत्व छ र फल पनि साह्रै ठूलो छ । यी कुराहरू बुझ्न बुद्धहरूको आविर्भावको आवश्यकता पर्दछ । भगवान बुद्धको शब्दमा: -"यी तीन कारण नभएको भए बुद्ध उत्पन्न नभए पनि हुन्थ्यो" । अतएव यो कुरो बुझ्नु पर्दछ कि जाति, जरा, मरणलाई साक्षात्कार गर्नको लागि भगवान बुद्धको उपदेश र ज्ञानको आवश्यकता भएको हो ।

भगवान बुद्धले भन्नु भएको छ- "तपस्वी र ब्राह्मणहरूलाई जरा-मरणको कार्य-कारण (प्रतीत्यसमुत्पाद) थाहा

Downloaded from http://www.dhamma.digital

नहुने हुनाले जरा र मरणको क्रम के हो भन्ने कुरा पनि थाहा हुँदैन । सदा त्यस्तै रहने जरा-मरणबाट तिनीहरूलाई मुक्त हुन सम्भव छैन ।*

यसरी कार्य-कारण (पटिच्चसमुत्पाद) वा (धम्म-नियाम) का सबै सिद्धान्त– जाति, जरा, मरणका मूल कारणलाई बुझ्ने, साक्षात्कार गर्ने हाम्रो सम्पूर्ण लक्ष्य स्पष्ट हुन्छ । विपश्यना ज्ञानद्वारा प्रतीत्यसमुत्पादलाई थाहा पाइसकेका आर्य-पुद्गल (अपर-पच्चय) लाई प्रत्यक्ष ज्ञात हुन्छ– "अविद्याका कारणले कर्म बन्दछ, कर्म भएकोले पुनर्जन्म- विञ्ञाण हुन्छ; ..... जाति भएकोले जरा मरण हुन्छ । अविद्या नभएमा कर्म हुँदैन; कर्म नभएमा पुनर्जन्म विञ्ञाण हुँदैन; ......जन्म नभए जरा-मरण हुँदैन ।"

अन्तमा आर्यहरूले प्रज्ञाद्वारा भेदन गर्ने यस प्रतीत्य-समुत्पाद, यस धर्म-नियाम हाम्रो सिद्धान्तका मूल आधार हुन् । यो "निर्वाणको द्वार" मा पुऱ्याइ दिने धर्म हो । अर्थात्, यस मार्गले सत्काय-दृष्टि, आत्मवाद, सबै प्रकारका सिद्धान्त र विविध प्रकारका तृष्णालाई जरै देखि उखेली दिन्छ ।

★

## नियाम दीपनी समाप्त

* संयुत्त निकाय, ii 46.

Downloaded from http://www.dhamma.digital

# धम्म-नियामको टिका

तथागतहरूको लक्ष अनुसार व्याख्या गरिएका पाँच नियाम-धर्मलाई पहिले वर्णन गरिन्छ। मनुष्य-लोक र देव-लोकमा (१) इस्सर-कुत्त र (२) ब्रह्म-कुत्त नामक दुई धारणा रहेका हुन्छन्। 'तीन लोकका शासक सृष्टिकर्ता सदा स्वर्गमा रही सबै चीज-वस्तु सृष्टि गरिएको हुन्छ' भन्ने कसै कसैको विश्वास हुन्छ– यस्तो धारणालाई इस्सर-कुत्त भनिन्छ। यसलाई इस्सर-निम्मान (ईश्वर वा परमेश्वरको निर्माण) पनि भनिन्छ। 'ब्रह्मा जो सबै सत्वका बाजे, बाजेका बाजे हुन्; उनी सदा स्वर्गमा रहन्छन्; उनले सम्पूर्ण चीज-वस्तुको निर्माण गर्दछन्; उनी तीन लोकका शासक हुन्' भन्ने कसै कसैको विश्वास हुन्छ– यस्तो धारणालाई ब्रह्म-कुत्त (ब्रह्माद्वारा सृष्टि गरिएको) भनिन्छ। यहाँ ईश्वर भन्नु र ब्रह्मा भन्नुमा केवल शब्दको भिन्नता मात्र देखिएको छ। ईश्वर र सृष्टिकर्ताको अर्थ एक हुन्। यी दुई मध्ये 'ब्रह्मा' शब्द ब्राह्मण र हिन्दुहरू-द्वारा सत्वहरूमा श्रेष्ठ सत्व भनी नियुक्त गरिएको नाउँ हो, र चक्रवाल (ब्रह्माण्ड) को सृष्टि भएदेखि नै मनुष्य-लोक, देव-लोक, र ब्रह्म-लोक– तीन लोकमा यो धारणा रहन गएको हो। इस्सर (ईश्वर) शब्द सार्वजनिक शब्द होइन। केवल संसार-सृष्टिको ज्ञान नभएको र भव-जन्मको मूल हेतु थाहा नभएकाहरूले कल्पनाको आधारमा दिइएको नाउँ हो.... यो

Downloaded from http://www.dhamma.digital

दुई अन्तर्निहित धारणालाई एकातिर पन्छाई तथागतहरूले पाँच नियाम-धर्मलाई वर्णन गर्नु भएका छन् ।

पाँच नियाम-धर्म निम्न अनुसार हुन्–

(१) उतु-नियाम,

(२) बीज-नियाम,

(३) कम्म-नियाम,

(४) चित्त-नियाम र

(५) धम्म-नियाम ।

यी पाँच मध्ये "धम्म" क्रमानुसार सबभन्दा पछि परेकोलाई सबभन्दा अधि वर्णन गरिन्छ । निदानवग्ग-संयुत्त, आहार-वग्ग, दस-सुत्त (x) पृष्ठ १६२ मा भनिए अनुसार:

"जातिपच्चया, भिक्खवे ! जरामरणं । उप्पाद वा तथागत अनुप्पाद वा तथागतं, थिता वा सा धातु, धम्मत्थितता, धम्म-नियामता, इद-पच्चयता । भवपच्चया भिक्खवे ! जाति । उत्पाद वा तथागतं... ...पे ...... इद-पच्चयता .. ... पे । अविज्जापच्चया, भिक्खवे ! सङ्खारा । उप्पाद वा तथागतं ...... पे ...... इद पच्चयता । अंग्र वुच्चति पटिच्चसमुप्पादो ।"१

१ "भिक्षुहरू, प्रतीत्यसमुत्पाद के हो ? जातिको कारणबाट

Downloaded from http://www.dhamma.digital

जरा र मरण हुन्छ ।"

"भिक्षुहरू, तथागत उत्पन्न भए पनि, उत्पन्न नभए पनि, यस धम्म-नियामता रहन्छ; यस कार्य-कारणको आपसी सम्बन्धको स्थिरता रहन्छ ।" तथागतले बुद्धत्व लाभ गर्नु भएको, सर्वज्ञत्व लाभ गर्नु भएको कुरा लिइएमा: बुद्धत्वका परिपूर्णता, सर्वज्ञत्वको परिपूर्णता भइसकेपछि उहाँले घोषणा गर्नु हुँदै उपदेश गर्नु हुन्छ, विस्तार गर्नु हुन्छ, विभाजन गर्नु हुन्छ, खोलेर देखाइदिनु हुन्छ र भन्नु हुन्छ–

"हेर, जाति हुनाले जरा-मरण हुन्छ;
भव हुनाले जाति हुन्छ:
उपादान हुनाले भव हुन्छ:
तृष्णा हुनाले उपादान हुन्छ:
वेदना हुनाले तृष्णा हुन्छ;
स्पर्श हुनाले वेदना हुन्छ;
छ आयतन हुनाले स्पर्श हुन्छ:
नाम-रूप हुनाले छ आयतन हुन्छ;
विज्ञान हुनाले नामरूप हुन्छ;
संस्कार हुनाले विज्ञान हुन्छ;
अविद्या हुनाले संस्कार हुन्छ ।"

Downloaded from http://www.dhamma.digital

"भिक्षुहरू, तथागत उत्पन्न भए पनि, उत्पन्न नभए पनि यस स्वभाव-धर्म रहन्छ; यस कार्य-कारणको नियम स्थापना हुन्छ, यस कार्य-कारणको आपसी-नियमको स्थिरता रहन्छ। तथागतले बुद्धत्व प्राप्त गर्नु भएको कुरा लिइएमा: बुद्धत्वको परिपूर्णता, सर्वज्ञत्वको परिपूर्णता भइसकेपछि उहाँले घोषणा गर्नु हुन्छ; प्रकाशित पार्नु हुन्छ; स्थापित गर्नु हुन्छ; विस्तार गर्नु हुन्छ; विभाजन गर्नु हुन्छ; खोलेर देखाइदिन्छ र भन्नु हुन्छ– "हेर, जाति हुनाले जरा-मरण हुन्छ। भिक्षुहरू, यसलाई प्रतीत्यसमुत्पाद भनिन्छ।" यस पुस्तकमा प्रकृति-स्वभाव, (सभावे-धम्म) स्वभाव-धर्म "अविज्जा", आदि शब्दबाट प्रारम्भ गरी दर्शाइन्छ। अनि पछि 'नियाम' को अर्थ "उप्पाद वा तथागतं", आदि वाक्यद्वारा स्पष्ट पारिन्छ। यस कारण "धम्म" शब्दले एक अर्कोमा आधारित कार्य-कारणसंग सम्बन्धित् भएको कुरा दर्शाउँदछ; किनभने एक धर्म उत्पन्न हुने बित्तिकै त्यसको सत्तामा अर्को धर्म उत्पन्न हुनको लागि पालो लिइसकेको हुन्छ। त्यसैले जुनसुकै धर्म पनि कार्य-कारण दुबै हुन सक्छ। र "नियाम" शब्दले कार्य-कारणको क्रमको स्थिरता दर्शाउँदछ। "थिता वा सा धातु, धम्मत्थितता, धम्मनियामता इदप्पच्चयता।" यस पालि वाक्यले यही अर्थ जनाउँदछ। वास्तवमा, अविज्जा, आदि धातु-स्वभावको क्रमले हेतु-फलको क्रम, हेतु-फलको आपसी सम्बन्धको स्थिरता र पुद्गल-स्वभावको

Downloaded from http://www.dhamma.digital

हेतु-सम्बन्ध यस लोकमा सदा रहन्छ। यस पुस्तकमा रहेको "धम्म-नियामता" को अनुरूप "धम्मता" हो र "धम्म-नियामता" भन्नु "धम्म-नियामो" हो। माउँ स्वी गाइँ र ऊ ञाणद्वारा उद्धृत गर्नु भएका "धम्म-नियाम" को अर्थ यही हुन आउँछ।

यमकको दशौं ग्रन्थ (परिच्छेद) को शुरूआत्मा पदसोधननयमा व्याख्या गरिए झैं यहाँ पनि पाँच प्रकारका नियामको वर्णन गर्नु भन्दा पहिले त्यही तरिका अपनाउन राम्रो देखिन्छ। "धम्म-नियाम" को परिभाषामा "धम्म" ले सबै नाम र रूपलाई जनाउँदछ। त्यसकारण बीज, कम्म र चित्त सबै 'धम्म' हुन् र यी ती सबैमा निहित हुन्छन्। "उतु" का दुइ नाउँ छन्- (१) "धम्म", साधारण वा सामान्य नाउँ र (२) "उतु" खास वा विशेष नाउँ। यस्तै किसिमले बीज, कम्म र चित्त प्रत्येकका दुइ नाउँ छन्। तर नियामको व्याख्यामा सामान्य नाउँ पहिलो चारलाई बाँकी रहेका अरूसंग नाम-रूप अलग्याउन र विशेषता दर्शाउनको लागि विशेष नाउँमा प्रयोग गरिन्छ। नाम-रूपलाई साधारण नाउँ "धम्म" मा प्रयोग गरिन्छ। यस कारणले गर्दा "धम्म-नियाम" को सम्पूर्ण वर्णन नगरिकन यसलाई सीमित सीमा भित्र राखी पहिलो चारमा समावेश नभएका कुरा मात्र वर्णन गरिन्छ। "उतु" लाई नियाममा लिइँदा वास्तवमा "उतु" 'धम्म' भए पनि यसलाई 'धम्म-नियाम' भन्न

Downloaded from http://www.dhamma.digital

मिल्दैन । बरु यस उतुलाई विशेष नाउँ नै सुहाउने हुनाले 'उतु-नियाम' भन्नु नै उचित हुन्छ । यही नियम बीज, कम्म र चित्त नियाममा पनि लागू हुन्छ ।

उदाहरण लिइएमा: जहाजको बोर्डमा काम गर्ने कामदारहरू पाँच तहका हुन्छन्– क्यापटेन, इन्जिनियर, पाइलट, अफिसर र चालकहरू (माझीहरू) । अब, जहाजका मालिकले चालकहरूको काममा साह्रै खुशी भएर तिनीहरूलाई लाभाँश (BONUS) दिने इच्छाले एक जना मानिसलाई रूपियाँ दिई फलानो, फलानोलाई यति यति दिनु भनी पठाउँदछ । रूपियाँ बाँडेर दिदा क्यापटेन र अरू तीनले भाग पाउँदैनन् । चालक-दल नामक सामान्य नाउँले एउटै बोर्डमा काम गर्ने भएता पनि क्यापटेन र अरू तीनले ती लाभांश पाउँदैनन् । किनभने क्यापटेन, इन्जनीयर, पाइलट र अफिसर भन्ने विशेष नाउँबाट तिनीहरूले पहिल्यै विशेष उपहार पाइसकेका हुन्छन् । यहाँ पनि यसरी नै बुझनु पर्दछ । पदसोधननयको लागि यत्ति नै पर्याप्त छ ।

विशेष गरी छ प्रकारका आरम्मणमा धम्मारम्मण सबभन्दा पछि आउँदछ । यस्तै किसिमले बाह्र आयतनमा धम्मायतन र अठार धातुमा धम्मधातु क्रमश: सबैभन्दा पछि पर्दछ । पाँच प्रकारका नियाममा झैं यहाँ पनि यस्तै किसिमले प्रत्य-

Downloaded from http://www.dhamma.digital

कको पदसोधननय (शब्द-विवरण) बुझ्नु पर्दछ । पदसोधननय राम्रासग ज्ञात गराउने हेतुले यमक ग्रन्थबाट केही हरफहरू यहाँ उद्धृत् गरिन्छ–

"धम्मो धम्मायतनं? ति। धम्मायतनं थपेत्वा, अवसेसो धम्मो धम्मो, न धम्मायतनं; धम्मायतनं धम्मो च एव धम्मा-यतनं च। धम्मायतनं धम्मो? ति। आमन्ता!" आयतन यमक।

"धम्मो धम्मो-धातु? ति। धम्म-धातुं थपेत्वा, अवसेसो धम्मो धम्मो, अयं धम्म-धातु; धम्मधातु धम्मो 'च' एव धम्म-धातु च। धम्म-धातु धम्मो? ति। आमन्ता" धातु-यमक

"के धम्मो धम्मायतन हो?" धम्मायतन बाहेक बाँकी रहेका धम्मो धम्मो हो, र धम्मायतनं होइन; बरू धम्मायतनं दुबै धम्मो र धम्मायतनं हुन्। "के धम्मा-यतनं धम्मो हो?" हो। के धम्मो धम्म-धातु हो? धम्म-धातु बाहेक बाँकी रहेका धम्मो धम्मो हो, र धम्म-धातु होइन, बरू धम्म-धातु दुबै धम्मो र धम्मो-धातु हुन्। "के धम्म-धातु धम्मो हो?" हो।

अब म आलोचनात्मक व्याख्याको निमित्त पर्याप्त भएको महसूस गरी ऊ ञ्आणलाई लेखेकी श्रीमती रीच देवि-ड्स् [MRS. RHYS DAVIDS] को चिट्ठीका केही लाइन उद्धृत गर्दछु– "पाश्चात्य देशका मानिसहरूको मनमा

Downloaded from http://www.dhamma.digital

उत्पन्न हुने विचार अनुसार एकको प्रकारान्तर अर्कोमा मिली ती सबै एउटैमा निहित हुन्छन् । यसले सही विभाजनको तरिकामा ठूलो धक्का पुर्याउँदछ ।"

उहाँको राम्रो सूझाव अनुसार– १ देखि ४ सम्मको नियाम-धर्ममा यो नगाभिएमा यसलाई सेस-नियाममा लिनु पर्दछ । तैपनि यसलाई धम्म-नियाम भन्न सकिन्न....र पाँचौंलाई सेस अथवा पकिण्णक-नियाम भनी यसरी भन्न सक्छौं–

पाँचौं नियामलाई सेस-नियाममा लिइएमा अरू उपर्युक्त चार नियाममा यो गाभिन्दैन । तर यसलाई पकिण्णक-नियाम भनिएमा: यो उपर्युक्त चार नियाममा नमिल्ने मात्र होइन बरू यसमा बुद्ध-नियाम, आदि अरू विभिन्न नियामहरू मिल्न जाने सम्भावना हुन्छ । विशेष गरी बौद्ध-दर्शनया "धम्म" शब्दको अर्थ साह्रै महत्व र व्यापक छ । कसरी ? "धम्म" शब्दको क्रिया-कलापले इस्सर-कुत्त दिट्ठि, ब्रह्म-कुत्त दिट्ठि, सक्काय–दिट्ठि, आदि सबै मिथ्या विचारहरूलाई नष्ट गरी जरैदेखि उखेल्दछ । अभिधर्मका सात ग्रन्थहरू सबै नै "धम्म" को अर्थ प्रष्टयाइँ गर्ने उद्देश्य राख्दछ । खास गरी, इस्सर-कुत्त र ब्रह्म-कुत्तको मिथ्या धारणालाई हटाउनको निमित्त नै तथागतहरूले पाँच प्रकारका नियामको व्याख्या गर्नु भएका हुन् । यो धारणा कसरी हट्दछ भन्ने कुरा पछि गएर स्पष्टसंग दर्शाइएको छ ।

Downloaded from http://www.dhamma.digital

यहाँ महाब्रह्मा अथवा सर्वोच्च शासक (ईश्वर) को शक्ति र धम्म-नियामको भिन्नता दर्शाइन्छ । महाब्रह्माले हजारौं हजार लोक-चक्रमा आफ्नो प्रभापूर्ण सुन्दरताले व्याप्त पार्न सक्तछ । ती लोकहरूमा उसले सबै कुरा देख्न सक्तछ । आवाज सुन्न सक्तछ, उनको इच्छा अनुसार जान-आउन सक्तछ र मनुष्य र देवताका मनका कुरा जान्दछ । सृष्टि गर्ने र रूप बदल्ने उनको अलौकिक ऋद्धि अनुसार आफ्नो शरीर वा अरू बाह्य वस्तु एकबाट अनेक गर्न र रूपाकारमा परिणत गर्न सक्तछ । ती सबै दृश्य छाँया स्वरूप वा प्रदर्शन मात्र हुन् । उनले आफ्नो ऋद्धि खिचेर लिने बित्तिकै निश्चय नै ती सबै गायब हुन्छन् । साँचै भन्ने हो भने उनको अलौकिक ऋद्धि शक्ति खिचेर लिए पनि न अलिने कुनै एक साँचिकै प्राणी वा वस्तुको त के कुरा, एउटा जुम्रा वा लिखासम्म पनि सृष्टि गर्न सक्तैन । उनको इच्छानुसार बघैंचा, वृक्षहरू सृष्टि गरी दर्शाउँदा उनको सृष्टि र प्रदर्शन अस्थायी, असार, असत्य, कृत्रिम र काल्पनिक स्वरूप मात्र हुन्छ । साँचिकै वृक्ष त के कुरा, घाँसको एक पत्ता पनि उनले कहिल्यै सृष्टि गर्न सक्तैन । किनभने धम्म (स्वभाव) को उत्पत्ति, प्राण-धारी प्राणीको अस्तित्व, वृक्ष-बिरूवाको वृद्धि अलौकिक सृष्टि वा शक्तिको क्षेत्र-भित्र रहने होइन बल्कि धम्म-नियाम, कम्म-नियाम, बीज-नियाम, आदि नियाम-धर्ममा आधारित रहन्छन् । ऋद्धिले सृष्टि गरिएका चीज ऋद्धि रहुँ-

Downloaded from http://www.dhamma.digital

उजेल सम्म मात्र रहन्छ; ऋद्धि खिचेर लिने व्रित्तिकै ती वस्तु तुरन्त अलिपन्छन्। गर्मी, वर्षाद् र ठण्डी ऋद्धिको परिवर्तन उतु-नियामको प्राकृतिक नियमबाट हुन्छ; ऋद्धिबाट हुने होइन। धम्म-नियामको कुरा लिइएमा: महाब्रह्माले चाहेमा खण्डमा हजारौं मानिसको वर्तमान जीवनलाई स्वर्गमा पुऱ्याउन सक्छन्, तर उनले तिनीहरूलाई त्यहाँ वृद्धत्व र मृत्युमा पुऱ्याउन सक्तैन; न तिनीहरू मृत्यु हुन लाग्दा त्यसबाट बचाउन नै सक्तछ; न खस्न लागेको अथवा दुर्गतिमा पतन हुन लागेकोलाई रोक्न नै सक्तछ। किन भने पुद्गलको सम्बन्धमा नाम-रूप स्कन्ध जाति जरा, मरण नामक धम्म-नियाममा आधारित रहन्छ। मानिस वा अरू कुनै प्राणीको मृत्यु पश्चात् उनले (ब्रह्माले) तिनीहरूलाई स्वर्गमा जन्म लिन लगाउन सक्तैन। किनभने मृत्यु पश्चात् नयाँ भूमिमा नयाँ जन्म लिने कार्य ऋद्धिको क्षेत्र भित्र पर्दैन। बरू यो कम्म-नियामको क्षेत्र भित्र पर्दछ। यस संसारमा कुखुरा, आदि मारेर खाने गर्नेहरू र सँधै मादक पदार्थ पिउनेहरूका चर्चमा सधै प्रार्थना गर्ने सेवकहरू भएता पनि मृत्यु पश्चात् तिनीहरू दुर्गतिमा पर्दछ। महाब्रह्मा वा ईश्वरले तिनीहरूलाई कुनै प्रकारबाट पनि वचाउन सक्तैन। किनभने यो कम्म-नियामको क्षेत्र भित्र पर्दछ; ऋद्धिको क्षेत्र भित्र होइन। अर्को तिर जसले इस्सर-कुत्त र ब्रह्म-कुत्तको धारणामा विश्वास गर्दैन र

Downloaded from http://www.dhamma.digital

जसले कर्म-नियाममा ठूलो विश्वास राख्दछ, र जो अकुशल कार्यबाट अलग्ग रही सदा कुशल कर्ममा लाग्दछ; मृत्यु पश्चात् ऊ उच्च देव र ब्रह्म-लोकमा उत्पन्न हुन्छ । र महाब्रह्माले उसलाई केही गरे पनि स्वर्ग लोकमा आउनबाट बञ्चित गर्न सक्तैन । किनभने कम्म-नियामलाई ऋद्धिको प्रभावले कहिल्यै केही गर्न सक्तैन । अरूको त के कुरा, महाब्रह्मा आफैं पनि नियाम-धर्ममा रहनु पर्ने हुनाले ती धर्मका पञ्जाबाट ऊ आफैं पनि उम्कन र बच्न नसकिने हुन्छ । ऋद्धि र नियामको प्रभावकारिताको सन्दर्भमा यतिको भिन्नता छ ।

अब इस्सर-कुत्त र ब्रह्म-कुत्तका धारणालाई कसरी खण्डन गर्नें भन्ने कुरा दर्शाइन्छ । कोही मानिसहरूले 'भूत कालमा अनेक चक्रवालहरू थिए, भविष्यमा पनि अनन्त चक्रवालहरू हुने छन्' भनी विश्वास नगरीकन केवल 'यही एक मात्र चक्रवाल हुन्' भनी ठान्दछन् । तर तिनीहरूले 'यस संसारका आदि अन्त दुबै हुन्छ' भनेर चाहिं विश्वास गर्दछन् । अनि यसको आरम्भको मूल-कारण खोजी गर्दा तिनीहरू निश्चय नै विफल हुन्छन् । खास गरी घर-महलहरू, ती निर्माण कर्ता-कालिगढहरू माथि दृष्टि लगाउँदा यस संसारलाई बनाउने कोही कर्ता हुनु पर्छ; त्यो नै सृष्टिकर्ता वा परमेश्वर वा महाब्रह्मा वा ईश्वर हुनु पर्दछ भनेर तिनीहरू निष्कर्षमा

Downloaded from http://www.dhamma.digital

पुग्दछन् । अर्कोतिर बुद्ध-धर्मले 'भूतकालमा अनेक चक्रवालहरू थिए र भविष्यमा पनि अनेक चक्रवालहरू हुनेछन्' भनि सिकाउँदछ । यसले यो पनि सिकाउँदछ कि यस संसारको आदि पनि छ; अन्त पनि छ र साथै प्रत्येक चक्रवाल बन्न र बिग्रन यसका अनेक कारणहरू छन, जसलाई धम्म-नियाम भनिन्छ । यो धम्म-नियाम सदा रही रहन्छ र कल्पानकल्पसम्म चलि नै रहन्छ । अतएव बौद्धहरूले इस्सर-कुत्त र ब्रह्म-कुत्तमा विश्वास गर्दैनन् । यी दुइ धारणालाई यति प्रमाण नै पर्याप्त छ । मेरो व्याख्यामा पनि यति नै पर्याप्त हुनेछ ।

पाँच नियाम मध्ये धम्म-नियाम सबै भन्दा महत्वपूर्ण छ । दीघ-निकायको चक्कवत्ति-सुत्त र अगञ्ञ-सुत्त धम्म-नियामको पृष्ठ-भूमि हुन् । ती सूत्रमा आयू-कल्पको नियाम पाउँदछौं, अर्थात् धम्म-नियाम नामक माझा नाउँमा कुसल-धम्म, अकुसल-धम्मका कारणले अविछिन्न रूपले मानिसको आयु-कल्प क्रमशः दश वर्षदेखि असंख्य सम्म बढ्ने र असंख्यदेखि दश वर्षसम्म घट्ने कुरा स्पष्टसंग वर्णन गरिएको छ । ती सूत्रहरूका अतिरिक्त पालि पिटकका अनेक स्थानमा यस किसिमका नियामका कुरा पाउन सकिनेछ । अभिधम्म पिटकका धम्म-हृदय-विभङ्गमा र अंगुत्तर-निकायको अट्ठक-निपातको उपोसथ-सुत्तमा छ देवभूमि र बीस ब्रह्मभूमि र तिनीहरूका निश्चित आयु-कल्प वर्णन गरि-

Downloaded from http://www.dhamma.digital

एका छन् । यो पनि एक प्रकारको धम्म-नियाम हो, जुन अरू धर्ममा कहिल्यैं सुन्न पाउँदैनन् । यदि कसैको इच्छा भएमा यसलाई 'आयु-कल्प-नियाम' भनी विभेद गर्न सकिन्छ अथवा यसलाई कम्म-नियाममा लिइए पनि फरक पर्दैन ।

"अर्थात् बुद्ध-नियाम छैठौंमा पर्नु पर्दछ"– यस सूझाव अनुसार हामीसंग यो कुरा मिल्न आउँछ । यसलाई अलग्ग गरी विशेषता दिइएमा महान आश्चर्यहरू झन स्पष्ट हुनेछ । "जाति-नियाम" लाई छैठौं नियाम भनी मैले पनि मेरो व्याख्या-मा लेखिसकेको छु; जुनकुरा सुत्त-निपात, महावग्गको वासेट्ठ सुत्तमा हामी पाउँदछौं । किनभने यो बीज-नियाम र कम्म-नियामबाट अलग्ग जस्तो देखिन्छ । बुद्ध-नियामको सन्दर्भमा प्रत्येक संसा-रमा बुद्ध देखा पर्ने कुरा भन्न सकिन्न । बुद्ध वा बुद्धहरू देखा पर्ने संसार साह्रै कम छन् । 'बोधिसत्वले बुद्धत्व प्राप्त गरी अन्तिम लक्ष्य, निर्वाण-धातुमा प्रवेश गरी बुद्ध झैं निश्चय नै मुक्ति– प्रदायक हुन्छ' भनी कुनै बुद्धद्वारा नियत-व्याकरण (भविष्य-वाणी) पाएदेखि कल्पान-कल्पसम्म पारमिता-धर्म (बुद्ध-धर्म) पूर्ण गरिरहँदा दश हजार चक्रवालहरू कम्पायमान आदि हुने जस्ता अद्भूत र आश्चर्यजनक अपूर्व घटनाहरूलाई बुद्ध-नियाम भनेर निश्चय गर्नु पर्दछ । सुमेध ऋषिले प्राप्त गरेको दीपंकर बुद्धको "नियत-व्याकरण" (भविष्य-वाणी)

Downloaded from http://www.dhamma.digital

नामक परिच्छेदमा यस्तो अद्‌भूत र आश्चर्ययुक्त अलौकिक घटना "बुद्धवंस" मा उल्लेख गरिएको छ। बोधिसत्वले 'उहाँ-को अन्तिम जन्ममा माताको गर्भमा प्रवेश गर्दा, उहाँले जन्म लिनु हुँदा, महाभिनिष्क्रमण गर्नु हुँदा, बुद्धत्व प्राप्त गर्नु हुँदा, धर्मचक्र प्रवर्तन गर्नु हुँदा, आयु-संस्कार छोड्नु हुँदा र अन्तमा महापरिनिर्वाण प्राप्त गर्नु हुँदाका कुरा' पनि उल्लेख भएका पाइन्छन्। अट्ठकथाचार्यहरूले यी घटनालाई "धम्मता" भनी भनिएका छन्। दीघ-नियामको 'महापदान-सुत्त' मा "धम्मता" नामक एक प्रकारको धम्म-नियामको कुरा उल्लेख भएको पाइन्छ। मज्झिम-निकायमा यसलाई अच्छरिय अभूत धम्म (आ-श्चर्य अभूतपूर्व धर्म) भनी उल्लेख गरिएको कुरा उपरि-पण्णा-सकको तृतीय वर्गको तेस्रो सूत्रमा हेर्नु होस्। अट्ठकथाहरूमा यी अनौठो र अभूतपूर्व कुराहरूलाई धम्म-नियाममा लिइएका छन्।

'बुद्ध-नियाम' लाई प्रधानता दिएमा सावक-नियाम (श्रा-वक-नियाम) लाई पनि उपेक्षा नगरे हुन्छ। यसलाई पनि प्रष्टचाई गर्न आवश्यक हुन आउँदछ। त्यसो भए श्रावक-नियाम के हो त? यो अनमतग्ग संसारको महाकल्पहरूमा गंगाका वालुका प्रमाणले उत्पन्न भइसकेका बुद्धहरूद्वारा उपदेशित गृहस्थ देव र ब्रह्माहरू सहित भिक्षुहरूका विनय-नियम, आदि हुन्।

Downloaded from http://www.dhamma.digital

ह्रामी यो भन्दा अगाडि बढ्नु भन्दा पहिले पृथक्जन-भूमि र पृथक्जन-गतिका कुरा सबभन्दा पहिले दर्शाउँछौं। यी दुइ मध्ये पृथक्जन-भूमि अथवा सांसारिक प्राणीका अवस्था भन्नुको अर्थ हो, सत्काय-दृष्टिको दृढ-धारणाले गर्दा अनन्त अकुशल कर्म गर्न पुगी क्लेशले पूर्ण भई चार अपाय दुर्गतिका द्वार खुला रहनु। 'क्लेशले पूर्ण भई' भन्नुको अर्थ हो, मातृ-घात, पितृ-घात, आदि पञ्च महापाप र तीन प्रकारका नियत-दिट्ठि—नट्ठिक—दिट्ठि (शून्यतावाद), अहेतुक-दिट्ठि (अहेतुवाद) र अक्रिय-दिट्ठि (अनैतिकवाद)। 'अनन्त अकुशल कर्मको अर्थ हुन्— पृथक्जन जहाँ गएपनि सदा पछ्याई रहने भूतकालका उसका अनन्त अकुशल कर्म र प्रत्येक क्षणमा पतन गराउने घेरिएका उसका अनन्त नयाँ अकुशल कर्म। कसरी ? 'मनुष्य हुनु (मनुस्सत्तभावो) दुर्लभ छ' भनी मनमा राखी मानिस भई जन्म लिनु भन्दा पहिले उसले अपाय भूमिमा असंख्य जन्म लिइसकेको कुरा ह्रामीले बुझ्नु पर्दछ। यस्तै क्रिमिमले परिस्थिति अनुरूप दशौं हजार दुःखद् जन्म लिइसकेपछि मात्र देव-सुख प्राप्त हुन्छ र ब्रह्मालाई अपाय-भूमिका अनेक कोटी जन्मले पछ्याइएको हुन्छ। जति जति दुर्गतिमा पर्दछ उति उति नै अकुशल कर्म बढ्दै जान्छ। पुद्गलले कुनै अकुशल कर्मको विपाक भोगिसकेको र कुनै अकुशल कर्मको विपाक उसको आफ्नो समयानुसार भोग्नु पर्ने हुन्छ। पुद्गलले आत्मभाव (सक्काय-दिट्ठि) लिइरहे सम्म उसमा

Downloaded from http://www.dhamma.digital

अनेक अकुशल कर्म उत्पन्न हुनेछ। खासगरी, पुद्गलमा मुठ्ठी-भर वालुवा प्रमाणले कम कुशल-कर्म र गंगाका वालुवा प्रमाणले अनगिन्ति अकुशल कर्महरू हुन्छन्। आत्मभाव (सक्काय-दिट्ठि) भएका पुद्गलमा यस्ता अनन्त अकुशल कर्म निहित हुन्छन्। 'चार अपाय दुर्गतिका द्वार खुला रहनु' को अर्थ के हो? पृथक्जनले मनुष्य हुने भाग्य प्राप्त गरेता पनि आत्मभाव र अनन्त अकुशल कर्मको कारणले गर्दा सँधैं दुखी जीवन बिताउनु पर्ने हुन्छ। साँचै भन्ने हो भने मृत्यु पश्चात् तिनीहरू मध्ये धेरै जसा चार अपाय दुर्गतिमा नै पतन हुन्छन्। देवताहरू र ब्रह्माहरूमा पनि यही नियम लागू हुन्छ। मृत्यु हुँदा तिनीहरू क्रमशः दुःखदायी अवस्थामा पतन हुन्छन्। यी कुरा संयुक्त-निकायको पञ्चम भागको नखसिख-सुत्त मा, महावग्ग-संयुत्तको आमकधञ्ञ पेय्याल मा वर्णन गरिएको छ। अपाय-भूमिमा एक चोटी पतन भएमा उसको निमित्त मनुष्य भूमिमा फेरि जन्म लिन साह्रै दुर्लभ हुन्छ। यी कुरा मज्झिम-निकाय उपरि-पण्णासकको सुञ्ञतवग्गको बाल-पण्डित सुत्तमा पनि वर्णन गरिएको छ। पृथक्जन-गतिको कुरा यति नै पर्याप्त छ।

Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

# मेरो अरू पुस्तकहरू:—

## प्रकाशित :

(१) बुद्ध-वचन (अनु)
(२) नारी प्रति बुद्धका देन
(३) विधुर जातक
(४) मग्गङ्ग-दीपनी (अनु.)
(५) विपश्यना अभ्यास पद्धति (अनु.)
(६) महाचीन यात्रा (अनु.)
(७) बुद्धका प्रथम सन्देश (अनु.)
(८) बोधिपक्खिय-दीपनी (अनु)

## प्रकाशन प्रतिक्षामा :

(१) बुद्ध-धर्म–संघ
(२) जिगु पौ
(३) महायान छगू लघु अध्ययन
(४) उपयोगी विचार धारा
(५) A SHORT ON BUDDHISM IN NEPAL
(६) नियाम-दीपनी (बर्मी अनुवाद)

---

काठमाडौंस्थित रोजन प्रिन्टर्समा मुद्रित । फोन नं. ११९५३

Downloaded from http://www.dhamma.digital